"कृषि, शिक्षा, स्वास्थ्य र रोजगार, EDCOL सेवाका मूल आधार"

# वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (EDCOL)

(वातावरण भवन)

वीरेन्द्रनगर-८, सुर्खेत

## संस्थाको २० औं वार्षिक साधारणसभा समक्ष सञ्चालक समितिको तर्फबाट प्रस्तुत



# वार्षिक प्रतिवेदन, २०७९

(गत आ.व. २०७८/०७९ को यथार्थ, चालु आ.व. २०७९/०८० को संशोधन र आगामी आ.व. २०८०/०८१ को लागि प्रस्तावित बजेट, कार्यक्रम र नीति समेत)

(२०औं वार्षिक साधारणसभाको एकाई बैठकहरुको कार्यतालिका यसभित्र छ)

# वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (EDCOL)

**वातावरण भवन**

**वीरेन्द्रनगर-८, सुर्खेत**

प.स. : ०७९/०८०

च.नं. : ३५८

मिति : २०७९/०७/३०

**विषय : २०औं वार्षिक साधारणसभामा उपस्थित हुने सम्बन्धमा ।**

***श्री आदरणीय शेयर सदस्य ज्यू,***

संस्था सञ्चालक समितिको मिति २०७९ असोज ३० गतेको बैठकको निर्णयानुसार यस संस्थाको **२० औं वार्षिक साधारण सभाको एकाई बैठक सम्बन्धी कार्यक्रमहरु तपसिल** बमोजिमको **मिति र स्थानहरुमा बिहान १०:००** बजेदेखि **नाम दर्ता** र **औपचारिक शुरुवात ११:३० बजेदेखि** हुने भएको हुँदा सो एकाई बैठकहरुमा तपाईंको अनिवार्य र महत्वपूर्ण उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु ।

**एकाई बैठकमा छलफल हुने विषयहरू :**

१) वार्षिक साधारणसभामा उठेका र भएका विषयवस्तुको टिपोट र निर्णय प्रमाणित प्रतिनिधी छनौट ।
२) संस्थाको वार्षिक कार्यक्रम तथा नीति (अनुसूची १ देखि अनुसूची २ सम्मको) माथि छलफल र निर्णय ।
३) संस्थाको वार्षिक बजेट प्रतिवेदन (अनुसूची ३ देखि अनुसूची ४ सम्मको) माथि छलफल र निर्णय ।
४) लेखापरीक्षण प्रतिवेदन माथि छलफल र निर्णय ।
५) आ.व. ०७९/०८० को लागि लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धी निर्णय ।
६) शेयर लाभांस तथा संरक्षित पूँजी फिर्ता कोष वितरण सम्बन्धमा ।
७) एकाई प्रतिनिधिहरुको सभाका लागि प्रतिनिधि छनौट सम्बन्धमा ।
८) विविध (खुल्ला छलफल तथा निर्णय) ।

**साधारण सभाको एकाई बैठक हुने मिति र स्थान तथा सहभागी हुने सदस्यहरुको विवरण :**

| क्र.सं. | एकाई बैठक नं. | एकाई बैठक हुने | | | कैफियत |
|---|---|---|---|---|---|
| | | मिति | स्थान | सहभागी हुने सदस्यहरु | |
| १ | ७ | २०७९ मंसिर १४ | दुल्लु ७, दैलेख | डुंगेश्वर, दुल्लु र चामुण्डा सेवाकेन्द्र अन्तर्गतका सदस्यहरु | |
| २ | ६ | २०७९ मंसिर १८ | गुरांस ८, धरमपोखरा दैलेख | मेहेली धरमपोखरा सेवाकेन्द्र अन्तर्गतका सदस्यहरु | |
| ३ | ५ | २०७९ मंसिर २१ | सिम्ता ६, जामुनेबजार सुर्खेत | राकम र देवस्थल सेवाकेन्द्र अन्तर्गतका सदस्यहरु | |
| ४ | ४ | २०७९ मंसिर २५ | कालिमाटी ३, सल्यान | रामपुर सेवाकेन्द्र अन्तर्गतका सदस्यहरु | |
| ५ | ३ | २०७९ मंसिर २८ | गुर्भाकोट ८, मेहेलकुना सुर्खेत | मेहेलकुना र रामघाट सेवाकेन्द्र अन्तर्गतका सदस्यहरु | |
| ६ | १ | २०७९ पौष ३ | वराहताल ५, वड्डीचौर सुर्खेत | वड्डीचौर र बाबियाचौर सेवाकेन्द्र अन्तर्गतका सदस्यहरु | |
| ७ | २ | २०७९ पौष ६ | संस्था परिसर, वीरेन्द्रनगर ८, सुर्खेत | वीरेन्द्रनगर, यरिचोक र बचत तथा ऋण कार्यक्रम अन्तर्गतका सदस्यहरु | |
| ८ | | २०७९ पौष १३ | संस्था परिसर, वीरेन्द्रनगर ८, सुर्खेत | सबै एकाई बैठकबाट चयन भएका प्रतिनिधिहरु | एकाई प्रतिनिधिहरुको सभा |

**नोट :** १) एकाई बैठकहरुको कार्यक्रम संचालन तालिका सेवाकेन्द्रहरुले तय गरेअनुसार हुनेछ ।

(चन्द्रलाल आचार्य)
अध्यक्ष

# वातावरण सुधार बहुउद्धेश्यीय सहकारी संस्था लि. (EDCOL)

**वातावरण भवन**

**वीरेन्द्रनगर–८, सुर्खेत**

## वार्षिक प्रतिवेदन

**२०७९**

**<u>सम्पादन सल्लाहकार</u>**

श्री कमलराज रेग्मी
श्री कृष्णप्रसाद पौडेल
श्री डम्वरप्रसाद अर्याल
श्री देवकुमार सुवेदी
श्री चन्द्रलाल आचार्य

**<u>बजेट तथा कार्यक्रम मस्यौदा उपसमिति</u>**

| | | |
|---|---|---|
| कोषाध्यक्ष (सं. समिति) | श्री ताराकेशर पौडेल : | **संयोजक** |
| संयोजक (लेखा समिति) | श्री हेमलाल पन्त : | **सदस्य** |
| संयोजक (दुग्धशाला उ.स.) | श्री प्रेमप्रसाद चालिसे : | **सदस्य** |
| संयोजक (शिक्षा ता.उ.स.) | श्री राधाकुमारी ढकाल : | **सदस्य** |
| संयोजक (लघुवित्त उ.स.) | श्री हिरा बुढा मगर : | **सदस्य** |
| संयोजक (महिला बा.उ.स.) | श्री खगिकुमारी बास्तोला : | **सदस्य** |
| वरिष्ठ प्रवन्धक | श्री किरण बस्नेत : | **सदस्य** |
| बचत तथा ऋण का. प्रवन्धक | श्री अम्विका खनाल : | **सदस्य** |
| लघुवित्त कार्यक्रम प्रवन्धक | श्री श्यामलाल न्यौपाने : | **सदस्य** |
| कार्यकारी प्रवन्धक | श्री सुरजप्रसाद आचार्य : | **सदस्य सचिव** |

**<u>सम्पादन सहयोगी</u>**

| | |
|---|---|
| श्री झंकप्रसाद अर्याल | श्री हरिप्रसाद चालिसे |
| श्री सागर खड्का | श्री श्यामलाल कँडेल |
| श्री राजेश अधिकारी | श्री उर्मिला रोकाय |
| श्री सोमप्रसाद थारु | श्री पूर्णबहादुर रोका |
| श्री नारायण भट्टराई | श्री ठुम्राकुमारी गिरी |
| श्री हरिकृष्ण वली | श्री खगेन्द्र पौडेल (ख) |
| श्री कृष्णबहादुर अधिकारी | श्री खगिसरा आचार्य |
| श्री महेशकुमार ढकाल | श्री पारसकुमार खड्का |

**<u>कम्प्यूटर</u>**

श्री देवेन्द्रकुमार सेजुवाल


**<u>प्रकाशक</u>**

**संचालक समिति, EDCOL वीरेन्द्रनगर–८, सुर्खेत**



**<u>सर्वाधिकार</u>**

**प्रकाशकमा सुरक्षित**


**<u>आवरण चित्र</u>**

सहकारीको महत्व झल्किने सहकारीसँग सम्बन्धित प्रतिकात्मक चित्र


**<u>मुद्रण सहयोगी</u>**

**नवदुर्गा छापाखाना (अफसेट प्रेस)**

***वीरेन्द्रनगर–६, सुर्खेत,* फोन नं. ०८३–५२०४२७**


## ~ हार्दिक शुभ-कामना ~

वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. आर्थिक, सामाजिक लगायतका विभिन्नखाले सेवा क्रियाकलापहरु संचालन र व्यवस्थापन गर्दै सदस्य तथा समुदायको मन जित्न सफल कर्णाली प्रदेशकै एक अग्रणी सहकारी संस्था रहेको ब्यहोरा सर्वविदितै छ । यसै परिप्रेक्ष्यमा सदस्य तथा समुदायका आवश्यकता र माग बमोजिमका विभिन्न सेवा क्रियाकलापलाई अझ परिस्कृत किसिमले संचालन गर्दै संस्था अहिले २०औं वार्षिक साधारण सभाको पूर्वसन्ध्यामा आइपुगेको छ । संस्थाको **२०औं वार्षिक साधारण सभा**को यस पावन अवसरमा संस्थाका संस्थापक तथा वातावरण परिसरमा अवस्थित विभिन्न संघ-सस्थाहरूका तर्फबाट हामी सम्पूर्ण शेयर सदस्य, बचतकर्ता, संचालक, कर्मचारीहरू, यस संस्थाका शुभचिन्तक एवं समग्र संस्थाप्रति **हार्दिक बधाई तथा शुभ-कामना** व्यक्त गर्न चाहन्छौं । अहिलेको अवस्थासम्म आईपुग्दा यस संस्था समुदाय र अन्य संघ-सस्थाहरूमाझ स्थापित हुँदै कर्णाली प्रदेशका सुर्खेत, दैलेख, जाजरकोट र सल्यान जिल्लामा प्रभावकारी सेवाका साथ आफ्नो उत्कृष्ट पहिचान स्थापित गर्न सफल भएको छ । संस्थाको यस २०औं वार्षिक साधारण सभाको अवसरमा आगामी दिनमा सहकारी व्यवसायमुखी स्वस्थ, सुन्दर, स्वावलम्बी एवं सहयोगी सहकारी समाज निमार्ण गर्ने संस्थाको परिकल्पनालाई अझ सार्थक बनाउनुको साथै उत्तरोत्तर प्रगति गर्दै जाओस् भन्ने **शुभ-कामना** समेत प्रकट गर्न चाहन्छौं ।

सँधै झैं यस वर्ष पनि संस्थाले आफ्नो वार्षिक साधारण सभाको अवसरमा वार्षिक प्रतिवेदन पुस्तिका प्रकाशन गर्न लागेकोमा हामी अत्यन्त खुशी भएका छौं । आफ्ना गतिविधिहरूको सूचना सम्प्रेषण गर्ने क्रममा प्रतिवेदन मार्फत सु-सूचित गराउने प्रयत्नका निम्ति संस्था सँधै बधाईको पात्र रहँदै आईरहेको छ । शिक्षा, स्वास्थ्य, कृषि, उद्योग व्यवसायका क्षेत्रमा सहकारी सेवा विस्तार गर्नुका साथै मानवीय तथा सामाजिक सेवामा समेत संलग्न भई संस्थाको गरिमालाई अझ माथि उठाउने कार्य अति प्रशंसनीय छ । भूकम्प, बाढीपहिरोको विनासको समयमा होस् वा पछिल्लो चरणमा विशेषगरी Covid–19 ले विश्वको अर्थतन्त्रलाई नै प्रभावित पारेको अवस्थामा होस्, यस संस्थाले उदारताका साथ राहत तथा सहयोगका हात अगाडी बढाएको देखिन्छ । यसरी समुदायस्तरमा संस्था अझ जिम्मेवारीका साथ प्रस्तुत भएकोमा हामी सबैले गर्वको महशुस गरेका पनि छौं ।

अन्तमा, आगामी दिनहरूमा पनि यस्ता कार्यक्रमहरूको प्रभावकारी संचालन र विस्तार एवं निरन्तरता दिँदै थप व्यवसायिक क्षेत्रको खोजी गरी संस्था एवं सदस्यहरुको सीप विकास गर्दै थप परियोजना एवं कार्यक्रमहरू जन्माउँदै सहकारी आन्दोलन एवं सामाजिक सेवामा पनि नेतृत्वदायी भूमिका निर्वाह गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछौं । जय सहकारी ॥

............................
**नेत्रा रेग्मी**
**अध्यक्ष**
वातावरण सुधार समाज
(EDS) परिवार

............................
**कमलराज रेग्मी**
**संस्थापक सल्लाहकार**
EDCOL तथा EDS

............................
**शरद पौड्याल**
**कम्पनी अध्यक्ष**
चिल्ड्रेन्स प्याराडाईज स्कूल प्रा.लि. तथा
सञ्चालक एवं शेयर सदस्य परिवार

............................
**होमलाल भण्डारी**
**भापति**
नेपाल रेडक्रस सोसाईटी उपशाखा
वीरेन्द्रनगर ८, सुर्खेत परिवार

............................
**मीनराज पन्त**
**अध्यक्ष**
तथा
प्रेरणा पुस्तकालय परिवार

## परिकल्पना,ध्येय,लक्ष्य तथा कार्यनीति (VMGS)

**परिकल्पना (Vision)**

सहकारी व्यवसायमुखी स्वस्थ, सुन्दर, स्वावलम्वी एवं सहयोगी सहकारी समाज निमार्ण गर्ने ।

**संस्थाप्रतिको सोच (Thinking About The Organization)**

सहकारिताको मूल्य र मान्यतामा आधारित बहु-व्यवसायात्मक अति उत्तम बहुउद्देश्यीय सहकारी संस्था ।

**ध्येय (Mission)**

आर्थिक विपन्नताका कारण गरिबीकैं कुचक्रमा परेका विपन्न वर्गका महिला, पुरुषहरूलाई सहकारी शिक्षाको कुशल सहजीकरणको माध्यमबाट उनीहरूमा जागरण ल्याउने कार्यक्रमहरु संचालन गरी सहकारी व्यवसाय तथा कृयाकलापमा स्व:स्फुर्त संलग्न भई सामुहिक रूपमा आफ्नो आर्थिक, सामाजिक एवं सांस्कृतिक विकास गर्न सक्षम तुल्याउने ।

**लक्ष्य (Goal)**

आर्थिक विपन्नतामा रुमल्लिएका हुँदा खाने र गरी खाने पिछडिएको वर्ग, समान आर्थिक स्थिति र उद्देश्य भएका महिला र पुरुष सदस्यहरूलाई बहुउद्देश्यीय सहकारी संस्थाको माध्यमबाट सामुहिक रूपमा बचत परिचालन बाट उत्पादन तथा व्यवसायिक ऋण वितरण, उपभोक्ता भण्डार, गुणस्तरीय शिक्षा, स्वास्थ्य, कृषि तथा विभिन्न आयमूलक व्यवसाय सञ्चालन गरी सदस्य तथा लक्षित वर्गहरूमा आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता पूरा गर्न राष्ट्रिय सहकारी आन्दोलनमा सरिक हुने ।

**कार्यनीति (Stratagies)**

१. लक्षित वर्गसम्म सेवा पुऱ्याउनका लागि प्रत्येक वर्ष क्रमिक रूपले कार्यक्षेत्र विस्तार गर्दै खुला सदस्यताको नीति अवलम्वन गर्ने ।
२. सदस्य तथा समुदायको विकासका लागि कृषि, शिक्षा, स्वास्थ्य र रोजगारसँग प्रत्यक्ष सरोकार राख्ने कार्यक्रमहरू विभिन्न समुदायहरुमा सदस्यहरुको आवश्यकता अनुसार सम्पर्क कार्यालय मार्फत सञ्चालन गर्ने ।
३. सदस्यहरूको आवश्यकता र रुचि अनुरूप बचत तथा अन्य सेवाहरू विस्तार गर्नुको साथै गुणस्तरीय तथा सुलभ सेवा प्रदान गर्ने ।
४. सदस्यहरूले गरेको शेयर लगानीमा वार्षिक १५ प्रतिशतसम्म लाभांश वितरण गर्ने ।
५. प्रत्येक आर्थिक वर्षमा निम्नआय भएका विपन्न वर्गहरूलाई संगठित गरी लघुवित्त कार्यक्रम, लघुउद्यम कार्यक्रम तथा पशुपालन व्यवसायका लागि ऋण तथा बचत परिचालनमा प्राथमिकता दिई ततसम्वन्धी क्षमताको अभिवृद्धि गर्दै जाने ।
६. संस्थाले भविष्यमा बैंकिङ्ग सेवा पनि सञ्चालन गर्ने उद्देश्य लिएको र सो उद्देश्य परिपूर्तिका लागि सदस्यहरूलाई आवधिक तथा स्वेच्छिक बचतजस्ता स्वेच्छिक कारोबार खाता खोल्न उत्प्रेरित गर्ने र कारोबार खाताको संख्या क्रमिक रूपले वृद्धि गरि बैंकिङ्ग सेवा सञ्चालन सम्बन्धी अनुभवहरू समेत हाँसिल गर्ने ।
७. संस्थागत कोषका रकमहरूलाई सुरक्षित तथा अधिक आय-आर्जन हुने क्षेत्रमा लगानी गर्ने ।
८. सामाजिक विकास निर्माणका कार्यमा संलग्न रहन सामाजिक विकास कोषको स्थापना गरी परिचालन गर्ने ।
९. संस्थाको मानवीय संसाधन, सदस्यहरुको सीप विकास तथा क्षमता अभिवृद्धिका लागि क्षमता अभिवृद्धि कोष स्थापना गरी उचित व्यवस्थापन र परिचालन गरी सीपयुक्त र दक्ष जनशक्ति तयार पार्दै जाने ।
१०. प्रत्येक वर्ष शेयर सदस्यहरूलाई सहकारी शिक्षाका सन्दर्भ सामाग्री, स्वास्थ्य र सहकारी अवलोकनजस्ता कार्यमा निरन्तर रूपमा संलग्न गराई राख्न प्रत्येक आर्थिक वर्षमा संस्थाको आम्दानीलाई मध्यनजर राखी आर्थिक सहयोग वितरणको व्यवस्था गर्ने ।
११. सामाजिक तथा आर्थिक विपन्नताको वातावरणलाई सन्तुलन राख्न संस्थाको कार्यक्षेत्रभित्र क्रमिक रुपमा गुणस्तरीय सहकारी विद्यालय, सुलभ र भरपर्दो सहकारी औषधालय, सहकारी यातायात, उपभोक्ता भण्डार, रेमीटान्स कार्यक्रम संचालनजस्ता सेवाहरू सदस्यहरूलाई संस्थागत रुपमा प्रदान गर्दै जाने ।
१२. समाजका बेरोजगार युवायुवतीहरूलाई उनीहरूको चाहना र सीपअनुसारको रोजगार प्रदान गर्न जीवनमा आवश्यक पर्ने शिक्षा, स्वास्थ्य, उपभोक्ता भण्डार, साना तथा मझौला उद्योगहरू, कृषि व्यवसाय, होटल, रेष्टुरेन्ट जस्ता व्यवसायहरू सामुहिक रूपमा सञ्चालन गर्न उत्प्रेरित गरी उनीहरुको योजना अनुसार आर्थिक ऋण सहयोग प्रदान गर्दै सामुहिक लगानीको क्षेत्रमा जोड दिदैं जाने ।
१३. सञ्चालकहरूको व्यवसायकीरणमा जोड दिदै संस्थाभित्र असल संस्कृति निर्माणमा जोड दिने ।
१४. समान प्रकृतिका व्यवसाय गर्ने संघ-संस्थाहरूसँग नेटवर्क र सरोकारवालाहरूसँग सम्पर्क समन्वय सुदृढ गर्ने ।
१५. सेवाग्राही सदस्यहरूमा हुने दोहोरोपनाको पहिचान गरी त्यसको अन्त्य गर्न त्यस्तो प्रवृत्तिलाई निरुत्साहित गर्ने ।
१६. सदस्यहरुको आवश्यकता र संस्थाको स्रोत साधनको मध्यनजर गरी संस्थाका नीति नियमहरु समय सापेक्ष परिमार्जित गर्दै जाने ।
१७. सम्पादित तथा संचालित कार्यक्रमहरुको निरिक्षण, अनुगमनलाई प्रभावकारी बनाउँदै उपलब्धीहरुको समिक्षा गरी सदस्य तथा समुदायबाट प्राप्त सुझावहरुको आधारमा सहकारीको मूल सिद्धान्त र आदर्शको जगमा रहेर कार्यक्रमहरु तय गर्दै जाने ।
१८. सदस्य सर्वोच्चताको आधारमा सेवा तथा कार्यहरु सम्पादन गर्ने ।
१९. सदस्य, संचालक तथा कर्मचारीहरुमा सहकारी शिक्षा, संस्थाका गतिविधी एवं नीति नियमहरुका बारेमा पारदर्शी तरिकाले सुसूचित हुन प्रभावकारी संचार प्रणाली सुदृढिकरण गर्दै जाने ।
२०. वर्तमान वित्तीय बजार, मुद्रा स्फीति, संस्थाको लागत तथा संचालन खर्च, आर्थिक अवस्था र सेवाको स्थिति विश्लेषण गरी लिने र दिने ब्याजदर समय सापेक्ष निर्धारण गर्दै जाने ।
२१. संस्थाका सदस्य, संचालक तथा कर्मचारीहरुको मूल्याङ्कनका आधारमा उचित पुरस्कार, सम्मान तथा जरिवानाको व्यवस्था गरी संस्था सुदृढिकरण एवं सुशासन कायम गर्दै जाने ।
२२. सहकारी सम्बन्धी राष्ट्रिय कानुन, नीति नियम र मापदण्ड तथा निर्देशनको पूर्ण रुपमा लागु गर्दै जाने अवस्था सिर्जना गर्ने ।

# विषयसुची


| क्र.सं. | शीर्षक | पेज नं. |
|---|---|---|
| १. | अध्यक्षको भनाई | १ |
| २. | संस्थाका परम्पराहरु | २ |
| ३. | संस्थाका मूल मन्त्रहरु | ३ |
| ४. | संस्थाको वर्तमान संक्षिप्त गतिविधि | ४ |
| ५. | लेखापरिक्षण प्रतिवेदन (आ.व. २०७८/०७९ को) | ८ |
| ६. | कार्यक्रम प्रतिवेदन (सचिवबाट प्रस्तुत कार्यक्रम र संशोधित नीति सहित) | २० |
| ६.१ | अनुसूची १ : २०७८/०७९ को उपलब्धी, चालु आ.व.को संशोधन र आगामी प्रस्तावित कार्यक्रमहरु | २२ |
| ६.२ | अनुसूची २ : नीतिहरुमा थप, परिमार्जन तथा संशोधन २०७९ | २५ |
| ७. | बजेट प्रतिवेदन (कोषाध्यक्षबाट प्रस्तुत गत, चालु संशोधन र आगामी प्रस्तावित बजेट सहित) | २७ |
| ७.१ | अनुसूची ३ : गत आ.व. २०७८/०७९ को स्वीकृत बजेटको आय व्यय उपलब्धी समिक्षा | २९ |
| ७.२ | अनुसूची ४ : चालु आ.व.को संशोधन प्रस्ताव र आ.व. २०८०/०८१ को लागि प्रस्तावित बजेट | ३० |
| ८. | लेखा समितिको प्रतिवेदन २०७८/०७९ | ३२ |
| ९. | ऋण लगानी तथा असुली उपसमितिको प्रतिवेदन २०७८/०७९ | ३५ |
| १०. | शिक्षा तथा तालिम उपसमितिको प्रतिवेदन २०७८/०७९ | ३७ |
| ११. | दुग्धशाला प्रवर्द्धन तथा व्यवस्थापन उपसमितिको प्रतिवेदन २०७८/०७९ | ३८ |
| १२ | महिला, युवा तथा बालबालिका उपसमितिको प्रतिवेदन २०७८/०७९ | ३९ |
| १३ | अनुसूची ५ : संस्थाको स्थापनादेखि हालसम्मको मुख्य कारोबार विवरण | ४० |
| १४. | अनुसूची ६ : आ.व. २०७८/०७९ मा प्रदान गरिएको जी.आ. सुविधाको विवरण | ४१ |
| १५. | अनुसूची ७ : पुरस्कार तथा सम्मान विवरण | ४२ |
| १६. | अनुसूची ८ : संस्थाद्वारा संचालित विद्यालय (चिल्ड्रेन्स प्याराडाईज स्कुल)को संक्षिप्त गतिविधि | ४५ |
| १७. | अनुसूची ९ : व्यवस्थापकीय कर्मचारीहरुको नामावली | ४६ |
| १८. | सफलताका कथाहरु | ४९ |

# अध्यक्षको भनाई



- चन्द्रलाल आचार्य
*अध्यक्ष, EDCOL*

***आदरणीय शेयर सदस्य ज्यूहरु,***

कर्णाली प्रदेशको सामाजिक क्षेत्रमा क्रियाशील एक अग्रणी संस्था वातावरण सुधार समाज (EDS) ले वि.सं. २०५४ मा शुरु गरेको बचत तथा ऋण कार्यक्रमको जगमा यस वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्थाको स्थापना भएको कुरा हामी सबैमा विदितै छ। यस संस्थाको संस्थागत विकास गर्ने क्रममा हामी सहयोगी साथीहरुको सकारात्मक सोच तथा निरन्तरको प्रयत्नले अनेक प्रकारका समस्या र चुनौतीसँग मुकाविला गर्दै सदस्य तथा सामुदायिक सेवालाई केन्द्रमा राख्दै समर्पित भावका साथ सक्रिय रहेका कारण आज संस्थाले आफ्नो उचाई ग्रहण गर्न सफल भएको महशुस भइरहेको छ। समुदाय तथा सदस्यको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका लागि सहकारीका मूल्य र मान्यताहरुलाई आत्मसाथ गर्दै सहकारी आन्दोलनमा औपचारिक रुपमा संलग्न भएको आज २० वर्ष पुरा भएको छ । स्थापनाकालमा १०० जना सदस्यहरुबाट शुरु भएको यस संस्था अहिलेको अवस्थासम्म आईपुग्दा संस्थामा ३१ हजार भन्दा बढी सदस्यहरु स्वस्फूर्त रुपमा संलग्न रही आफ्नो तथा समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक साथै व्यक्तित्व विकास गर्न सामुहिक रुपमा लागिपरेका छौं । संस्थाले पस्केका कार्यक्रमहरुबाट आज कर्णाली प्रदेशका सुर्खेत सहित दैलेख, जाजरकोट तथा सल्यान जिल्लामा पनि सकारात्मक प्रभाव परेको छ। जसको फलस्वरुप उक्त जिल्लाहरुका गाउँ शहर कुना कन्दरामा पनि संस्थाका क्रियाकलापहरुको प्रसंशा हुनुका साथै संस्थाको वकालत र संरक्षण गर्ने हजारौ हजार हातहरु हामीसँग सँगसँगै छन्। तसर्थ यस पावन अवसरमा हामी हाम्रा आदरणीय शेयर सदस्यज्यूहरु, संचालक समितिका साथीहरु, अन्य शुभचिन्तक महानुभावहरु एवं कर्मचारी वर्गहरुमा संस्थाको तर्फबाट सहकारीताको न्यानो अभिवादन प्रकट गर्न चाहन्छौं ।

सहकारी संस्थामा प्रजातान्त्रिक प्रक्रियाबाट आर्थिक प्रणालीमा पारदर्शिता, सुशासनयुक्त व्यवस्थापन, प्रभावकारी सूचना तथा मूल्याङ्कन प्रणालीको अवलम्वन गरिएको हुन्छ । सहकारी सदस्यद्वारा नियन्त्रित संस्था भएको हुनाले सदस्यहरुले चासो नराखेमा र गैर जिम्मेबारपन देखाएमा संस्थाले सोचेअनुसारको प्रगति हासिल गर्न नसक्ने र पतन उन्मुख हुने हुँदा संस्थाका सम्पूर्ण सदस्यहरु पूर्ण रुपले क्रियाशील हुन आवश्यक देखिन्छ । आजको युग सूचना, सञ्चार र प्रविधिको युग भएको हुँदा अन्य क्षेत्रमा जस्तै सहकारीमा पनि सूचना सञ्चारको महत्वलाई आत्मसाथ गर्दै सदस्य सर्वोच्चतालाई ध्यानमा राखी सहकारी संस्थामा सूचना सञ्चारको पहुँचलाई पनि महत्व दिनुपर्ने हुन्छ। यसै यथार्थतालाई महसुस गरी संस्थाका सेवा क्रियाकलापहरुको यथार्थ सूचना सदस्य तथा शुभ चिन्तकहरु समक्ष पुऱ्याउन सँधै झैं यस वर्ष पनि यो वार्षिक प्रतिवेदन प्रकाशित गरिएको छ ।

सदस्यहरुलाई संस्थाका गतिविधिको पूर्व जानकारी गराई २० औं वार्षिक साधारणसभामा गरिने महत्वपूर्ण निर्णयहरु गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले साधारणसभा अगावै यो प्रतिवेदन पुस्तिका प्रस्तुत गरिएको छ। सदस्यज्यूहरुबाट यस प्रतिवेदनको अध्ययन गरी २० औं वार्षिक साधारणसभाको बन्दसत्रहरुमा सक्रिय सहभागिता जनाई आवश्यक छलफलका साथै रचनात्मक सुझाव सहित कार्यक्रम तथा बजेटलाई अन्तिम रुप दिई स्वीकृत गरी कार्यान्वयनका लागि संचालक समितिलाई सहयोग प्रदान गर्नुहुनेछ भन्ने विश्वास लिएका छौ । यो प्रतिवेदन तयार पार्न प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा संलग्न बजेट तथा कार्यक्रम मस्यौदा उपसमितिका पदाधिकारी, संचालक समितिका पदाधिकारी, सल्लाहकार तथा सदस्यहरु, कर्मचारी, उपसमिति र तमाम शेयर सदस्यज्यूहरुको जिम्मेवारी, मेहनेत र लगनशीलताबाट यो प्रतिवेदन पुस्तिका तयार भएको छ । यस प्रतिवेदनमा संलग्न सबै विवरण तथा क्रियाकलापहरुको अध्ययनबाट यस संस्थाको क्रियाकलाप तथा आर्थिक बजेट र नीति नियमहरुका सम्बन्धमा अझ स्पष्ट हुनुहुनेछ भन्ने विश्वास समेत लिएका छौं ।

अन्तमा, गतवर्ष सम्पन्न संस्थाको साधारणसभा पश्चात यस २० औं वार्षिक साधारणसभासम्म आईपुग्दा हामीसँग हातेमालो गर्दै आउनुभएका केही शेयर सदस्यहरुको स्वर्गारोहण भएको छ। ती दिवंगत सदस्यहरुको आत्माको चीर शान्तिको कामनाका लागि श्रद्धाञ्जली व्यक्त गर्दछौं। यस समयमा संस्थामा आवद्ध हुनुहुने नयाँ सदस्य महानुभाव र सहकारी सेवाको भावनाले संस्थामा नियुक्त हुनुभएका नयाँ कर्मचारी साथीहरुलाई स्वागत एवं बधाई दिन चाहन्छौं । संस्थाको विकासका लागि सल्लाह, सुझाव प्रदान गर्ने सहकारीसँग सम्बन्धित सबै सरकारी निकायहरु, सहकारी तथा अन्य गैर सरकारी संघ सस्थाहरु तथा शुभेच्छुक महानुभावहरुप्रति पनि कृतज्ञता व्यक्त गर्दछौ। निरन्तर रुपमा संस्थाका सेवा क्रियाकलापहरुमा संलग्न हुनुहुने आदरणीय शेयर सदस्य महानुभावहरु, समिति-उपसमितिका साथीहरु, कर्मचारी वर्ग एवं शुभेच्छुक सबैको महत्वपूर्ण योगदानको उच्च कदर र सम्मानका साथ संस्थागत हितलाई सँधै उच्च महत्व दिई निरन्त रुपमा संस्थागत गतिविधिमा संलग्न हुनुहुन अनुरोध गर्दै आगामी दिनहरुमा पनि सँधैं झैं सकारात्मक र रचनात्मक किसिमको सहयोग, सल्लाह, समन्वय र सहकार्यको अपेक्षा राखेका छौं ।

*जय सहकारी !*

# संस्थाका परम्पराहरु

## राष्ट्रिय गान

सयौं थुङ्गा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची-महाकाली ।
प्रकृतिका कोटीकोटी सम्पदाका आँचल
वीरहरूको रगतले स्वतन्त्र र अटल ।
ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।
बहुल जाति भाषा धर्म संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।

## EDCOL संस्थागत गान

सत्य बोल्छौं, अनुशासित परिश्रमी हुन्छौं ।
फजुल खर्च नगरेर बचत गर्ने गर्छौं ॥

सफा राख्छौं घर-आँगन, बाल-बच्चालाई ।
सहकारीमा मिली बस्छौं, सधैं-सधैंलाई ॥

बिंडी, चुरोट, खैनी, रक्सी अब खाने हैन ।
परिवार सानो राख्छौं, झुठो बोलिँदैन ॥

गरिँदैन अन्याय त सहिँदैन पनि ।
जे-जे बोल्छौं गरिछाड्छौं हामी स्वाभिमानी ॥
हामी स्वाभिमानी ॥

## सदस्य प्रतिज्ञा

| | |
|---|---|
| १. समूहमा सधैं | - मिलेर बस्छौं । |
| २. जहाँ दोहोरोपना | - ताहाँ हाम्रो आलोचना । |
| ३. कसैको कूभलो | - चिताउने छैनौं । |
| ४. झुटो कहिल्यै | - बोल्दैनौं-बोल्दैनौं । |
| ५. लिएको कर्जा | - सदुपयोग गर्छौं । |
| ६. कर्जाको किस्ता | - नियमित तिर्छौं । |
| ७. नियमित बचत | - गर्छौं-गर्छौं । |
| ८. घर-आँगन, बालबच्चालाई | - सफा राख्छौं । |
| ९. बालबच्चालाई स्कूल | - पठाउँछौं-पठाउँछौं । |
| १०. चर्पीको प्रयोग | - नियमित गर्छौं-गर्छौं । |
| ११. परिवार सानो | - राख्छौं-राख्छौं । |
| १२. आफू अन्याय | - गर्दैनौं-गर्दैनौं । |
| १३. कसैले अन्याय गरे | - सहने छैनौं । |
| १४. एक सदस्य, एक संस्था | - हाम्रो अठोट प्रतिवद्धता । |
| १५. ईश्वर साक्षी छन् | - जे बोल्छौं गरिछाड्छौं । |

नमस्कार ।

## कर्मचारी प्रतिज्ञा

हामी निस्वार्थ भावले विपन्नवर्गका मानिसहरूको आयस्तर वृद्धिका लागि वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.को लघुवित्त कार्यक्रमबाट परिचालित भई समुदायको सहयोगी बन्नेछौं । संस्थाको सेवा तथा कर्जा वितरण गर्दा एक संस्था एक सदस्यको अवधारणा अनुसार दोहोरोपना नपर्ने गरी विपन्न वर्गका महिलाहरूलाई प्रथम प्राथमिकता दिनेछौं । यसो गर्दा हामी जातजाति, धर्म, वर्ग, वर्ण तथा राजनैतिक आस्थाका आधारमा कसैलाई पनि भेदभाव गर्ने छैनौं । हामी हाम्रो कर्तव्य पालना गर्ने गराउने क्रममा बिनामूल्य कसैबाट केही लिने/दिने छैनौं । ईश्वर साक्षी छन् जे बोल्छौं, सोही गर्छौं ।

नमस्कार ।

⌘





# सस्थाका मूल मन्त्रहरु

*"कृषि, शिक्षा, स्वास्थ्य र रोजगार, EDCOL सेवाका मूल आधार"*

**सहकारीका सात सिद्धान्तहरु:**

- ☆ स्वेच्छिक तथा खुल्ला सदस्यता ।
- ☆ सदस्यहरूद्वारा आर्थिक सहभागिता ।
- ☆ नियमित शिक्षा, तालिम र सूचना ।
- ☆ समुदायप्रति चासो ।
- ☆ सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रण ।
- ☆ स्वायत्तता र स्वतन्त्रता ।
- ☆ सहकारीबीच पारस्परिक सहयोग ।

**संस्थाका विश्वास (मूल्य)हरु:**

- ☆ लैङ्गिक समानता र समता ।
- ☆ स्वावलम्बन र स्व-उत्तरदायित्व ।
- ☆ विपन्नता न्यूनीकरण ।
- ☆ ऐक्यबद्धता ।
- ☆ संस्था विकास ।
- ☆ प्रजातन्त्र र समावेशीकरण ।
- ☆ सामाजिक उत्तरदायित्व ।
- ☆ अरुको हेरचाह ।
- ☆ क्षमता अभिवृद्धि ।
- ☆ आत्म सहयोग ।
- ☆ इमान्दारिता ।
- ☆ खुल्लापन ।

**संस्थाका आचरण (मान्यता)हरु:**

- ☆ भेदभावरहीत मानवीय व्यवहार ।
- ☆ स्वावलम्वी र पारस्परिक सहयोगपूर्ण व्यवहार ।
- ☆ अग्रजहरूको विश्वास र आदर ।
- ☆ सादा जीवन उच्च विचार ।
- ☆ आर्थिक अनुशासन ।
- ☆ आत्मालोचना र भूल स्वीकार ।
- ☆ क्रमबद्ध बचत दर ।
- ☆ सेवामुखी कार्यक्रम ।
- ☆ राजनीतिक, धार्मिक तटस्थता ।
- ☆ समान सहभागिता तथा समानुपातिक वितरण
- ☆ एक सदस्य, एक संस्थामा आवद्धता ।
- ☆ मानवीय मूल्य-मान्यताको कदर ।
- ☆ निस्वार्थता र त्यागको भावना ।
- ☆ विपन्नवर्गलाई प्राथमिकता ।
- ☆ सु-शासनमूखी प्रबन्धकीय व्यवस्था ।
- ☆ सहकारी सिद्धान्त, विनियमको पूर्ण पालना ।
- ☆ उचित मूल्य र प्रमाणित नापतौल ।
- ☆ पारदर्शी लेखा व्यवस्था ।
- ☆ स्वयंसेवकीय सेवा ।
- ☆ न्याय, शान्ति र एकता ।
- ☆ सन्तुलित ब्याज दर ।
- ☆ निरन्तर सेवामा समर्पण ।

समुदायमा **धनीले गरिबलाई, विद्वान्ले अशिक्षितलाई, शहरीयाले गाउँलेलाई, एउटा जातले अर्को जातलाई, माथिल्लो तहकाले तल्लो तहकालाई हेप्नेलगायत** धेरैखालका असामाजिक व्यवहार र संरचनात्मक हिंसाहरू छन् । सामाजिक रूपान्तरणका लागि यस्तो स्थितिबाट समाजलाई मुक्त गर्न, लोकतान्त्रिक र सहमत विधिलाई प्राथमिकता दिनुपर्दछ । त्यसको लागि सबैभन्दा उत्तम र भरपर्दो विधिको रूपमा सहकार्य र सहकारी पद्धति बढी सहज र वैज्ञानिक हुने कुरामा शंका गरिनुहुँदैन ।

*- EDCOL मान्यता*

**"सम्पत्ति नभएर होईन, नचिनेर गरिब होईन्छ ।"**

**– सहकारी दर्शन**

# वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (EDCOL)

*वीरेन्द्रनगर-८, सुर्खेत*

## संस्थाको वर्तमान संक्षिप्त गतिविधि

**१. सदस्य सहभागिता तथा अन्य संस्थागत विवरण : (२०७९ आश्विन मसान्तसम्मको)**

| क्र. सं. | विवरण | सदस्य संख्या | | | सेवाकेन्द्र संख्या | केन्द्र संख्या | समूह संख्या | बचत खाता संख्या | शेयर कित्ता संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | | | | | |
| १ | सहकारीतर्फ | १३८७ | १३८२ | **२७६९** | ० | ० | ० | ६५३० | ३३८५५६ |
| २ | लघुवित्ततर्फ | २७९२७ | ७२४ | **२८६५१** | १३ | १६५१ | ८२१३ | २८६५१ | २०५२७५५ |
| | **जम्मा** | **२९३१४** | **२१०६** | **३१४२०** | **१३** | **१६५१** | **८२१३** | **३५१८१** | **२३९१३११** |

**२. संस्थाको स्वीकृत कार्यक्षेत्र :**

– सुर्खेत, दैलेख र जाजरकोट जिल्लाभरी तथा सल्यान जिल्लाका बनगाड कुपिण्डे, कालिमाटी, सिद्ध कुमाख, शारदा, कुमाख गरी ५ वटा स्थानीय तह (साविकका देवस्थल, मुलखोला, वामे, माझकाँडा, कुभिण्डेदह, घाँजरीपिपल, निगालचुला, चाँदे, काभ्रिचौर, मार्के, कालिमाटी काल्चे, कालिमाटी रामपुर र सुईकोट गा.वि.स.हरु) ।

**३. संस्थाका कार्यालयहरुको विवरण :**

| क्र. सं. | कार्यालयको नाम | ठेगाना | सम्पर्क नम्वर |
|---|---|---|---|
| १ | बचत तथा ऋण कार्यक्रम, केन्द्रीय कार्यालय | वीरेन्द्रनगर न.पा.-८, सुर्खेत | ०८३-५२४९७७ |
| २ | लघुवित्त कार्यक्रम, केन्द्रीय कार्यालय | वीरेन्द्रनगर न.पा.-८, सुर्खेत | ०८३-५२३४२८ |
| ३ | वीरेन्द्रनगर सेवाकेन्द्र | वीरेन्द्रनगर न.पा.-८, सुर्खेत | ०८३-५२३७५९, ९८०२५१४७०१ |
| ४ | मेहेलकुना सेवाकेन्द्र | गुर्भाकोट न.पा.-८, सुर्खेत | ०८३-४१००२२, ९८०२५१४७०२ |
| ५ | बड्डीचौर सेवाकेन्द्र | वराहताल गा.पा.-५, सुर्खेत | ९८०२५१४७०३ |
| ६ | राकम सेवाकेन्द्र | सिम्ता गा.पा.-६, सुर्खेत | ९८०२५१४७०४ |
| ७ | बाबियाचौर सेवाकेन्द्र | पञ्चपुरी न.पा.-५, सुर्खेत | ०८३-४१६०२४, ९८०२५१४७०५ |
| ८ | मेहेली धरमपोखरा सेवाकेन्द्र | गुराँस गा.पा.-८, दैलेख | ९८०२५१४७०६ |
| ९ | डुंगेश्वर सेवाकेन्द्र | डुंगेश्वर गा.पा.-७, दैलेख | ९८०२५१४७०७ |
| १० | यरिचोक सेवाकेन्द्र | वीरेन्द्रनगर न.पा.-४, सुर्खेत | ०८३-५२४५३४, ९८०२५१४७०८ |
| ११ | रामघाट सेवाकेन्द्र | भेरीगंगा न.पा.-११, सुर्खेत | ९८०२५१४७०९ |
| १२ | देवस्थल सेवाकेन्द्र | बनगाड कुपिण्डे न.पा.-१, सल्यान | ०८८-४११०१७, ९८०२५१४७१० |
| १३ | रामपुर सेवाकेन्द्र | कालिमाटी गा.पा.-३, सल्यान | ९८०१३६९९४३ |
| १४ | दुल्लु सेवाकेन्द्र | दुल्लु न.पा.-७, दैलेख | ०८९-४११०५५, ९८०१३६९९४४ |
| १५ | चामुण्डा सेवाकेन्द्र | चामुण्डा बिन्द्रासैनी ८, दैलेख | ९८०२५३६२४७ |
| १६ | वातावरण दुग्धशाला | वीरेन्द्रनगर न.पा. ८, सुर्खेत | ०८३-५२३०९३ |

**४. संस्थाले संचालन गरेका मुख्य सेवा तथा कार्यक्रमहरु :**

– सहकारी वचत ऋण कार्यक्रम ।
– लघुवित्त कार्यक्रम ।
– लघुउद्यम कार्यक्रम ।
– गुणस्तरीय शिक्षा कार्यक्रम (चिल्ड्रेन्स प्याराडाईज स्कूल प्रा.लि.) ।
– वातावरण दुग्धशाला कार्यक्रम ।
– रेमिटान्स सेवा कार्यक्रम (आई.एम.ई., प्रभु, हिमाल, मुक्तिनाथ, सिटी एक्सप्रेस, वेष्टर्न युनियन, पानस रेमिट, वुम रेमिट आदि) ।
– वायोग्यास प्लाण्ट निर्माण कार्यक्रम ।
– तालिम तथा सहजीकरण कार्यक्रम (आन्तरिक तथा वाह्य संघ संस्थाहरुका लागि)
– अन्य सामाजिक सेवाका क्रियाकलापहरु ।





**५. पूँजी संरचना तथा परिचालन (२०७९ आश्विन मसान्तसम्मको) :**

| पूँजी स्रोत | सम्पत्तिका आधारमा परिचालन रकम | | | |
|---|---|---|---|---|
| | बचत तथा ऋण कार्यक्रमतर्फ जम्मा सम्पत्ति रु.४५,६९,१०,९३९।६८ | | लघुवित्त कार्यक्रमतर्फ जम्मा सम्पत्ति रु.२,३३,३७,७१,३४३।६४ | |
| | रकम | प्रतिशत | रकम | प्रतिशत |
| शेयर पूँजी | ३३८५५६०० | ७.४१ | २०५२७५५०० | ८.८० |
| जगेडा तथा अन्य कोष र दायित्वहरु | २०३७१९९३४.९० | ४४.५९ | ६६०८६६७५९.८८ | २८.३२ |
| सदस्यहरूको बचत | २१४८५९१२३.८० | ४७.०२ | ९५६८१०६९०.७० | ४१ |
| वित्तीय संस्थाबाट लिएको ऋण | ० | ० | ४३५८७८७८३.०० | १८.६८ |
| चालु आम्दानी | ४४७६२८०.९८ | ०.९८ | ७४९३९६१०.०६ | ३.२० |
| **जम्मा** | **४५६९१०९३९.६८** | **१००** | **२३३३७७१३४३.६४** | **१००** |

**६. सदस्यहरुसँग बाँकी ऋणसम्बन्धी अवस्था (२०७९ आश्विन मसान्तसम्मको) :**

| क्र. सं. | विवरण | अवस्था | | |
|---|---|---|---|---|
| | | बचत तथा ऋण कायक्रमतर्फ | लघुवित्त कार्यक्रमतर्फ | जम्मा |
| १ | ऋणी संख्या | ४०३ | १६२८३ | **१६६८६** |
| २ | कूल लगानीमा रहिरहेको ऋण | २१६१४८६३१ | २०२२४९७४७५ | **२२३८६४६१०६** |
| ३ | भाखा नाघेको ऋण रकम | १७०९७६८७ | ८९६६३१४८ | **१०६७६०८३५** |
| ४ | भाखा नघाउने ऋणी संख्या | १२८ | १२९७ | **१४२५** |
| ५ | असुली दर | ९२.१६ | ९५.५७% | **९५.१७%** |
| ६ | ऋण जोखिम कोषमा रहेको रकम | १००४९०३४.५७ | ९८७४१८५२ | **१०८७९०८८६.५७** |

**७. संस्थाबाट भाग लिइएका बाह्य कार्यक्रमहरुको विवरण (२०७८ कातिकदेखि २०७९ आश्विनसम्म) :**

| क्र.सं. | कार्यक्रमको नाम | स्थान | आयोजक | अवधि | सहभागी संख्या |
|---|---|---|---|---|---|
| १ | Copomis Training | वीरेन्द्रनगर | सहकारी रजिष्ट्रारको कार्यालय, सुर्खेत | ५ दिन | १ जना |
| २ | तेस्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन | काठमाण्डौं | CSD, काठमाण्डौं | २ दिन | १० जना |
| ३ | Performance and Management Training | काठमाण्डौं | आरएमडीसी | २ दिन | १ जना |
| ४ | साझेदार सहकारी संस्थाहरुसँग अन्तरक्रिया कार्यक्रम | नेपालगंज | आरएमडीसी | २ दिन | २ जना |
| ५ | कर्जा लगानी तथा असुली सम्बन्धी तालिम | नेपालगंज | फस्टमाइक्रोफाइनान्स | १ दिन | २ जना |
| ६ | अन्तर्राष्ट्रिय अध्ययन अवलोकन भ्रमण कार्यक्रम | बंगलादेश | CSD, काठमाण्डौं | ८ दिन | २ जना |
| ७ | आन्तरिक श्रोत परिचालन तथा व्यवस्थापन सम्बन्धी तालिम | काठमाण्डौं | CSD, काठमाण्डौं | ३ दिन | १ जना |
| ८ | नेपाल वित्तीय प्रतिवेदनमान सम्बन्धी तालिम | काठमाण्डौं | आरएमडीसी | ३ दिन | १ जना |
| ९ | Progress Out of Poverty Index (PPI) Training | अनलाइनमार्फत | CSD, काठमाण्डौं | १ दिन | १ जना |

**८. कार्यालय तथा जग्गा भवन अवस्था :**

- सुर्खेत वीरेन्द्रनगर नगरपालिका वडा नं. ८ मा कि.नं. ३५०२, ३१५५, ३१५७, ३७६७, ७२१, ७२२, ४५७२ र ४५७१ भएको बिगाहातर्फ क्रमशः ०-०-९, ०-०-२.५, ०-०-१२.७५, ०-०-१७.२५, ०-१-०, ०-१-०, ०-०-१८.५ र ०-०-६ गरी जम्मा ०-५-६ तथा सुर्खेत गुर्भाकोटको भुल्केमा कित्ता नं. १६७ भएको २४४८.२९ वर्ग मिटर क्षेत्रफलको जग्गा समेत संस्थाको स्वामित्वमा छ ।
- सुर्खेत वीरेन्द्रनगरमा भएको उल्लेखित जग्गाभित्र संस्थाको हेल्भीटेट मोडेलको २ कोठे भवन आफ्नै स्वामित्वमा राखी हाल वातावरण बाल विकास केन्द्रलाई सहयोग स्वरुप केही समयको लागि उपभोग गर्न दिईएको छ भने अर्को सिमेन्ट स्लावबाट निर्मित ४ कोठे हेविटाट मोडेलको घरमा वातावरण दुग्धशाला र ३ तलाको ठूलो भवनमा संस्थाले आफ्ना अन्य सम्पूर्ण दैनिक क्रियाकलाप संचालन गर्दै आईरहेको छ ।

९. संस्थाको गतिविधि विश्लेषण (२०७९ असार मसान्तसम्मको) :

क) **PEARLS विश्लेषण :**

| | मापन | हुनुपर्ने सूचक | यथार्थ सुचाङ्ग | कैफयत |
|---|---|---|---|---|
| | **Protection (सुरक्षणको अवस्था)** | | | |
| P1 | ऋणी हानी कोष व्यवस्था | १०० | १०० | |
| P2 | खुद नोक्सानको व्यवस्था | ३५ | ३५ | |
| P3 | अ. ऋण नोक्सान कोष व्यवस्था | १ | १ | |
| | **Effecftive Financal Structure (प्रभावकारी वित्तीय संरचना)** | | | |
| E1 | उठ्न बाँकी ऋण रकम | ७० देखि ८० | ८७ | |
| E2 | सदस्य बचत रकम | ७० देखि ८० | ४६ | |
| E3 | लिएको ऋण अवस्था | ० देखि ५ | १९ | |
| E4 | शेयर पुंजी | १० देखी २० | ९ | |
| E5 | संस्थागत पुंजी | १० भन्दा माथि | १३.९० | |
| | **Assets Quality (सम्पत्तिको गुणस्तर)** | | | |
| A1 | भाखा नाघेको ऋणको अवस्था | ५ भन्दा कम | ४.१२ | |
| A2 | भाखा नाघेको ऋणी संख्या | | ११९० | |
| A3 | प्रतिफल आर्जन नगर्ने सम्पत्ति अवस्था | ५ प्रतिशत भन्दा कम | १.४६ | |
| | **Rate of Returns and Costs (प्रतिफल र लागत दर)** | | | |
| R1 | ऋणमा आम्दानीको अवस्था | प्रत्यक्ष अप्रत्यक्ष खर्च | १४.७१ | |
| R2 | बचतमा तिरेको ब्याज अवस्था | बजार मुल्य र मुद्रा स्फुर्ति | १०.३२ | |
| R3 | ऋण रकमको लागत अवस्था | खुद बचतभन्दा कम | ११.७० | |
| R4 | जम्मा संचालन खर्च अवस्था | मार्जिन भन्दा कम | ५.४० | |
| R5 | शेयर लाभांस अवस्था | मूद्रा स्फूर्तिभन्दा बढि | ११ | |
| | **Liquidity (तरलता)** | | | |
| L1 | तरलताको अवस्था | १० प्रतिशत | २१.६६ | |
| L3 | नगद तरलता खाताको अवस्था | ३ प्रतिशत भन्दा कम | १० | |
| | **Sign of Growth (बृद्धिको चिन्ह)** | | | |
| S1 | सम्पत्ति तथा जाय जेथामा वृद्धि अवस्था | मुद्रा स्फुर्ति दर बराबर | १३.३९ | |
| S5 | सदस्य बृद्धि अवस्था | १० प्रतिशत भन्द बढि | ४.१९ | |
| | संचालन स्वक्षमता | १०० प्रतिशतभन्दा बढि | १२१ | |





ख) अन्य वित्तीय तथा व्यवस्थापकीय सूचकहरु :

| क.सं. | विवरण | अवस्था | कैफियत |
|---|---|---|---|
| १ | संचालन स्वसक्षमता (Operational Self-sufficiency) | १२१% | |
| २ | वित्तीय स्वसक्षमता (Financial Self-sufficiency) | ११२% | |
| ३ | ऋणबाट व्याज आम्दानी प्रतिशत (Yield on Portfolio) | १४.७१% | |
| ४ | प्रति शाखा केन्द्र संख्या (Center per branch) | ११७ | |
| ५ | प्रति शाखा सदस्य संख्या (Member per branch) | २२५८ | |
| ६ | प्रति शाखा लगानीमा रहेको ऋण (Outstanding Loan per branch) | १५,८४,५२,६५९ | |
| ७ | प्रति कर्मचारी सदस्य संख्या (Member per Staff) | २८२ | |
| ८ | प्रति फिल्ड कर्मचारी केन्द्र संख्या (Center per field staff) | २५ | |
| ९ | प्रति फिल्ड कर्मचारी सदस्य संख्या (Member per field staff) | ४८६ | |
| १० | प्रति फिल्ड कर्मचारी ऋणी संख्या (Borrower per field staff) | २५९ | |
| ११ | प्रति फिल्ड कर्मचारी लगानीमा रहेको ऋण (Outstanding Loan per field staff) | ३,४१,२८,२६५ | |
| १२ | हालसम्मको समूह छाड्ने दर | ३०% | |
| १३ | ऋणको औसत आकार (Average Loan size) | १,३१,६२९ | |
| १४ | ऋणको औसत आकार (यस वर्षको लगानीमा) (Average Loan size this year) | १६,४२,५७० | |
| १५ | ऋणी र सदस्यको अनुपात (Borrower per member) | ५३.३१% | |
| १६ | बाँकी ऋणमा वचतको अनुपात (Saving percentage) | ५७.६४% | |
| १७ | असूली दर (Repayment rate) | ९५.८८% | |
| १८ | जोखिममा रहेको ऋण (Poartfolio at risk) | १०,११,४८,९८० | |
| १९ | भाखा नाघेको दर (Over due rate) | ४.१२% | |

COP No.: 650
Pan No.: 305088848
Firm regd.no.: 547
Bhimdatt-6, Kanchanpur
Mahakali, Nepal
Ph No.: +977-09-524249
Mobile: +977-9858751089
Email: pbhatta.associates@gmail.com

**P. BHATTA & ASSOCIATES**
Chartered Accountants

**वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका सदस्य महानुभावहरु समक्ष**

**स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन**

**प्रतिदावी राय *(Disclaimer of Opinion)***

हामीले वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको (यस पछि 'संस्था' भनिएको) यसै साथ संलग्न २०७९ आषाढ मसान्तको वित्तीय स्थिति विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा, तल प्रतिदावी सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा (Basis for Disclaimer of Opinión Para) मा उल्लेखित, व्यवस्थापन पत्र र लेखा सम्बन्धि टिप्पणीहरुमा लेखिएका कुराहरु तथा त्यसबाट वित्तिय विवरणहरुमा पर्ने असरहरु बाहेक संलग्न वित्तीय विवरणहरुले संस्थाको २०७९ आषाढ मसान्तको वित्तीय अवस्था र सोही मितिमा अन्त्य भएको आर्थिक बर्षको नाफा वा नोक्सानको अवस्था र नगद प्रवाहको अवस्था प्रचलित कानूनका अधिनमा रही यथार्थ चित्रण गर्दछ ।

**प्रतिदावी सहितको राय व्यक्त गर्ने आधार *(Basis for Disclaimer of Opinión)***

१. साना तथा मझौला निकाय बाहेकका निकायलाई लागु हुने वित्तिय प्रतिवेदनको ढाँचा साविकको नेपाल लेखामानबाट २०७३ श्रावण १ देखि नेपाल वित्तिय प्रतिवेदनमानमा परिवर्तन भएको छ । संस्थाको यस आ. व. को वित्तीय स्थिती विवरणको कुल जोड रु. पचास करोडभन्दा बढी भएकाले संस्थाले नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार पार्नुपर्ने हुन्छ । वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमानको व्यवस्था अनुरुप तयार गरीएको छैन । सो व्यवस्था अनुरुप नयाँ लेखानीतिहरुका आधारमा वित्तिय सुचनाको पहिचान, पुर्नस्थापना, प्रस्तुतिकरण र खुलासा आवश्यक पर्दछ । नेपाल वित्तिय प्रतिवेदनमान अनुरुप वित्तिय सुचनाको पुर्नस्थापना, प्रस्तुतिकरण र खुलासाको सम्भित असर अनिश्चित साथै सारभुत र व्यापक हुन सक्दछ ।
२. चिल्ड्रेन प्याराडाइज स्कुल प्रा. लि. लाई गरीएको कर्जा लगानी रु. २५,००,००० मा कर्जा नोक्सानी व्यवस्था गरीएको छैन ।
३. हामीले लेखापरीक्षण गरेका श्रेष्ताहरुको आधारमा संस्थाले कर्जा प्रवाह गर्दा धितोका साथै सामुहिक जमानी तथा व्यक्तिगत धन जमानीमा कर्जा प्रवाह गरेको र कर्जा तथा सापटिको नोक्सानी व्यवस्था NAS-39 को आधारमा नगरी सहकारी विभागद्वारा जारी गरिएको मापदण्ड अनुसार गरेको पाइयो ।
४. कमचारी बोनस, बोनस ऐन अन्तर्गत नभई सहकारी ऐन, २०७४ अनुसार भएको पाइयो ।
५. कर्मचारीहरुको उपदान, जिवन तथा आवास व्यवस्था र शिक्षा पेन्सन कोषको दायित्व Actuary मार्फत मुल्यांकन गरेको पाईएन ।

हामीले हाम्रो लेखापरिक्षण "नेपाल लेखापरीक्षणमान" बमोजिम सम्पन्न गरेका छौं । यी मान अन्तर्गतका हाम्रा दायित्वहरु यस प्रतिवेदनको "वित्तिय विवरणको लेखापरिक्षणप्रति लेखापरिक्षकको जिम्मेवारी" शिर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्थाले लेखापरिक्षकको निम्ति जारी गरेको आचार संहिता बमोजिम हामी यस संस्थाबाट स्वतन्त्र छौं तथा उक्त आचार संहिता बमोजिम हामीले हाम्रो आचारणगत जिम्मेवारी पुरा गरेका छौं । हाम्रो लेखापरिक्षणबाट प्राप्त लेखापरिक्षण प्रमाणहरु हाम्रो मन्तव्यलाई पर्याप्त एवं उपयुक्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।





COP No.: 650
Pan No.: 305088848
Firm regd.no.: 547
Bhimdatt-6, Kanchanpur
Mahakali, Nepal
Ph No.: +977-09-524249
Mobile: +977-9858751089
Email: pbhatta.associates@gmail.com

**P. BHATTA & ASSOCIATES**
Chartered Accountants

**वित्तीय विवरण र लेखापरीक्षकको प्रतिवेदन बाहेक अन्य जानकारी**

संस्थाको व्यवस्थापन अन्य जानकारीको तयारीको लागी जिम्मेवार छ । व्यवस्थापनको प्रतिवेदन, सञ्चालक समितिको प्रतिवेदन र अध्यक्षको प्रतिवेदन अन्य जानकारीमा समावेश हुन्छ तर वित्तीय विवरण र हाम्रो लेखापरीक्षण प्रतिवेदन अन्य जानकारी अन्तर्गत पर्दैन ।

वित्तीय विवरणमा हाम्रो रायमा अन्य जानकारी समावेश गरिएको छैन र हामी उक्त जानकारीमा कुनै पनि आश्वासन निष्कर्ष व्यक्त गर्दैनौ ।

वित्तीय विवरणको लेखापरीक्षणको सम्बन्धमा, अन्य जानकारीहरु पढ्नु हाम्रो जिम्मेवारी हो र त्यसो गर्दा उक्त जानकारीहरु वित्तीय विवरणसंग सारभूत रुपमा असंगत छन् वा हाम्रो लेखापरीक्षणको क्रममा प्राप्त गरेको जानकारीसंग असंगत छन् वा अन्यथा देखिन्छन् भन्ने बारे बिचार गर्नुपर्दछ ।

यदि हामीले गरेको लेखापरीक्षणको आधारमा उक्त अन्य जानकारीहरु सारभूत रुपमा असंगत छन् भने हामीले उक्त तथ्यलाई रिपोंट गर्नु आवश्यक छ । हामीसगं यस सम्बधमा रिपोर्ट गर्न केही छैन ।

**वित्तीय विवरणप्रति व्यवस्थापन तथा शासनसँग जिम्मेवारको जिम्मेवारी**

नेपाल वित्तिय प्रतिवेदनमान अनुरुप यथार्थ एवं उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत रुपले त्रुटि रहित वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने, लेखा नीतिहरुको छनौट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपुर्ण अनुमान गर्ने कार्य पर्दछ ।

वित्तीय विवरण तयार गर्दा संस्थाको संस्थागत निरन्तरता क्षमताको जाँच गर्नु, लागु हुने भए अनुसारको संस्थागत निरन्तरता सम्बन्धि व्यहोरा उल्लेख गर्नु तथा व्यवस्थापनले संस्था खारेज वा सन्चालन बन्द वा उपयुक्त कार्य गर्नु बाहेक अन्य उपयुक्त विकल्प नभएमा बाहेक संस्थागत निरन्तरता सम्बन्धि लेखाको आधार प्रयोग गर्नुपर्दछ । सुशासनसँग जिम्मेवारको जिम्मेवारी संस्थाको वित्तीय प्रतिवेदनको प्रकृया निरीक्षण गर्नुपर्दछ । सन्चालक समिति संस्थाको वित्तीय रिपोंटिङ प्रकियाको निरीक्षणको लागी जिम्मेवारी छ ।

**वित्तीय विवरणको लेखापरिक्षणप्रति लेखापरिक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्यहरु सम्पूर्ण रुपमा वित्तीय विवरण चाहे जालसाजी वा गल्तीबाट होस् सारभुत रुपमा त्रुटीरहित छ कि छैन भन्ने बारे उचित व्यवहारिक आश्वासन प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । उचित आश्वासन एक उच्च स्तरीय आश्वासन हो । लेखापरीक्षण लेखामान सिद्धान्त अनुरुप गरिएको भएतापनि सारभूत त्रुटीहरु सधैं पत्ता लाग्दछन् भन्ने ग्यारेन्टी हुदैन । सारभूत त्रुटीहरु जालसाजी वा त्रुटीबाट उत्पन्न हुन सक्दछन् र त्यी त्रुटीहरु अलग अलग रुपमा वा समग्ररुपमा वित्तीय विवरणको आधार प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई प्रभाव पार्न सक्ने अपेक्षा गर्न सकिन्छ ।

नेपाल लेखामान सिद्धान्त अनुरुप लेखापरीक्षणमा हामी पेशागत न्यायको अभ्यास गर्छौ र लेखापरीक्षण दौरान व्यावसायिक सन्देह कायम राख्छौ । क्रमश हामी :

- वित्तीय विवरणमा चाहे जालसाजी वा त्रुटी बाट हुन सक्ने सारभूत गल्तीहरुको जोखिम पहिचान मुल्याङकन गरी, ती जोखिमहरुको लागी उत्तरदायी लेखापरीक्षण प्रक्रियाहरु डिजाइन र अबलम्बन गर्दछौ । त्रुटीहरु हुने सारभूत गल्तीहरु पत्ता लगाउन भन्दा जालसाजी बाट हुने सारभूत गल्तीहरु पत्ता लगाउन नसक्ने जोखिम अधिक हुन्छ किनकी

**P. BHATTA & ASSOCIATES**
Chartered Accountants

COP No.: 650
Pan No.: 305088848
Firm regd.no.: 547
Bhimdatt-6, Kanchanpur
Mahakali, Nepal
Ph No.: +977-09-524249
Mobile: +977-9858751089
Email: pbhatta.associates@gmail.com

जालसाजी सामुहिक सम्बन्ध, जानाजानी चूक, गलत प्रतिनीधीत्व वा आन्तरिक नियन्त्रण प्रणालिको ओभराइड समावेश हुन सक्छ।

- संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीतामा राय व्यक्त गर्ने उद्धेश्यका नभई, लेखापरीक्षणको परिस्थितिमा उपयुक्त हुने लेखापरीक्षण प्रक्रियाहरु डिजाइन गर्नका लागि संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौ ।
- व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरुको औचित्य मूल्याङ्कन र लेखा अनुमानको व्यावहारिकता तथा लेखा सम्बन्धित खुलासाहरु अध्ययन गर्दछौ ।

हामीले व्यवस्थापन तथा सञ्चालक समितिको वित्तीय विवरण प्रति जिम्मेवार भएका व्यक्तिहरु मार्फत लेखापरीक्षणको समय तालिका, योजना गरिएको क्षेत्र र महत्वपूर्ण खोजहरु, लगायत संस्थाको आन्तरिक नियन्त्रण विधिमा रहेको कमी कमजोरीहरु जनकारी गरायौं ।

माथी उल्लेख गरिएका कुरासँगै हामीले स्वतन्त्रताको प्रासंसनिक नैतिक आवश्यकताहरु पालना गरेको र हाम्रो स्वतन्त्रतामा बाधा पुर्‍याउने सबै तत्वहरु लेखापरीक्षण गर्ने दौरान आएको खण्डमा संचालक समितिलाई जानकारी गराउनेछौं भन्ने कुराको बयान दियौं ।

**अन्य कानूनी तथा नियमक निकायका आवश्यकता सम्बन्धि प्रतिवेदन**

हामीद्वारा सम्पन्न गरिएको लेखापरीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं कि :

१) हामीले लेखापरीक्षणको सन्दर्भमा आवश्यक ठानी सोधनी गरेका कुराहरुको जवाफ तथा स्पष्टीकरणहरु सन्तोषजनक रुपमा पायौं ।
२) संस्थाले आफ्नो कारोबारको यथार्थ स्थिति स्पष्ट हुने गरी लेखा राखेको पायौं ।
३) हाम्रो रायमा संस्थाले आफ्नो श्रेस्ता तथा हिसाब किताब प्रचलीत कानून तथा प्रचलन बमोजिम राखेको छ ।
४) हाम्रो रायमा संस्थाबाट प्राप्त विवरणहरु लेखापरीक्षणका निमित्त पर्याप्त छन् ।
५) हाम्रो रायमा, हामीले प्राप्त गरे सम्मको सूचना, स्पष्टीकरण र संस्थाको हिसाब किताबको लेखापरीक्षण गर्दा व्यवस्थापन समिति वा अन्य कुनै कर्मचारीले लेखा सम्बन्धि कानूनी व्यवस्था विरुद्ध काम काज गरेको वा संस्थालाई हानी नोक्सानी पुर्‍याएको वा संस्थाको कोषको हिनामीना गरेको हाम्रो जानकारीमा आएको छैन ।

पि. भट्ट एण्ड एशोसिएट्स
*(चार्टर्ड एकाउन्टेन्ट्स)*

सि.ए. प्रकाश दत्त भट्ट
(प्रिन्सीपल)
मिति : २०७९।०७।११
स्थान : महेन्द्रनगर, कंचनपुर
**UDIN: 221109CA00811P5sHR**





**वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (EDCOL)**
वीरेन्द्रनगर - ८, सुर्खेत
**वासलात**
२०७९ आषाढ मसान्तको

| विवरण | अनुसूची | यस वर्ष (रु.) | गत वर्ष (रु.) |
|---|---|---|---|
| **पुँजी तथा दायित्व** | | | |
| शेयर पुँजी | १ | २३२,९०३,०००.०० | १८७,३००,४००.०० |
| अनिवार्य कोषहरु | २ | १८२,५४२,५४९.३४ | १५९,४३३,६०९.१६ |
| लिएको ऋण | ३ | ४७०,०८३,३३७.१५ | ४९६,००५,८७२.९२ |
| बचत (निक्षेप) दायित्व | ४ | १,१५९,०००,१०१.६३ | १,००१,८३२,२५१.७३ |
| चालु दायित्व | ५ | २१,२३८,०२७.४३ | १७,६२०,९८२.१२ |
| अन्य दायित्व | ६ | ३६०,९८७,००३.०४ | २८८,९५६,११६.३७ |
| कर्जा जोखिम व्यवस्था | ७ | १०८,७९०,८८६.०१ | ८४,९४२,१५०.२१ |
| **जम्मा** | | २,५३५,५४४,९०४.६१ | २,२३६,०९१,३८२.५१ |
| **सम्पत्ति तथा जायजेथा** | | | |
| नगद मौज्दात | ८ | १४१,७६६.०० | ६३१,४०९.०० |
| बैंक मौज्दात | .९ | २५०,९२९,५४४.८० | २६७,९५१,०७०.०४ |
| मौज्दात, धरौटी तथा पाउनुपर्ने | १० | २२,५४८,८७४.८२ | १९,०८०,७३७.२४ |
| कर्जा लगानी | ११ | २,२१८,३३७,२२०.०० | १,९११,५८८,०६१.०० |
| लगानी | १२ | ७,८२५,२००.०० | ७,८२५,२००.०० |
| स्थिर सम्पत्ति | १३ | ३५,७६२,२९८.९९ | २९,०१४,९०५.२३ |
| **जम्मा** | | २,५३५,५४४,९०४.६१ | २,२३६,०९१,३८२.५१ |

| | |
|---|---|
| सम्भावित दायित्व (Contingent Liabilities) | १४ |
| प्रमुख लेखानीतिहरु | २२ |
| लेखा सम्बन्धि टिप्पणीहरु | २३ |

माथि उल्लेखित अनुसूचीहरु वित्तीय विवरणहरुका अभिन्न अंग हुन् ।

आजको मितिमा संलग्न प्रतिवेदन अनुसार,

राधा कुमारी ढकाल
सचिव

चन्द्रलाल आचार्य
संचालक अध्यक्ष

सि.ए. प्रकाश दत्त भट्ट
पि. भट्ट एण्ड एसोसियट्स
चार्टर्ड एकाउन्टेन्ट्स

ताराकुमार पौडेल
कोषाध्यक्ष

सुरज प्रसाद आचार्य
कार्यकारी प्रबन्धक

किरण बस्नेत
वरिष्ठ प्रबन्धक

मिति : २०७९।०७।११

**वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (EDCOL)**
**वीरेन्द्रनगर - ८, सुर्खेत**
**नाफा/नोक्सान हिसाब**
**२०७८ श्रावण १ गते देखि २०७९ आषाढ ३२ गते सम्मको**

| विवरण | अनुसूची नं. | यस वर्ष (रु.) | गत वर्ष (रु.) |
|---|---|---|---|
| **ब्याज आम्दानी** | | | |
| कर्जा लगानिमा ब्याज | | ३०२,७२४,८०३.०० | २७४,२१९,७३०.०० |
| बैङ्क मौज्दातमा ब्याज | | २,६७८,५४२.८३ | १,९९९,३१९.६६ |
| **कुल ब्याज आम्दानी (क)** | | **३०५,४०३,३४५.८३** | **२७६,२१९,०४९.६६** |
| **ब्याज खर्च** | | | |
| बचतमा ब्याज | | १११,५९२,२३७.८४ | ९२,९६१,६४६.६२ |
| लिएको ऋणमा ब्याज | १५ | ५५,०३०,६९३.२६ | ४०,०४५,०८४.०० |
| **कुल ब्याज खर्च (ख)** | | **१६६,६२२,९३१.१०** | **१३३,००६,७३०.६२** |
| **खुद ब्याज आम्दानी (ग=क-ख)** | | **१३८,७८०,४१४.७३** | **१४३,२१२,३१९.०४** |
| **अन्य संचालन आम्दानी** | | | |
| बिक्रीको कारोबारबाट (घाटा) नाफा | १६ | १,४४४,२६३.८३ | (१,००६,३५३.१०) |
| अन्य संचालन आम्दानी | १७ | २४,६३७,९३२.३३ | १६,६९३,२७६.९० |
| **कुल अन्य संचालन आम्दानी (घ)** | | **२६,०८२,१९६.१६** | **१५,६८६,९२३.८०** |
| **कुल संचालन आम्दानी (ङ=ग+घ)** | | **१६४,८६२,६१०.८९** | **१५८,८९९,२४२.८४** |
| **संचालन खर्च** | | | |
| कर्मचारी तलब भत्ता | १८ | ५७,३१४,९२७.०० | ४८,२६४,११८.०० |
| कार्यालय संचालन खर्च | १९ | १६,९९०,३४३.४१ | २१,३५७,१५५.७० |
| अन्य संचालन खर्च | २० | ३३२,२५५.०० | ३३२,२५६.०० |
| कर्जा जोखिम कोष व्यवस्था | ७ | २३,८४८,७३५.८० | २०,०१७,०४७.७१ |
| ह्रासकट्टि तथा अपलेखन | १३.१ | २,४३४,७२५.८१ | १,७१५,६१२.०३ |
| **कुल संचालन खर्च (च)** | - | **१०१,०२०,९८७.०२** | **९१,६८६,१८९.४४** |
| **खुद संचालन आम्दानी (छ=ङ-च)** | | **६३,८४१,६२३.८७** | **६७,२१३,०५३.४०** |
| गैर संचालन आम्दानी/(खर्च) | | - | - |
| लगानिमा प्रतिफल | २१ | ७२,६७५.०० | २४८,५७१.३४ |
| **कुल गैर संचालन आम्दानी/(खर्च) (ज)** | | **७२,६७५.००** | **२४८,५७१.३४** |
| **यस वर्षको नाफा/(नोक्सान) (झ=छ+ज)** | | **६३,९१४,२९८.८७** | **६७,४६१,६२४.७४** |
| **गत वर्ष सम्मको संचित नोक्सान (ञ)** | | - | - |
| **कर अधिको नाफा रकम (ट=झ-ञ)** | | **६३,९१४,२९८.८७** | **६७,४६१,६२४.७४** |
| **आयकर व्यवस्था @ ५%** | | *३,१९५,७१४.९४* | *३,३७३,०८१.२३* |
| **आयकर पछिको खुद नाफा (ड=ट-ठ)** | | **६०,७१८,५८३.९२** | **६४,०८८,५४३.५१** |

माथि उल्लेखित अनुसूचीहरु वित्तीय विवरणहरुका अभिन्न अंग हुन्।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

राधा कुमारी ढकाल
सचिव

चन्द्रलाल आचार्य
संचालक अध्यक्ष

सि.ए. प्रकाश दत्त भट्ट
पि. भट्ट एण्ड एसोसियट्स
चार्टर्ड एकाउन्टेन्ट्स

तारकेशर पौडेल
कोषाध्यक्ष

सुरेश प्रसाद आचार्य
कार्यकारी प्रबन्धक

किरण बस्नेत
वरिष्ठ प्रबन्धक

मिति : २०७९।०७।११



वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (EDCOL)

**वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (EDCOL)**
**वीरेन्द्रनगर - ८, सुर्खेत**
**नाफा बाँडफाँड हिसाब**
**२०७८ श्रावण १ गते देखि २०७९ आषाढ ३२ गते सम्मको**

| विवरण | रकम (रु.) | विवरण | रकम (रु.) |
|---|---|---|---|
| जगेडा कोष | १५,१७९,६४५.९८ | शुद्ध नाफा | ६०,७१८,५८३.९२ |
| संरक्षित पुँजी कोष (२५%) | ११,३८४,७३४.४९ | | |
| सहकारी प्रवर्द्धन कोष (०.५%) | २२७,६९४.६९ | | |
| अन्य कोष | ३३,९२६,५०८.७७ | | |
| **जम्मा** | **६०,७१८,५८३.९२** | **जम्मा** | **६०,७१८,५८३.९२** |
| शेयर लाभांश कोष (७५%) | २५,४४४,८८१.५८ | वितरणयोग्य नाफा | ३३,९२६,५०८.७७ |
| सहकारी विकास कोष (५%) | १,६९६,३२५.४४ | | |
| सदस्य शिक्षा कोष (५%) | १,६९६,३२५.४४ | | |
| कर्मचारी बोनस कोष (५%) | १,६९६,३२५.४४ | | |
| सामुदायिक विकास कोष (५%) | १,६९६,३२५.४४ | | |
| घाटापूर्ति कोष (५%) | १,६९६,३२५.४४ | | |
| **जम्मा** | **३३,९२६,५०८.७७** | **जम्मा** | **३३,९२६,५०८.७७** |

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

राधा कुमारी ढकाल
सचिव

चन्द्रलाल आचार्य
संचालक अध्यक्ष

सि.ए. प्रकाश दत्त भट्ट
पि. भट्ट एण्ड एसोसियट्स
चार्टर्ड एकाउन्टेन्ट्स

तारकेशर पौडेल
कोषाध्यक्ष

सुरेश प्रसाद आचार्य
कार्यकारी प्रबन्धक

किरण बस्नेत
वरिष्ठ प्रबन्धक

मिति : २०७९।०७।११

**वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (EDCOL)**
**वीरेन्द्रनगर - ८, सुर्खेत**
**नगद प्रवाह विवरण**
**२०७८ श्रावण १ गते देखि २०७९ आषाढ ३२ गते सम्मको**

| विवरण | यस वर्ष (रु.) | गत वर्ष (रु.) |
|---|---|---|
| **संचालन गतिविधिबाट नगद प्रवाह** | | |
| आयकर पछिको खुद नाफा | ६०,७१८,५८३.९२ | ६४,०८८,५४३.५१ |
| **समायोजन** | | |
| ह्रास कट्टि तथा अपलेखन | २,४३४,७२५.८१ | २,५७५,४८१.०३ |
| लगानिमा प्रतिफल | ७२,६७५.०० | २४८,५७१.३४ |
| **कार्यगत पूँजी परिवर्तन अघिको नगद प्रवाह** | **६३,२२५,९८४.७३** | **६६,९१२,५९५.८८** |
| **संचालन सम्बन्धी चालु सम्पत्तिमा कमि वा (वृद्धि)** | **(३१०,२१७,२९६.५९)** | **(३५३,६१४,४०५.८७)** |
| कर्जा लगानीमा कमि वा (वृद्धि) | (३०६,७४९,१५९.००) | (३५३,१६७,३४२.००) |
| अन्य सम्पत्तिमा कमि वा (वृद्धि) | (३,४६८,१३७.५९) | (४४७,०६३.८७) |
| **संचालन सम्बन्धि चालु दायित्वमा वृद्धि वा (कमि)** | **२५६,६६४,५१७.६८** | **२७८,८८८,२३४.१५** |
| बचत (निक्षेप) दायित्वमा वृद्धि वा (कमि) | १५७,१६७,८४९.९० | १७९,६८२,५७५.३१ |
| चालु दायित्वमा वृद्धि वा (कमि) | ३,६१७,०४५.३१ | ४,९८३,७५४.१२ |
| अन्य दायित्वमा वृद्धि वा (कमि) | ७२,०३०,८८६.६७ | ७४,९०४,८४७.५६ |
| कर्जा जोखिम व्यवस्था वृद्धि वा (कमि) | २३,८४८,७३५.८० | २०,०१७,०४७.१६ |
| **संचालन गतिविधिबाट नगद प्रवाह** | **९,६७३,२०५.८३** | **(७,८१३,५७५.८४)** |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | | |
| लगानीमा कमि वा (वृद्धि) | - | - |
| लगानिमा प्रतिफल | (७२,६७५.००) | (२४८,५७१.३४) |
| स्थिर सम्पत्ति (खरिद) वा बिक्रि | (९,१८२,११९.५६) | (४,४९२,९२८.२६) |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | **(९,२५४,७९४.५६)** | **(४,७४१,४९९.६०)** |
| **वित्तीय गतिविधिबाट नगद प्रवाह** | | |
| शेयर पूँजीमा वृद्धि वा (कमि) | ४५,६०२,६००.०० | ४२,६८७,६००.०० |
| लिएको ऋणमा वृद्धि वा (कमि) | (२५,९२२,५३५.७७) | ४१,९१८,७६२.७२ |
| अनिवार्य कोषहरुमा परिवर्तन | (३७,६०९,६४३.७४) | (२७,३८२,९७८.७९) |
| **वित्तीय गतिविधिबाट नगद प्रवाह** | **(१७,९२९,५७९.५१)** | **५७,२२३,३८३.९३** |
| **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह** | **(१७,५११,१६८.२४)** | **४४,६६८,३०८.४९** |
| **नगद तथा बैंकमा रहेको शुरु मौज्दात** | **२६८,५८२,४७९.०४** | **२२३,९१४,१७०.५५** |
| **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **२५१,०७१,३१०.८०** | **२६८,५८२,४७९.०४** |

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

राधा कुमारी ढकाल
सचिव

चन्द्रलाल आचार्य
संचालक अध्यक्ष

सि.ए. प्रकाश दत्त भट्ट
पि. भट्ट एण्ड एसोसियट्स
चार्टर्ड एकाउन्टेन्ट्स

तारा[illegible] पौडेल
कोषाध्यक्ष

सुरज प्रसाद आचार्य
कार्यकारी प्रबन्धक

किरण [illegible]
वरिष्ठ प्रबन्धक

मिति : २०७९।०७।११





**प्रमुख लेखा नीतिहरू**

**अनुसूची २२**

१. **सामान्य जानकारी**
वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, विरेन्द्रनगर ८, सुर्खेतको सीमित दायित्व रहेको संस्था हो । यो संस्थाको कार्यक्षेत्र सुर्खेत, दैलेख, जाजरकोट र सल्यान जिल्ला रही रजिष्टर्ड कार्यालय सुर्खेतको विरेन्द्रनगर ८ मा रहेको छ । यस संस्था सहकारी विभागमा वि.सं. २०५९ मा दर्ता भई वित्तीय कारोबार गर्दै आएको छ । चालु आ. व. को मसान्तसम्ममा यस संस्थाको सदस्य संख्या ३१,६१२ रहेको छ ।

२. **संस्थामा समावेश गरिएका वित्तीय विवरण**
लेखामानको सर्वमान्य सिद्धान्त अनुसार संस्थाको वित्तीय विवरण तयार पार्ने उत्तरदायित्व सञ्चालक समितिमा निहित रहेको छ । वित्तीय विवरणमा देहायका विवरणहरु समावेश गरिएका छन् :
(क) संस्थाको वित्तीय स्थितिको सूचना खुलस्त पारिएको "वासलात",
(ख) समीक्षा अवधिमा संस्थाले गरेको वित्तीय कार्य सम्पादन खुलाइएको "नाफा नोक्सान हिसाब",
(ग) नगद तथा नगद सरहको सम्पत्तीश्रृजना गर्नमा संस्थाको क्षमता खुलाई तयार पारिएको "नगद प्रवाह विवरण", तथा
(घ) संस्थाको प्रमुख लेखा नीति तथा अन्य सान्दर्भिक बुंदाहरु समावेश भएको टिप्पणी, जुन वित्तीय विवरणका पाठकवर्गलाई आवश्यक निर्णय लिन सहायक सिद्ध हुनेछ ।

३. **लेखा अवधारणा :**
३.१. वित्तीय विवरणहरु अन्यथा उल्लेख गरिएकामा बाहेक ऐतिहासिक लागत अवधारणा, सर्वमान्य लेखा सिद्धान्त तथा सहकारीमा प्रचलित लेखा नीति, नेपाल लेखामान (NAS), सहकारी ऐन तथा नियमावली बमोजिम तयार पारिएका छन् ।
३.२. संस्थाले लेखाको सर्वमान्य सिद्धान्त अनुसार सहकारी ऐन नियम समेतलाई ध्यानमा राखी दोहोरो लेखा प्रणाली अनुसार हिसाब व्यवस्थित गरेको छ ।

४. **आय तथा खर्च लेखांकनका आधार**
४.१. संस्थाबाट लगानी गरिएको कर्जा रकम तथा संस्थाको निक्षेपमा ब्याज खर्च हिसाब गर्दा संस्थामा बचत गरिएको रकममा ब्याज हिसाब गर्दा ३६५ दिनलाई एक वर्ष मानी कम्प्युटराईज्ड लेखा प्रणालीद्धारा ब्याज गणना गरीएको छ ।
४.२. संस्थाको सम्पुर्ण लेखा खाताहरु आम्दानी नगद प्राप्ती (Cash Basis) को आधारमा र खर्चहरु प्रोदभावी (Accrual Basis) को आधारमा लेखांकन गर्ने निति रहेको छ ।
४.३. बचत दायित्वमा ब्याज दिदा र कर्जामा ब्याज लिदा ३६५ दिनलाई एक वर्ष मानी गणना गरिएको र प्राप्त भएको ब्याज मात्र आम्दानीमा लेखांकन गर्ने निति लिएको छ । ब्याज खर्च भने प्रोदभावी आधार (Accrual Basis) मा दिने गरेको छ ।

५. **वित्तीय विवरण तयारीको आधार**
वित्तीय विवरणहरू सामान्य रूपमा स्वीकार्य तथा प्रचलनमा रहेका लेखा पद्धति, प्रचलित मान्यताको आधारमा रहि तयार गरिएका छन् । अन्यथा उल्लेख गरिएको बाहेक पाकेको (Accrual) आधारमा वित्तीय विवरणहरू तयार पारिएको छ । अन्यथा उल्लेख गरिएको बाहेक सहकारी ऐन, २०७४; सहकारी नियमावली, २०७५; संघ/संस्था दर्ता, संचालन, लेखा परीक्षण, सहकारी लेखा तथा लेखापरीक्षण दिग्दर्शन र सहकारी लेखामानको अधिनमा रहि यो वित्तीय विवरण तयार गरिएका छन् ।

६. **प्रमुख लेखा नीतिहरू :**
यो वित्तीय विवरण तयारीको सिलसिलामा संस्थाले लागु गरेका प्रमुख लेखा नीतिहरू देहाय बमोजिमका छन् । अन्यथा उल्लेख भएकोमा बाहेक यी नीतिहरू निरन्तर रूपमा पालना हुँदै आएको छ :-

६.१. **कर्जा लगानी:**
**क) कर्जाको वर्गीकरण तथा ऋण जोखिम व्यवस्था**
यस शीर्षक अन्तर्गत सदस्यलाई प्रत्यक्ष रूपमा प्रदान गरिएका विभिन्न किसिमका ऋणहरू पर्दछन् । कुल कर्जा लगानीलाई सहकारी ऐन, नियमावली अनुसार संस्थाले आफ्ना सदस्यहरूलाई ऋण लगानी गर्दा देहाय बमोजिम कर्जा नोक्सानी कोषको व्यवस्था गर्नुपर्नेछ ।

| कर्जाको वर्गीकरण | भाखा नाघेको अवधी | कर्जा नोक्सानी कोषको व्यवस्था |
|---|---|---|
| असल ऋण (लघुवित्त कार्यक्रम तर्फ) | भाखा ननाघेको | २ प्रतिशत |
| असल ऋण (बचत तथा ऋण कार्यक्रम तर्फ) | भाखा ननाघेको | १ प्रतिशत |
| शंकास्पद ऋण | १ वर्ष सम्म भाखा नाघेको | ३५ प्रतिशत |
| खराब ऋण | १ वर्ष भन्दा बढी भाखा नाघेको | १०० प्रतिशत |

**ख) कर्मचारी ऋण**
संस्थाको कर्मचारीलाई नीतिगत व्यवस्था गरी प्रदान गरिनेऋण कर्मचारी ऋण हुन् र ऋण प्रवाह भएका बखत यसलाई ऋणको रुपमा लेखाङ्कन गरिन्छ। ऋण असुली भएपछि ऋण घटाइन्छ।

६.२. **लगानी :**
सूचीकृत कम्पनीको शेयरमा गरेको लगानीलाई बजार मूल्य वा परल मोल जुन घटी हुन्छ, सोही मूल्यमा लेखाङ्कन गरिएको छ। सूचीकरण नभएका शेयरहरूलाई परल मोलमा नै देखाइएको छ।

६.३. **स्थिर सम्पत्ति, ह्रास कट्टी तथा अपलेखन :**
**क) स्थिर सम्पत्ति**
स्थिर सम्पत्तिलाई ऐतिहासिक लागत अवधारणाको आधारमा देखाइएको छ। एक वर्षभन्दा कम आयु भएका वस्तुहरु खरिद गरिएको वर्षमै खर्च जनाइएको छ।

**ख) ह्रास कट्टी**
देहायका सम्पत्तिमा संस्थाको आर्थिक नियमावलीमा उल्लेख भए बमोजिम घट्दो ह्रास कट्टी दर प्रणाली अनुसार अनुमानित उपयोग अवधिको आधारमा ह्रास कट्टी गरी नाफा-नोक्सान हिसाबमा खर्च लेख्ने गरिन्छ।

| सम्पत्तिको प्रकृति | ह्रास कट्टी दर |
|---|---|
| परिवहन साधन | २०% |
| कार्यालय फर्निचर | २५% |
| कार्यालय साधन | २५% |
| अन्य सम्पत्ति | २५% |
| मेसिनरी तथा उपकरण | १५% |
| कम्प्युटर सफ्टवेयर | २ वर्ष |

**ग) भुक्तानी प्राप्त गर्न बाँकी ब्याज**
भुक्तानी प्राप्त गर्न बाँकी ब्याज अन्तर्गत प्रत्येक दिनको अन्त्यमा असुल हुन बाँकी ऋणको साँवा तथा लगानीमा अर्जित हुने ब्याज पर्दछन्। ऋणमा भुक्तानी प्राप्त गर्न बाँकी ब्याजलाई पूर्ण मूल्यमा लेखाङ्कन गरिन्छ र यसबाट सहकारी विभागद्वारा जारी गरिएको मापदण्ड बमोजिम ब्याज मुल्तबी हिसाब (Interest Suspense A/c) लाई घटाई अनुसूची ६ र १० मा प्रस्तुत गरिएको छ।

६.४. **अग्रिम भुक्तानी**
भविष्यमा प्राप्त गर्न सकिने सेवाको व्यवस्थाका लागि अग्रिम रुपमा भुक्तानी गरिएको रकम नै अग्रिम भुक्तानी हुन्। अग्रिम भुक्तानीलाई भुक्तानी गरेको मितिमा नै पूर्ण मूल्यमा सम्पत्तिका रुपमा लेखाङ्कन गरिन्छ। सेवा प्राप्त गरेपछि वा सेवाको समयावधि समाप्त भए पछि त्यस्ता अग्रिम भुक्तानीको रकम अपलेखन गरिन्छ।

६.५. **बचत/निक्षेप :**
संस्थाको बचत निक्षेप अन्तर्गत आवधिक निक्षेप, बचत निक्षेप, क्रमिक निक्षेप र अन्य निक्षेपहरू पर्दछन्। संस्थामा बचत/निक्षेप जम्मा भएको मितिदेखि नै पुरा मूल्यमा लेखाङ्कन गर्ने गरिन्छ। भुक्तानी भईसकेपछि बचत/निक्षेपको फछ्र्यौट (**Derecognize**) भएको मानिन्छ।

६.६. **ब्याज आम्दानी :**
सहकारी विभागद्वारा जारी ऐन, नियमावली तथा विभिन्न परिपत्र बमोजिम सहकारीले प्रदान गरेको ऋणमा प्राप्त हुने ब्याजलाई नगद प्राप्तिको आधारमा आम्दानी जनाइएको छ।



वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (EDCOL)

६.७. **अन्य आम्दानी :**
अन्य आम्दानीलाई पाकेको आधारमा लेखांकन गरिएको छ। अन्य आम्दानीमा, बैंक ब्याज, हर्जाना आम्दानी, सेवा शुल्क तथा विविध आम्दानी आदि रहेका छन्।

६.८. **ब्याज खर्च :**
बचत/निक्षेप दायित्व तथा सापटीमा तिर्नुपर्ने ब्याजलाई पाकेको आधारमा लेखाङ्कन गरिन्छ।

६.९. **कर्मचारी बोनस व्यवस्था :**
बोनस ऐन बमोजिम आयकर व्यवस्था नगरी कर, जगेडा तथा अन्य अनिवार्य कोष पछिको नाफाको ५ प्रतिशत कर्मचारी बोनस व्यवस्थाको लागी छुट्याई उक्त रकमबाट बोनस बमोजिम कर्मचारीलाई बोनस वितरण गरिने छ।

६.१०. **आयकर व्यवस्था :**
आयकर व्यवस्था आयकर ऐन २०५८ बमोजिम गरिएको छ र स्थगन करको गणना गरिएको छैन।

६.११. **PEARLS अनुगमन प्रणालीको अवलम्बन :**
संस्थाको लेखा PEARLS (Protection, Effective Financial Structures, Assets Quality, Rates of Return and Cost, Liquidity & Sign of Growth) अनुगमन प्रणाली लागु गर्न सहज हुनेगरी राखिएको छ। पर्ल्स विश्लेषणका विगत वर्षका महत्वपूर्ण सुचक र अवस्थाहरूलाई अनुसूचि २४ मा देखाईएको छ।

६.१२. **गत वर्षका अंकहरू :**
वित्तीय विवरणहरू निकटतम अङ्कमा नेपाली रुपैयाँमा प्रस्तुत गरिएको छन्। गत वर्षका अंकहरूलाई तुलना गर्न सजिलो बनाउन आवश्यकता अनुसार पुनः सामुहिकीकरण गरिएको छ।

## लेखा सम्बन्धि टिप्पणीहरू

अनुसूची २३

**१. शेयर पुंजी**

संस्थाको शेयर पुंजी तथा सदस्य संख्या निम्नलिखित छन् :

| आर्थिक वर्ष | शेयर पुंजी (रु.) | सदस्य संख्या |
|---|---|---|
| २०७८।०७९ | २३,२९,०३,०००।०० | ३१,६१२ |

**२. कोषको बाडफाड**

संसोधित विनियमावली अनुसार यस आ. व. मा निम्न बमोजिम हेरफेर गरीएको छ ।

साधारण जगेडा कोषमा सहकारी ऐन अनुरुप आय कर पछिको नाफाबाट २५% रकम बाँडफाँड गरिएको छ । साधारण जगेडा कोषमा बाँडफाँड पश्चात बचेको रकमलाई १००% मानी संरक्षित पूजी कोषमा २५% र सहकारी प्रर्वधन कोषमा ०.५% बाँडफाँड गरिएको त्यस पछि बाँकी रकमलाई १००% मानी देहाय बमोजिमका विभिन्न कोषमा संस्थाले निर्धारण गरे बमोजिम निम्नानुसार बाँडफाँड गरिएको छ ।

| कोषको नाम | विवरण |
|---|---|
| साधारण जगेडा कोष | कर पछीको मुनाफाको २५ प्रतिशत |
| संरक्षित पुजि फिर्ता कोष | जगेडा कोष पछी बाकी रहेको रकमको २५ प्रतिशत |
| सहकारी प्रवर्धन कोष | जगेडा कोष पछी बाकी रहेको रकमको 0.५ प्रतिशत |
| शेयर लाभांश कोष | जगेडा, संरक्षित पुजि फिर्ता र सहकारी प्रवर्धन कोष पछी बाकी रहेको रकमको ७५% |
| सहकारी विकास कोष | जगेडा, संरक्षित पुजि-फिर्ता र सहकारी प्रवर्धन कोष पछी बाकी रहेको रकमको ५% |
| सदश्य शिक्षा कोष | जगेडा, संरक्षित पुजि फिर्ता र सहकारी प्रवर्धन कोष पछी बाकी रहेको रकमको ५% |
| कर्मचारी बोनस कोष | जगेडा, संरक्षित पुजि फिर्ता र सहकारी प्रवर्धन कोष पछी बाकी रहेको रकमको ५% |
| सामुदायिक विकास कोष | जगेडा, संरक्षित पुजि फिर्ता र सहकारी प्रवर्धन कोष पछी बाकी रहेको रकमको ५% |
| घाटा पुर्ति कोष | जगेडा, संरक्षित पुजि फिर्ता र सहकारी प्रवर्धन कोष पछी बाकी रहेको रकमको ५% |

**३. कर्जा लगानी**

यस आर्थिक वर्षमा प्रवाह, असुली र अपलेखन गरिएको कर्जाको विवरण यस प्रकार रहेको छ ।

| विवरण | यस वर्ष | गत वर्ष | फरक |
|---|---|---|---|
| कर्जा लगानी | २,२१,८३,२७,२२० | १,९१,१५,८८,०६१ | ३०,६७,४९,१५९ |

कर्जा लगानीमा १६.०५ प्रतिशतले बृद्धि भएको छ ।

**४. बचत/निक्षेप :**

यस आर्थिक वर्षमा बचतमा भएको परिवर्तनको विवरण यस प्रकार रहेको छ ।

| विवरण | यस वर्ष | गत वर्ष | फरक |
|---|---|---|---|
| बचत | १,१६,७४,६८,२५,७२०.५३ | १,००,१८,३२,२५१.७३ | १६,५६,३६,४७८.८० |

निक्षेपमा १६.५३ प्रतिशतले बृद्धि भएको छ ।

**५. कर्जा जोखिम कोष व्यवस्था :**

संस्थाले कर्जा प्रवाह गर्दा धितोका साथै सामुहिक जमानी तथा व्यक्तिगत धन जमानीमा कर्जा प्रवाह गरेको र लघुवित्त कार्यक्रम तर्फ को कर्जामा ३, ३५ र १०० प्रतिशतका दरले र बचत तथा ऋण कार्यक्रम तर्फ १, ३५ र १०० प्रतिशतका दरले कर्जाको जोखिम व्यहोर्ने कोषको व्यवस्था गरेको छ ।

यस कोषमा अघिल्लो आ.व २०७७/७८ वर्ष सम्म छुट्याईएको रु. ८,४९,४२,१५०.२१ थियो भने यस आ. व. मा थप रु. २,३८,४८,७३५.८० गरि आ.व २०७८/७९ वर्ष सम्म जम्मा रु. १०,८७,९०,८८६.०१ देखाइएको छ ।

**६. स्थिर सम्पत्ति**

**क) स्थिर सम्पत्ति**

स्थिर सम्पत्तिहरू परलमोलमा लेखाङ्कन गरि असाधारण क्षति तथा कुल ह्रास कट्टी घटाई देखाइएको छ । एक वर्षभन्दा कम आयु भएका वस्तुहरु खरिद गरिएको वर्षमै खर्च जनाइएको छ ।

**ख) स्थिर सम्पत्तिको प्रस्तुतिकरण**

स्थिर सम्पत्तिलाई वित्तीय विवरणमा खरिद मूल्य (Historical Cost) को आधारमा प्रस्तुतिकरण गर्नुपर्ने हुन्छ ।



वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (EDCOL)

**७. सामान मौज्दात**

डेरी तथा मसलन्दको मौज्दात मालसामानको मूल्याङ्न पद्धती क्रमबद्ध आगमन र निगमन (FIFO) को आधारमा गरिएको छ, साथै यसको मौज्दात व्यवस्थापनले प्रमाणित गरे बमोजिम रहेको छ । अन्य प्याकिंग तथा नाप्ने उपकरणहरुलाई सामान मौज्दातकोरुपमा देखाइएको छ ।

**८. प्रविधि (Technology) :**

संस्थाको कारोबारलाई व्यवस्थित, छिटो छरितो तथा सरल रुपमा राख्न र व्यवस्थित ढंगले लेखाङ्कन गर्न संस्थालाई पूर्ण रुपमा कम्प्युटरराइज गरिएको छ ।

संस्थाको विधान, सहकारी ऐन तथा नियमावली बमोजिम कम्प्युटराईज्ड लेखा प्रणालीमा कोषको विभाजन गरेको छैन ।

त्यसको साथै सदस्यहरु संगको वित्तिय कारोबारलाई विश्वसनिय तथा व्यवस्थित गर्नका लागि संस्थामा सफ्टवेयर जडान गरी कार्य भई रहेको छ ।

**९. निकटतम रुपैयाँमा प्रस्तुति**

संलग्न लेखा विवरणहरु निकटतम रुपैयाँमा प्रस्तुत गरिएको छ । आर्थिक विवरणमा लेखिएका रकमहरु नेपाली रुपैयामा लेखिएका छन् ।

बैंक मौज्दात बैंकले तथा नगद मौज्दात र अन्य सम्पती व्यवस्थापनले प्रमाणित गरे बमोजिम छ ।

**१०. कोष सुरक्षा तथा उपयोग**

विनियम अनुसार कोषहरुको खाता खोलि संस्थाको नाममा बेग्ला बेग्लै बैंक खाता खोलि जम्मा गर्नु पर्नेमा हाल सो नगरेको ।

**११. संचालक समितिका सदस्यहरुलाई प्रदान गरेको सुविधा**

समिति तथा उपसमितिका सदस्यहरुलाई दिएको भुक्तानी र सुविधा संस्थाको नियमानुसार गरिएको र उक्तमा आयकर अनुसार अग्रिम कर कट्टी गरिएको छ ।

**१२. व्यवस्थापनमा रहेका प्रमुख व्यक्तिहरू:**

सञ्चालक समितिका सदस्य निम्नानुसार रहेको छ ।

| क्र.सं. | नाम | पद | ठेगाना |
|---|---|---|---|
| १ | श्री चन्द्रलाल आचार्य | अध्यक्ष | वीरेन्द्रनगर ८, सुर्खेत |
| २ | श्री प्रेमप्रसाद थालिसे | उपाध्यक्ष | वीरेन्द्रनगर ८, सुर्खेत |
| ३ | श्री राधाकुमारी ढकाल | सचिव | वीरेन्द्रनगर ८, सुर्खेत |
| ४ | श्री ताराकेशर पौडेल | कोषाध्यक्ष | वीरेन्द्रनगर ८, सुर्खेत |
| ५ | श्री चित्रा वली | सदस्य | गुरांस ८, दैलेख |
| ६ | श्री खगिकुमारी बास्तोला | सदस्य | बराहताल ५, सुर्खेत |
| ७ | श्री हिरा बुढा मगर | सदस्य | वीरेन्द्रनगर १०, सुर्खेत |
| ८ | श्री डिले वली | सदस्य | गुर्भाकोट ६, सुर्खेत |
| ९ | श्री काँशीमाया राना | सदस्य | कालिमाटी ४, सल्यान |
| १० | श्री प्रमिला खत्री (वि.सी.) | सदस्य | लिम्ता १, सुर्खेत |
| ११ | श्री यामकुमारी हमाल | सदस्य | गुरांस ४, दैलेख |

संस्थाको लेखा समितिका सदस्यहरु देहाय बमोजिम छ ।

| क्र.सं. | नाम | पद | ठेगाना |
|---|---|---|---|
| १ | श्री हेमलाल पन्त | संयोजक | वीरेन्द्रनगर ८, सुर्खेत |
| २ | श्री हरिमाया पुलामी | सदस्य | वीरेन्द्रनगर ८, सुर्खेत |
| ३ | श्री तिलक खनाल | सदस्य | वीरेन्द्रनगर ८, सुर्खेत |

# संचालक समितिको तर्फबाट प्रस्तुत नीति तथा कार्यक्रम सम्बन्धी मन्तव्य



- राधाकुमारी ढकाल
*सचिव, EDCOL*

***आदरणीय शेयर सदस्य साथीहरु,***

वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (EDCOL) आफ्नो २० औं वार्षिक साधारणसभा भव्यताका साथ सम्पन्न गर्दै २१ औं वर्षमा प्रवेश गर्दै छ। हालसम्म आईपुग्दा सदस्यहरुलाई उनीहरुको चाहना अनुसारका सेवाहरु उत्पादन गर्दै समुदायका बिचमा निरन्तर गरिएको सहकारीमय हातेमालोबाट सदस्य समुदायको मन जित्दै परिस्कृत, परिपक्व र सफल संस्थाको रुपमा स्थापित हुँदै गईरहेको कुरा हामी सबैमाझ छर्लङ्ग छ। संस्थालाई यस अवस्थासम्म ल्याईपुर्‍याउने समिति/उपसमितिका साथीहरु, शेयर सदस्य मित्रहरु, कर्मचारी वर्ग, सरकारी तथा गैर सरकारी निकायहरु, शुभचिन्तक एवं समुदायका महानुभावहरु सबैमा संस्थाको २० औं वार्षिक साधारणसभाको पूर्व सन्ध्यामा हाम्रो सहकारीताको न्यानो अभिवादन व्यक्त गर्न चाहन्छौं।

संस्थाको यस २० औं वार्षिक साधारणसभाको पावन अवसरमा हामी सँधैझैं सहकारीकर्मीहरुका स्मरणीय पात्रहरु फ्रान्ज शुल्ज, एफ.डब्लु. राईफेसन तथा रोचडेल अग्रदुतहरु जस्ता सहकारी आन्दोलनका राष्ट्रिय अन्तर्राष्ट्रिय अग्रजहरुको स्मरण गर्दै भावपूर्ण श्रद्धासुमन व्यक्त गर्न चाहन्छौं। त्यस्तै गरीब तथा विपन्न वर्गको आर्थिक, सामाजिक र सांस्कृतिक विकासका लागि सहयोगीको रुपमा लघुवित्त कार्यक्रमको माध्यमबाट प्रसिद्धी प्राप्त गर्ने गरिबका अग्रणी तथा पथप्रदर्शक आदरणीय डा. मुहम्मद युनुसप्रति समेत सभक्तिपूर्वक श्रद्धा र सम्मान समेत व्यक्त गर्न चाहन्छौं।

साथै, यसै अवसरमा संस्थाका क्रियाकलापहरुमा हातेमालो गर्दै आउने क्रममा असामयिक निधन भई हामीबाट बिछोड हुनुभएका हाम्रा सयौं सहकर्मी आत्माहरुको समेत चीर-शान्तिको कामनाका साथ हार्दिक श्रद्धाञ्जली पनि अर्पण गर्न चाहन्छौं।

**सदस्य महानुभावहरु,**

कुनै पनि सहकारी संस्थाको सर्वोच्च निकाय सदस्यहरु सम्मिलित साधारणसभा हो। साधारणसभाबाट संचालन गर्न स्वीकृति दिएका कार्यक्रमको संचालन भए नभएको, संचालन भएकामध्येको प्रगति विवरण र संचालनमा नआएकाको संचालन हुन नसक्नुको कारणका साथै आगामी वर्षमा गर्नुपर्ने सुधार तथा क्रियाकलापहरु र यसका लागि चाहिने स्रोत साधनको व्यवस्थापन कसरी गर्ने भन्ने कुराको छिनोफानो पनि हामीले संस्था स्थापनाकालदेखि नै साधारणसभाबाट गर्दै आईरहेका छौ। यस वर्ष पनि संस्थाको २० औं वार्षिक साधारणसभा अन्तर्गत विभिन्न ७ वटा एकाई बैठक पश्चात एकाई प्रतिनिधिहरुको सभा गरेर वार्षिक साधारणसभा सम्पन्न गर्न गइरहेकोका छौं। यसै प्रक्रियानुसार संचालक समितिबाट पेश गरिने वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृतिका लागि आ.व. २०७८/०७९ को प्रगति समिक्षा, चालु आ.व. २०७९/०८० लागि गत स्वीकृतिमा आवश्यक संशोधन प्रस्ताव तथा आ.व. २०८०/०८१ का लागि प्रस्तावित कार्यक्रमहरुको पूर्ण विवरण यसै वार्षिक प्रतिवेदन २०७९ को **अनुसूचि १ मा** प्रस्तुत गरिएको छ। सो को विस्तृत अध्ययन गरी बन्दसत्रमा रचनात्मक सुझाव सहित कार्यक्रम स्वीकृत हुने आशा एवं विश्वास लिएका छौं।

विशेषगरी राज्यको आर्थिक, सामाजिक तथा वित्तीय पहुँचबाट पछाडी परेको एवं भौगोलिक कारणले समेत विकट क्षेत्रमा अवस्थित यस कर्णाली प्रदेशको वास्तविक अवस्था हो। यस्तो अवस्थामा रहेका विभिन्न समुदायका गरिब विपन्नहरुको उत्थान गर्न उपयुक्त ठहराई संस्थाले हाल विशेषत: लघुवित्त कार्यक्रमको माध्यमबाट कर्णाली प्रदेशका सुर्खेत, दैलेख, जाजरकोट र सल्यान जिल्लामा संस्थागत क्रियाकलापहरु संचालन गरी लक्षित वर्गसँग हातेमालो गर्दै आईरहेको छ।

**सहकर्मी सदस्य मित्रहरु,**

अब यहाँ गत आ.व. २०७८/०७९ का लागि स्वीकृत गरिएका कार्यक्रम र सो को उपलब्धीको बारेमा संक्षिप्त जानकारी गराउन चाहन्छौं। उक्त आ.व मा पनि विशेषगरी वित्तीय संकट, मुलुकमा राजनीतिक अस्थिरता जस्ता विविध कारणले तोकिएको लक्ष्यमा अपेक्षित उपलब्धी हालिस गर्न नसकिएपनि सदस्यहरुको सकारात्मक समन्वय, भूमिका र कर्मचारीवर्गको जिम्मेवारीवोधका कारण अधिकतम रुपमा संस्थागत गतिविधिहरु संचालन गर्ने प्रयास गरिएको थियो। सो आ.व.मा स्वीकृत कार्यक्रमको आधारमा ५९.११ प्रतिशत उपलब्धी हासिल गरिएको ब्यहोरा अनुरोध छ। सोको विस्तृत विवरण **अनुसूचि १ मा** नै समावेश गरिएकाले यहाँ प्रस्तुत नगरिएको जानकारी गराउँदै उक्त आ.व.मा भएगरेका केही मुख्य मुख्य गतिविधि तथा उपलब्धीहरुको बारेमा यहाँ बुँदागत रुपमा प्रस्तुत गर्न चाहन्छौं।

**गत आ.व. २०७७/०७८ मा सम्पादन गरिएका केही मुख्य मुख्य क्रियाकलापहरु :**

- गत आ.व. संस्थाको जीवन तथा परिवार सुरक्षण योजनामार्फत मृत्यु, सुत्केरी, स्थायी परिवार नियोजन र आवाश क्षति लगायतका सुविधामा गरी कूल ६३२ जनालाई रु.२,५७,८८,४००।- रुपैयाँ सदस्यहरुलाई सुविधा उपलब्ध गराइएको छ। जसको विस्तृत विवरण यसै प्रतिवेदनको **अनुसूचि नं. ६ मा** देखाइएको छ।



वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (EDCOL)

- गत साधारणसभाबाट निर्वाचित भइ आएको नयाँ संचालक तथा लेखा समिति र गठित विभिन्न उपसमितिका पदाधिकारीहरुलाई संस्थागत नीति, नियम तथा सेवा क्रियाकलापहरुका बारेमा जानकारी दिने एवं उनीहरुको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले पनि २ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो।
- गत आ.व.मा स्वीकृत कार्यक्रम अन्तर्गत मुख्यत: सदस्यता वृद्धि, पूँजी वृद्धि, ऋण लगानी एवं असुली, बचत संकलन, सदस्यहरुको क्षमता अभिवृद्धि, जोखिम ऋण व्यवस्थापन, सहकारी सम्बन्धी प्रतियोगिता, समिक्षा वैठक, निरीक्षण अनुगमन, आन्तरिक तथा वार्षिक लेखा परीक्षण जस्ता कार्यहरु संचालन भई सन्तोषजनक दरमा प्रगति हाँसिल गरिएको छ।
- साथै, दिवस समारोह मनाउने क्रममा संस्था स्थापना दिवस, सहकारी दिवस, शुभकामना आदान प्रदान जस्ता विभिन्न दिवस तथा कार्यक्रमहरु उत्साहपूर्वक मनाईएको थियो।
- त्यस्तै, संचालक समिति र उपसमितिका वैठकहरु आवश्यकता अनुसार निरन्तर रुपमा भएका थिए। उक्त आ.व.मा संचालक समितिको बैठक १६ पटक, ऋण कमिटीको बैठक १३४३ पटक र अन्य उपसमितिहरुको बैठक १३ पटक बसेका थिए।
- संस्थामा संलग्न जनशक्तिहरुको क्षमता अभिवृद्धिलाई मध्यनजर गर्दै विशेषगरी संस्थाका साझेदार संस्थाहरुसँगको समन्वयमा संस्थाका पदाधिकारी तथा अधिकृत तहका कर्मचारीहरु विभिन्न तालिम, गोष्ठी तथा अन्तरक्रियात्मक कार्यक्रमहरुमा सहभागी भई सो अवसरमा भएका सिकाइहरुलाई संस्था हितमा प्रयोग गर्ने जमर्को समेत गरिएको छ।
- त्यस्तै स्वावलम्वन विकास केन्द्र, काठमाण्डौंसँगको समन्वयमा संस्था अध्यक्ष तथा अधिकृत तहका कर्मचारीबाट बंगलादेशका लघुवित्त क्षेत्रका अग्रणी संस्थाहरुको अध्ययन अवलोकन भ्रमण कार्यक्रम सम्पन्न भएको थियो।
- दुग्धशाला व्यवसायबाट ४५० जना कृषक प्रत्यक्ष लाभांवित भएका छन्।

**सहयात्री शेयर सदस्य साथीहरु,**

अब संस्थाको वर्तमान अवस्थाको बारेमा यथार्थ सार संक्षेप चित्रण गर्ने अनुमति चाहन्छौं।

- हाल संस्थाले ३१४२० सदस्यहरुसँग हातेमालो गरी सहकार्य गर्दै आईरहेको छ।
- संस्थाका सेवालाई व्यवस्थित गर्नका लागि सुर्खेत जिल्लाको विभिन्न क्षेत्रहरुमा ७ वटा, दैलेखमा ४ वटा र सल्यान जिल्लामा २ वटा गरी जम्मा १३ वटा सेवाकेन्द्रहरु समेत स्थापना भई संचालनमा आएका छन्।
- सदस्यहरुमा पुर्‍याउने सेवालाई प्रभावकारी किसिमले प्रवाह गर्न कार्यकारी अधिकार सहितको व्यवस्थापकीय कर्मचारी टिम संलग्न हुँदै आएको छ। जसमा हाल ११२ जना कर्मचारी एवं प्रशिक्षार्थीहरु संलगन रहेका छन्।
- सदस्यसँग हाल २०७९ असोज मसान्तसम्मको लगानीमा बाँकी ऋण रकम रु.२,२३,८६,४६,१०६।- रहेको छ।
- त्यस्तै संस्थासँग सदस्यहरुको जम्मा बचत रु.१,१७,१६,६९,८१५।- र शेयर रु.२३,९१,३१,१००।- रहेको छ।
- त्यसैगरी यस संस्थाले बाह्य बैंक तथा वित्तीय संस्थाहरुलाई तिर्न बाँकी ऋण रु.४३,५८,७८,७८३।- रहेको छ।

**शेयर सदस्य महानुभावहरु,**

वर्तमान अवस्थाका साथै चालु एवं आगामी आ.व. का लागि समेत प्रस्तावित नीति तथा कार्यक्रमहरुको विस्तृत विवरण यसै मन्तव्यको अनुसूचीहरुमा समावेश गरिएकाले यहाँ प्रस्तुत नगरिएको ब्यहोरा अनुरोध छ। विशेषगरी संस्था संचालनका लागि आवश्यक पर्ने नियम तथा कार्यनीतिहरुको सम्बन्धमा संस्थाका लघुवित्त कार्यक्रम सम्बन्धी नीति २०६८ र कर्मचारी दरबन्दी तथा सेवा सुविधा सम्बन्धी नीति २०५९ मा समय सापेक्ष संशोधन, परिमार्जन तथा थप गरी स्वीकृतिका लागि यसै प्रतिवेदन पुस्तिकाको **अनुसूची २ मा** समावेश गरिएको छ। त्यस्तै कार्यक्रमतर्फ विद्युतीय चुलो प्रवर्द्धन कार्यक्रमलाई उच्च महत्व दिई उक्त कार्यक्रमसँग भएको सम्झौता अनुसारको कार्यहरु चालु अथा आगामी आ.व.मा प्रभावकारी रुपमा गर्नेगरी लक्ष्य निर्धारण गर्नुको साथै संस्था सदस्य तथा समुदायको मागलाई समेत मध्यनजर गर्दै झुल्के परियोजना (मसला उद्योग, कृषि उपज प्रशोधन, खरिद, विक्री आदि) र वातावरण Agro Mart सम्भाव्यता अध्ययन/संचालन जस्ता नयाँ कार्यक्रम थप गरिएको छ भने विगतदेखि संचालन गर्दै आईरहेका अन्य कार्यक्रमहरु आगामी आ.व.को लागि पनि आवश्यकता अनुसारको संख्या र रकममा प्रस्तावित गरिएको छ। साथै बचत तथा ऋण कार्यक्रम तर्फबाट प्रवाह भइरहेका ऋण तथा बचतका सेवाहरु संस्थाका सबै सेवाकेन्द्रहरुबाट पनि क्रमश: सेवा प्रवाह गर्दै जाने व्यवस्था गरिएको छ।

यस संस्थाको विकासक्रम र वर्तमान अवस्थालाई नियालेर विश्लेषण गर्ने हो भने संस्था प्रगतिपथमा लम्किरहेको आभास हुन थालेको छ। यो हामी सबैको योगदानको प्रतिफल हो। त्यसैले संस्थालाई अझ उचाईमा पुर्‍याउन हामी सबैको भूमिका सँधै झैं अझ महत्वपूर्ण रहिरहनेछ भन्ने अपेक्षा गर्दै सोही अनुसारको निरन्तर सक्रियता, तदरुकता र योगदानको लागि अनुरोध गरिएको ब्यहोरा समेत जानकारी गराउन छाहन्छौं।

अन्तमा संस्था संचालक समितिको अनुमतिबाट सदस्यज्यूहरु समक्ष हामीबाट प्रस्तुत कार्यक्रम, गत आ.व.को प्रगति समिक्षा, आगामी आ.व.को लागि प्रस्तावित कार्यक्रम तथा बजेट र नीति नियम जस्ता सस्थाका विविध पक्ष प्रतिवेदन पुस्तिकामा राखिएको छ। सम्पूर्ण शेयर सदस्यज्यूहरुले सोको पूर्ण अध्ययन गरी संस्थालाई सँधै झैं सृजनात्मक र रचनात्मक सुझाव दिनुहुनेछ भन्ने आशा लिएका छौं। यस संस्थालाई जन्माई हुर्काइ यस अवस्थासम्म ल्याउन प्रत्यक्ष एवं अप्रत्यक्ष रुपबाट सहयोग गर्ने सहकारीसँग सम्बन्धित विभिन्न सरकारी निकायहरु, स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ सस्थाहरु, प्राज्ञिक वर्ग, संचार माध्यम, विभिन्न पेशा वर्ग समुदायका व्यक्तित्वहरु र शुभेच्छुक सबैमा हार्दिक धन्यवाद समेत दिन चाहन्छौं।

**जय सहकारी !**

अनुसूची- १

# वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (EDCOL)

(वातावरण भवन)

*वीरेन्द्रनगर-८, सुर्खेतको*

आ.व. २०७८/०७९ को यथार्थ प्रगति, २०७९/०८० को लागि स्वीकृतिमा आवश्यक संशोधन तथा आगामी

## आ.व. २०८०/०८१ का लागि प्रस्तावित वार्षिक कार्यक्रम

| क.सं. | कार्यक्रम शिर्षक र विवरण | इकाई | आ.व. २०७८/०७९ को | | | चालु आ.व. २०७९/०८० को स्वीकृति तथा संशोधन | | | | आ.व. २०८०/०८१ को लागि प्रस्तावित लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्वीकृत लक्ष्य | यथार्थ प्रगति | प्रगति प्रतिशत | स्वीकृत लक्ष्य | संशोधन थप/घट | जम्मा स्वीकृति लक्ष्य | बजेट | प्रस्तावित लक्ष्य | बजेट | स्रोत |
| १ | शेयर बिक्री | कित्ता | ५६०००० | ५३७८७१ | ९६.०५ | ६४४००० | ४०००० | ६८४००० | ० | ८२०००० | ० | |
| २ | शेयर सदस्य वृद्धि | जना | ३६५० | २५८२ | ७०.७४ | ३७०० | -२०० | ३५०० | ० | ४००० | ० | |
| ३ | बहुउद्देश्यीय सेवा थप र संचालन | वटा | निरन्तरता दिने | ० | ० | ० | निरन्तरता दिने | निरन्तरता दिने | निर्णय अनुसार | निरन्तरता दिने | निर्णय अनुसार | आन्तरिक |
| ४ | सेवाकेन्द्र विस्तार | वटा | २ | १ | ५० | २ | ० | २ | ७००००० | २ | ७००००० | आन्तरिक |
| ५ | फिल्ड प्रशिक्षार्थी/कर्मचारी नियुक्ति | जना | १० | ७ | ७० | १५ | ० | १५ | ५०००० | १५ | ५०००० | आन्तरिक |
| ६ | पि.जि.टी. सञ्चालन | वटा | १२० | १०५ | ८७.५० | १२० | ० | १२० | १२०००० | १२५ | १२५००० | आन्तरिक/बाह्य |
| ७ | कुल ऋणी संख्या | जना | २२००० | १६८५३ | ७६.६० | २४००० | ० | २४००० | ० | २६००० | ० | |
| ८ | ऋण सदुपयोगिता निरिक्षण | पटक | २२००० | १२७८९ | ५८.१३ | २४००० | ० | २४००० | ० | २६००० | ० | |
| ९ | ऋण लगानी | रु | २११५०००००० | १९९१३१०००० | ९४.१५ | २३८१५००००० | -२२५००००० | २३५९०००००० | ० | २८१२०००००० | ० | |
| १० | ऋण असुली | रु | १८००८००००० | १६८४५६०८४१ | ९३.५५ | २०८०१००००० | ३७९००००० | २११८०००००० | ० | २५१५०००००० | ० | |
| ११ | लगानीमा बाँकी ऋण | रु. | २२४९०८८०६१ | २२१८३३७२२० | ९८.६३ | २५५०४८८०६१ | -९११५०८४१ | २४५९३३७२२० | ० | २७५६३३७२२० | ० | |
| १२ | सदस्यको बचत प्राप्त | रु. | ६४००००००० | ६०२४०११०० | ९४.१३ | ७४४१००००० | -२०००००००० | ७२४१००००० | ० | ८६८०००००० | ० | |
| १३ | सदस्यको बचत फिर्ता | रु. | ४७२५००००० | ४४४८६९५१० | ९४.१५ | ५४०१२५००० | -१९०००००० | ५२११२५००० | ० | ६१५०००००० | ० | |
| १४ | बाँकी बचत | रु | ११७७४३७१४० | ११५९०००१०२ | ९८.४३ | १३८१४१२१४० | -१९४३७०३८ | १३६१९७५१०२ | ० | १६१४९७५१०२ | ० | |
| १५ | ऋण लिने | रू. | ३०३०००००० | १६०००००००० | ५२.८१ | ३५३०००००० | -९३०००००० | २६००००००० | ० | ३१००००००० | नियमानुसार | आन्तरिक |
| १६ | केन्द्र/सामाजिक आर्थिक सहयोग | वटा | आवश्यक्तानुसार | ११ | १०० | आवश्यक्तानुसार | ० | आवश्यक्तानुसार | आवश्यक्तानुसार | आवश्यक्तानुसार | आवश्यक्तानुसार | आन्तरिक |
| १७ | पुनर्ताजगी तालिम | वटा | आवश्यक्तानुसार | २६० | १०० | आवश्यक्तानुसार | ० | आवश्यक्तानुसार | आवश्यक्तानुसार | आवश्यक्तानुसार | आवश्यक्तानुसार | आन्तरिक/बाह्य |
| १८ | आन्तरीक अध्ययन अवलोकन (नयाँ केन्द्र) | पटक | आवश्यक्तानुसार | ५१ | १०० | आवश्यक्तानुसार | ० | आवश्यक्तानुसार | आवश्यक्तानुसार | आवश्यक्तानुसार | आवश्यक्तानुसार | आन्तरिक |
| १९ | बाह्य अध्ययन अवलोकन (सदस्य/संचालक) | पटक | २ | ० | ० | २ | -१ | १ | २००००० | १ | २००००० | आन्तरिक/बाह्य |
| २० | वाह्य अध्ययन अवलकोन (कर्मचारी) | पटक | २ | ० | ० | २ | -१ | १ | २००००० | १ | २००००० | आन्तरिक |
| २१ | अन्तर्राष्ट्रिय भ्रमण कार्यक्रम (संचालक) | जना | २ | ० | ० | २ | ० | २ | ४००००० | २ | ४००००० | आन्तरिक/बाह्य |
| २२ | अन्तर्राष्ट्रिय भ्रमण कार्यक्रम (कर्मचारी) | जना | ३ | ० | ० | ४ | ० | ४ | ७००००० | ४ | ७००००० | आन्तरिक/बाह्य |
| २३ | शाखा प्रबन्धकबाट केन्द्र निरिक्षण | पटक | २६०० | २४२४ | ९३.२३ | २७०० | १०० | २८०० | ० | २९०० | ० | |
| २४ | के. कार्यालयबाट शाखा/केन्द्र निरिक्षण | पटक | २५० | ९६ | ३८.४० | २७५ | ० | २७५ | नियमानुसार दै.भ्र.भ. | २७५ | नियमानुसार दै.भ्र.भ. | आन्तरिक |
| २५ | कर्मचारी बैठक (प्रति शाखा/के.का. मासिक १) | पटक | ३५० | २५६ | ७३.१४ | ४०० | ० | ४०० | नियमानुसार | ४०० | नियमानुसार | आन्तरिक |
| २६ | सेवाकेन्द्र प्रमुखहरुको बैठक | पटक | १२ | ११ | ९१.६७ | १२ | ० | १२ | नियमानुसार | १२ | नियमानुसार | आन्तरिक |

क्रमश:





| क.सं. | कार्यक्रम शिर्षक र विवरण | इकाई | आ.व. २०७८/०७९ को | | | चालु आ.व. २०७९/०८० को स्वीकृति तथा संशोधन | | | | आ.व. २०८०/०८१ को लागि प्रस्तावित लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्वीकृत लक्ष्य | यथार्थ प्रगति | प्रगति प्रतिशत | स्वीकृत लक्ष्य | संशोधन थप/घट | जम्मा स्वीकृति लक्ष्य | बजेट | प्रस्तावित लक्ष्य | बजेट | स्रोत |
| २७ | लघुवित्त उप-समिति बैठक | पटक | १२ | ७ | ५८.३३ | १२ | ० | १२ | नियमानुसार | १२ | नियमानुसार | आन्तरिक |
| २८ | आन्तरीक समिक्षा बैठक (त्रैमासिक) | पटक | ४ | ४ | १०० | ४ | ० | ४ | ३००००० | ४ | ३००००० | आन्तरिक |
| २९ | केन्द्र प्रमुखहरुको गोष्ठी | वटा | ३५ | ३७ | १०५.७१ | ४० | ० | ४० | ३०००००० | ४० | ३०००००० | आन्तरिक |
| ३० | स्वमूल्याङ्कन/विविध गोष्ठी | वटा | १० | १ | १० | १० | ० | १० | ७५०००० | १० | ७५०००० | आन्तरिक |
| ३१ | संचालक/सदस्य/कर्मचारी क्षमता अभिवृद्धि तालिम | पटक | १३ | १९ | १४६.१५ | १५ | ० | १५ | ७५०००० | १५ | ७५०००० | आन्तरिक |
| ३२ | स्थानीय सरकार तथा सामुदायिक समन्वयात्मक गोष्ठी | वटा | ३ | २ | ६६.६७ | ४ | -२ | २ | ५०००० | २ | ५०००० | आन्तरिक |
| ३३ | सहकारी/लघुवित्त शिक्षा तथा सचेतना कार्यक्रम | वटा | २ | २ | १०० | २ | ० | २ | १००००० | २ | १२५००० | आन्तरिक |
| ३४ | वित्तीय साक्षरता/सदस्य क्षमता अभिवृद्धि कार्यक्रम | वटा | १५ | १४ | ९३.३३ | १५ | ० | १५ | ७५०००० | १५ | ७५०००० | आन्तरिक/बाह्य |
| ३५ | तीन शुन्य कार्यक्रम | वटा | १२ | ० | ० | २४ | -११ | १३ | १००००० | १४ | १२०००० | आन्तरिक |
| ३६ | वातावरणमैत्री गाउँ तथा टोल निर्माण | वटा | २ | ० | ० | २ | ० | २ | १००००० | २ | १००००० | आन्तरिक |
| ३७ | अति विपन्न समूह सहयोग कार्यक्रम | वटा | ४ | ० | ० | ८ | -४ | ४ | १००००० | ६ | २००००० | आन्तरिक |
| ३८ | ❋भुल्के परियोजना (मसला उद्योग, कृषि उपज प्रशोधन, खरिद, बिक्री आदि) | वटा | ० | ० | ० | ० | १ | १ | ५०००००० | निरन्तर | आवश्यक्तानुसार | आन्तरिक |
| ३९ | ❋वातावरण Agro Mart सम्भाव्यता अध्ययन/संचालन | वटा | ० | ० | ० | ० | १ | १ | १०००००००० | निरन्तर | आवश्यक्तानुसार | आन्तरिक |
| ४० | विद्युतीय चुलो प्रवर्द्धन कार्यक्रम | जना | ५००० | ० | ० | ३००० | ३००० | ६००० | नियमानुसार | ४००० | नियमानुसार | आन्तरिक/बाह्य |
| ४१ | सदस्यका छोराछोरी तथा विद्यार्थीका लागि वित्तीय शिक्षा | जना | ३०० | ० | ० | ५०० | -२०० | ३०० | १५०००० | ३०० | १५०००० | आन्तरिक |
| ४२ | विद्यालयमा सहकारी शिक्षा कार्यक्रम (पढ्दै कमाउँदै) | वटा | २ | ० | ० | १ | ० | १ | १००००० | १ | १००००० | आन्तरिक |
| ४३ | विभिन्न दिवस, उत्सव, कार्यक्रम तथा प्रतियोगिताहरु | वटा | ४ | ९ | २२५ | ५ | ० | ५ | ३००००० | ५ | ३००००० | आन्तरिक |
| ४४ | संस्था/समुदाय परिचयात्मक गोष्ठी (विभिन्न स्थान) | वटा | २ | २ | १०० | २ | ० | २ | १००००० | २ | १२५००० | आन्तरिक |
| ४५ | संस्थागत स्वमूल्यांकन/समिक्षा गोष्ठी | वटा | १ | ० | ० | १ | ० | १ | १००००० | १ | १००००० | आन्तरिक |
| ४६ | समिति उपसमितिबाट सेवाकेन्द्र अनुगमन निरीक्षण | वटा | १२ | ७ | ५८.३३ | १५ | -२ | १३ | नियमानुसार | १३ | नियमानुसार | आन्तरिक |
| ४७ | अन्तर संस्था अध्ययन अवलोकन (आन्तरिक) | पटक | २ | ० | ० | २ | -१ | १ | १५०००० | १ | १५०००० | आन्तरिक |
| ४८ | संचालक कर्मचारी मिलन कार्यक्रम | वटा | १ | १ | १०० | १ | ० | १ | २००००० | १ | २००००० | आन्तरिक |
| ४९ | संचालक समिति बैठक | पटक | १८ | १६ | ८८.८९ | १८ | ० | १६ | नियमानुसार | १६ | नियमानुसार | आन्तरिक |
| ५० | ऋण कमिटीको बैठक | पटक | आवश्यक्तानुसार | १३४३ | १०० | आवश्यक्तानुसार | ० | आवश्यक्तानुसार | नियमानुसार | आवश्यक्तानुसार | नियमानुसार | आन्तरिक |
| ५१ | ऋणी भेटघाट, सम्पर्क, अनुगमन निरीक्षण | जना | १००० | ११७४ | ११७.४० | १२०० | ० | १२०० | नियमानुसार | १२०० | नियमानुसार | आन्तरिक |
| ५२ | अन्य समिति उप समिति बैठक (त्रैमासिक) | पटक | १६ | १३ | ८१.२५ | २० | -४ | १६ | नियमानुसार | १६ | नियमानुसार | आन्तरिक |
| ५३ | कार्यक्रम योजना निर्माण (रातो किताब) | वटा | १ | १ | १०० | १ | ० | १ | ५००० | १ | ५००० | आन्तरिक |
| ५४ | दुग्ध उत्पादन पकेट क्षेत्र सम्भाव्यता अध्ययन | वटा | ३ | २ | ६६.६७ | ४ | -१ | ३ | ६०००० | ३ | ६०००० | आन्तरिक |
| ५५ | कृषक भेला तथा संकलन केन्द्र संचालन समिति गठन | वटा | ५ | २ | ४० | ५ | -३ | २ | ० | २ | ० | |
| ५६ | दुग्ध कृषक तथा संकलन केन्द्र समिति अभिमूखिकरण | पटक | ५ | २ | ४० | ५ | -३ | २ | ५०००० | २ | ५०००० | आन्तरिक |
| ५७ | दुग्ध उत्पादक कृषक तथा संकलन केन्द्रसँग सम्झौता | वटा | ६ | ३ | ५० | ६ | -४ | २ | ० | ३ | ० | |
| ५८ | दुग्ध संकलन केन्द्र/सहकारीको क्षमता अभिबृद्धि/सहयोग | पटक | ५ | ० | ० | ५ | -३ | २ | ४०००० | २ | ४०००० | आन्तरिक |
| ५९ | दुग्ध संकलन केन्द्र निरीक्षण | पटक | ३५ | ५ | १४.२९ | ४० | -२० | २० | नियमानुसार | २० | नियमानुसार | आन्तरिक |
| ६० | संकलन केन्द्रसँग समन्वय बैठक | पटक | ४ | २ | ५० | ५ | -२ | ३ | ६०००० | ३ | ६०००० | आन्तरिक |

क्रमश:

| क्र.सं. | कार्यक्रम शिर्षक र विवरण | इकाई | आ.व. २०७८/०७९ को | | | चालु आ.व. २०७९/०८० को स्वीकृति तथा संशोधन | | | | आ.व. २०८०/०८१ को लागि प्रस्तावित लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्वीकृत लक्ष्य | यथार्थ प्रगति | प्रगति प्रतिशत | स्वीकृत लक्ष्य | संशोधन थप/घट | जम्मा स्वीकृति लक्ष्य | बजेट | प्रस्तावित लक्ष्य | बजेट | स्रोत |
| ६१ | दुग्ध उत्पादक कृषक घर दैलो भेटभाट | पटक | २० | ० | ० | २५ | -१५ | १० | नियमानुसार | १० | नियमानुसार | आन्तरिक |
| ६२ | दुग्ध उत्पादक कृषक बैठक | पटक | १५ | ७ | ४६.६७ | २० | -१० | १० | १००००० | १० | १००००० | आन्तरिक |
| ६३ | दुग्ध उत्पादक कृषकको क्षमता अभिवृद्धि | वटा | २ | १ | ५० | २ | -१ | १ | ५०००० | २ | १००००० | आन्तरिक |
| ६४ | दुग्ध जन्य पदार्थ विक्रि केन्द्र छनौट तथा सम्झौता | वटा | १० | ३ | ३० | १० | ० | १० | ० | १० | ० | |
| ६५ | दुग्ध विक्रि केन्द्र संचालकहरुलाई अभिमूखिकरण | वटा | आवश्यक्तानुसार | ३ | १०० | आवश्यक्तानुसार | ० | आवश्यक्तानुसार | आवश्यक्तानुसार | आवश्यक्तानुसार | आवश्यक्तानुसार | आन्तरिक |
| ६६ | दुग्ध जन्य पदार्थ विक्रि केन्द्र निरीक्षण | पटक | १५ | ७ | ४६.६७ | १५ | ० | १५ | नियमानुसार | १५ | नियमानुसार | आन्तरिक |
| ६७ | दुग्ध पदार्थ विक्रि केन्द्र संचालकसँग समन्वय बैठक | पटक | १२ | ७ | ५८.३३ | १२ | ० | १२ | २४०००० | १२ | २४०००० | आन्तरिक |
| ६८ | उत्कृष्ट दुग्ध संकलन केन्द्र पुरस्कार | वटा | १ | ० | ० | १ | ० | १ | १५००० | १ | १५००० | आन्तरिक |
| ६९ | उत्कृष्ट दुग्ध जन्य पदार्थ विक्रि केन्द्र पुरस्कार | वटा | १ | ० | ० | १ | ० | १ | १५००० | १ | १५००० | आन्तरिक |
| ७० | उत्कृष्ट कृषक पुरस्कार | वटा | ५ | ० | ० | ५ | ० | ५ | ६०००० | ५ | ६०००० | आन्तरिक |
| ७१ | लघुवित्त सामाजिक सम्मान | जना | निर्णय अनुसार | ० | ० | निर्णय अनुसार | ० | निर्णय अनुसार | निर्णय अनुसार | निर्णय अनुसार | निर्णय अनुसार | आन्तरिक |
| ७२ | उत्कृष्ट केन्द्र पुरस्कार (प्रति शाखा ५ केन्द्र) | वटा | ६० | ६० | १०० | ७० | -५ | ६५ | १३००००० | ७० | १४००००० | आन्तरिक |
| ७३ | सर्वोत्कृष्ट उद्यमी सदस्य पुरस्कार | वटा | १२ | ० | ० | १४ | ० | १४ | १४०००० | १४ | १४०००० | आन्तरिक |
| ७४ | सदस्यको परिवारका सदस्यहरुलाई व्यवसाय प्रवर्द्धन सम्बन्धी अभिमुखीकरण कार्यक्रम | वटा | ६ | ० | ० | ६ | ० | ६ | ३००००० | ६ | ३००००० | आन्तरिक |
| ७५ | साझेदारीमा साना उद्योग तथा व्यवसाय संचालन | वटा | १२ | ० | ० | १२ | ० | १२ | निर्णय अनुसार | १२ | निर्णय अनुसार | आन्तरिक |
| ७६ | युवा उद्यमी छनौट र पूँजी/सीप सहयोग कार्यक्रम | जना | १० | ० | ० | १० | ० | १० | १००००० | १० | १००००० | आन्तरिक |
| ७७ | EDCOL छात्र वृत्ति प्रदान (प्रा. स्तर) | जना | २ | २ | १०० | २ | ० | २ | १५००० | २ | २०००० | आन्तरिक |
| ७८ | EDCOL छात्र वृत्ति प्रदान (मा.वि. स्तर) | जना | २ | २ | १०० | २ | ० | २ | २५००० | २ | ३५००० | आन्तरिक |
| ७९ | उत्कृष्ट ऋणी सम्मान | जना | १० | ६ | ६० | १० | -४ | ६ | २५००० | ६ | ३५००० | आन्तरिक |
| ८० | उत्कृष्ट वचतकर्ता सम्मान | जना | १० | ६ | ६० | १० | -४ | ६ | २५००० | ६ | ३५००० | आन्तरिक |
| ८१ | सदस्यहरुलाई सीपमूलक तालिम | पटक | ३ | २ | ६६.६७ | ३ | ० | ३ | २५०००० | ३ | २५०००० | आन्तरिक |
| ८२ | उत्कृष्ट कर्मचारी पुरस्कार | जना | ६ | ४ | ६६.६७ | ६ | ० | ६ | १२०००० | ६ | १५०००० | आन्तरिक |
| ८३ | स्वास्थ्य शिविर | वटा | १ | ० | ० | १ | ० | १ | १००००० | १ | १२५००० | आन्तरिक |
| ८४ | मृत सदस्य श्रद्धान्जली/समवेदना (प्रति मृत सदस्य) | वटा | आवश्यक्तानुसार | ८३ | १०० | आवश्यक्तानुसार | ० | आवश्यक्तानुसार | रु.५०० बराबर | आवश्यक्तानुसार | रु.५०० बराबर | आन्तरिक |
| ८५ | व्यवसायिक योजना निर्माण | वटा | ३ | ३ | १०० | १ | १ | २ | २५००० | २ | २५००० | आन्तरिक |
| ८६ | ऋण धितो लिलाम कार्यक्रम | पटक | १ | ० | ० | १ | ० | १ | आवश्यक्तानुसार | १ | आवश्यक्तानुसार | आन्तरिक |
| ८७ | आन्तरिक लेखापरीक्षण (त्रैमासिक) | पटक | ६० | ३७ | ६१.६७ | ६४ | ० | ६४ | नियमानुसार | ६८ | नियमानुसार | आन्तरिक |
| ८८ | वार्षिक लेखा परिक्षण | पटक | १ | १ | १०० | १ | ० | १ | निर्णय अनुसार | १ | निर्णय अनुसार | आन्तरिक |
| ८९ | साधारण सभा/एकाई बैठक | वटा | ७ | ७ | १०० | ७ | ० | ७ | ४९३२५०० | ७ | ६०५०००० | आन्तरिक |
| ९० | संचालन स्वक्षमता (OSS) | % | १२१ | ११३ | ९३.३९ | १२१ | -९ | ११२ | ० | १११ | ० | |
| | सरदर उपलब्धी प्रतिशत | | | | ५९.११ | | | | | | | |

**नोट :**

१) नयाँ प्रस्तावित कार्यक्रमहरुको संकेत : ❋

२) पेश गरिएको प्रस्ताव स्वीकृति पश्चात संचालन गर्ने मुख्य जिम्मेवारी सम्बन्धित उपसमितिको हुनेछ। व्यवस्थापनले आवश्यक सहयोग गर्नेछ।

३) स्वीकृत कार्यक्रमहरु संचालन गर्दा प्रस्ताव गरिएको बजेटमा अपुग वा बचत हुन जाने देखिएमा सोलाई संचालक समितिको निर्णय अनुसार व्यवस्थापन गर्न सकिनेछ।

४) आन्तरिक स्रोतबाट संचालन गरिने कार्यक्रमहरु सम्बन्धित कोष तथा चालु खर्चबाट प्रस्तावमा उल्लेख भएअनुसार गरिनेछ।





अनुसूची- २

# वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (EDCOL)

*वीरेन्द्रनगर-८, सुर्खेत*

# नीतिहरुमा थप तथा संशोधन २०७५

वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.को शेयर सदस्यता प्रदान, बचत तथा ऋण परिचालन कार्यको सेवा क्षेत्रलाई बढी सक्षम, सुदृढ गरी संस्था तथा सदस्यहरू बीचको सेवा आदान-प्रदान कार्यलाई अझ प्रभावकारी बनाउन संस्थाबाट संचालनमा ल्याइएका विभिन्न नीतिहरुलाई प्रस्तुत कार्यक्रम तथा बजेटको भावना अनुरुप तथा समय सापेक्ष संशोधन र परिमार्जन गर्न वान्छनीय भएकाले संस्थाको आर्थिक, प्रशासन नियम २०५९ (संशोधन समेतको) नियम १९ को (क) १ ले दिएको अधिकार प्रयोग गरी संस्थाको २० औं वार्षिक साधारणसभाले भइरहेको व्यवस्थामा संशोधन, नयाँ व्यवस्था थप गर्दै **तपसिल** बमोजिमका नीतिहरुको परिमार्जन तथा संशोधन प्रस्ताव गरी मूल नीतिमा समावेश गर्न प्रस्ताव गरिएको छ।

## १) संक्षिप्त नाम र प्रारम्भ

**क) नाम :** यी नीतिहरुको नाम वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (EDCOL)ले कार्यान्वयनमा ल्याएका निम्न नीतिहरुमा (२०७९ सम्मको संशोधन) रहने छ।

**ख) प्रारम्भ :** यी नीतिहरु वार्षिक साधारणसभाले स्वीकृत गरेपछि संचालक समितिको निर्णय अनुसार लागु हुनेछन्।

| नीतिमा भएको हालको व्यवस्था | | | नीतिमा थप तथा संशोधन भई कायम हुनुपर्ने व्यवस्था | | |
|---|---|---|---|---|---|
| परिच्छेद | दफा | शब्द तथा वाक्य | परिच्छेद | दफा | शब्द तथा वाक्य |
| **लघुवित्त कार्यक्रम संचालन सम्बन्धी नीति २०६८** | | | | | |
| ३ | ६ | प्रवेश शुल्क रु.६०।- र पासबुक शुल्क रु.५०।- भएको। | ३ | ६ | प्रवेश शुल्क रु.१००।- र पासबुक शुल्क रु.१००।- हुने। |
| ४ | १० (क) | साधारण ऋणको अवधि ४८ महिना तथा किस्ता ४८ भएको। | ४ | १० (क) | साधारण ऋणको अवधि १२० महिना कायम गरी किस्ता पनि सोही अनुसार हुने। |
| – | – | – | ४ | १० | लघुवित्ततर्फका ऋणहरुमा देखिएको भाखा नाघ्ने दरलाई कम गर्न कार्यक्रमतर्फका सबै ऋणहरुमा पनि भाखा नाघेको सावाको वार्षिक ३ प्रतिशतका दरले हर्जना लिने व्यवस्था कायम गरिएको छ। |
| – | – | – | ४ | १० (ङ) | नविकरणीय उर्जा ऋण अन्तर्गत समूह जमानतमा विद्युतीय चुलोको लागि मात्र नयाँ ऋणको व्यवस्था गरिएको छ। जसको अधिकतम सीमा रु.१०,०००।-, ऋणको अवधि १ वर्ष, ब्याज दर १५ प्रतिशत र सेवा शुल्क नलाग्ने व्यवस्था छ। |
| – | – | – | ४ | १० (च) | कारोबारो बिग्रेर नियमित रुपमा ऋण तिर्न नसकि जोखिममा परेका सदस्यहरुलाई सदस्यको माग बमोजिम निजको बाँकी रहेको ऋणलाई पुन: लगानी गरेर त्यस्ता सदस्यहरुलाई किस्ताको आकार सानो बनाई ऋण तिर्न केही सहज बनाउन सकिने व्यवस्था थप गरिएको छ। |
| **कर्मचारी दरबन्दी तथा सेवा सुविधा सम्बन्धी नीति २०५४** | | | | | |
| – | – | – | – | – | तलब भत्ता तथा सेवा सुविधाका सम्बन्धमा तलब निर्धारण उपसमितिको सिफारिस तथा आ.व. २०७९/०८० को आर्थिक कारोवार एवं आम्दानी खर्चको आधारमा संचालक समितिको निर्णयले आ.व. २०८०/०८१ मा संचालक तथा उपसमितिको बैठक भत्तामा बढीमा १५ प्रतिशतसम्म र कर्मचारीहरुको खाइपाई आएको तलब भत्ता सुविधा बढीमा २० प्रतिशतसम्म वृद्धि गरिने प्रस्ताव गरिएको छ। |

# संस्थाको बचत तथा ऋण र लघुवित्त कार्यक्रमतर्फ बचतमा प्रदान गरिने ब्याज दर र ऋणमा लिने ब्याज दर तथा सेवा शुल्क सम्बन्धी विवरण

## बचतमा प्रदान गरिने ब्याज दर :

| क्र.सं. | बचतको शिर्षक | ब्याज दर | कैफियत |
|---|---|---|---|
| **(क) बचत तथा ऋण कार्यक्रमतर्फ :** | | | |
| १ | अनिवार्य मासिक बचत | ७ | |
| २ | नियमित दैनिक बचत | ६ | |
| ३ | खुत्रुके बचत | ८ | |
| ४ | स्वेच्छिक बचत | ४ | |
| ५ | आवधिक बचत (मुद्धति) | १ वर्षे ९, २ वर्षे १० र ३ वर्षे ११ | |
| ६ | कर्मचारी हितकोष बचत | ७ | |
| ७ | सदस्य समृद्धि बचत | १५ | |
| ८ | पेवा बचत | १७ | |
| ९ | आवाश बचत | ८ | |
| **(ख) लघुवित्त कार्यक्रमतर्फ :** | | | |
| १ | समूह बचत | ७ | |
| २ | व्यक्तिगत बचत | ५ | |
| ३ | केन्द्रकोष बचत | ७ | |
| ४ | उपकार बचत | ९ | |
| ५ | शिक्षा पेन्सन बचत | १५ | |
| ६ | आवाश बचत | ८ | |
| ७ | ऋण सरलीकृत दैनिक बचत | ५ | |
| ८ | बाल बचत | ८ | |
| ९ | विशेष बचत | ७ | |

## ऋणमा लिने ब्याज दर तथा सेवा शुल्क :

| क्र.सं. | ऋणको शिर्षक | ब्याज दर | सेवा शुल्क |
|---|---|---|---|
| **(क) बचत तथा ऋण कार्यक्रमतर्फ :** | | | |
| १ | सदस्य जमानत ऋण | १४ | सदस्यलाई प्रदान गर्ने ऋणमा ऋण लिदाको समयमा १ प्रतिशत । |
| २ | लघुउद्यम व्यवसायिक ऋण | १५.५ | |
| ३ | उत्पादनमूलक कृषि तथा पशुपंक्षी पालन ऋण (दुग्ध उत्पादन) | १२ | |
| ४ | मध्ययम/उच्च व्यवसायिक ऋण | १५.५ | |
| ५ | वैदेशिक रोजगार ऋण | १४.५ | |
| ६ | आवधिक स्वधन ऋण | १४ | |
| ७ | कर्मचारी कल्याण ऋण | १५.५ | |
| ८ | कर्मचारी सापटी ऋण | १५.५ | |
| ९ | कर्मचारी सवारी साधन ऋण | १५.५ | |
| १० | आवाश ऋण | १४.५ | |
| **(ख) लघुवित्त कार्यक्रमतर्फ :** | | | |
| १ | साधारण ऋण | १५.७५ | सदस्यलाई प्रदान गर्ने ऋणमा ऋण लिदाको समयमा १ प्रतिशत । |
| २ | मौसमी ऋण | १५.७५ | |
| ३ | केन्द्रकोष (आकस्मिक) ऋण | १२ | |
| ४ | आवाश ऋण | १४ | |
| ५ | वायोग्यास ऋण | १४ | |
| ६ | उज्यालो (सोलार) ऋण | १३ | |
| ७ | लघुउद्यम ऋण | १५.५ | |





# संचालक समितिको तर्फबाट प्रस्तुत बजेट मन्तव्य



**- ताराकेशर पौडेल**
*कोषाध्यक्ष, EDCOL*

***आदरणीय शेयर सदस्य साथीहरु,***

यस वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.को २० औं वार्षिक साधारणसभाको पावन अवसरमा संस्था सञ्चालक समिति, लेखा समिति, सल्लाहकार तथा विभिन्न उपसमितिका साथीहरु, सभाका सभासद शेयर सदस्य मित्रहरु, संस्थाको लघुवित्त समूहमा संलग्न महिला दिदीबहिनीहरु, संस्थामा संलग्न कर्मचारी तथा संस्थाका समस्त शुभचिन्तक महानुभावहरुमा हाम्रो सहकारीमय न्यानो अभिवादन व्यक्त गर्न चाहन्छौं ।

**शेयर सदस्य मित्रहरु,**

अहिलेको अवस्थासम्म आईपुग्दा विभिन्न चुनौती तथा अवसरहरुलाई आत्मसाथ गर्दै संस्था अगाडी बढिरहेको छ। यस वर्ष पनि प्रत्येक वर्ष झैं सदस्य तथा समुदाय हितलाई मध्यनजर गर्दै संस्थाले संचालन गर्ने सेवा क्रियाकलापको लागि आवश्यक पर्ने बजेट तयार पारी सम्मानित साधारणसभाहरुबाट स्वीकृति लिई कार्यक्रमहरु संचालन गर्न गइरहेका छौं। विशेषगरी संस्थाका सचिवज्यूबाट गत आ.व. २०७८/०७९ को संस्थाको व्यवस्थापकीय तथा आर्थिक सामाजिक सेवाका गतिविधिको समीक्षा गर्दै चालु आ.व. २०७९/०८० का लागि पूर्व स्वीकृतिमा संशोधन र आगामी आ.व. २०८०/०८१ का लागि प्रस्तावित कार्यक्रमहरु यहाँहरु समक्ष प्रस्तुत भईसकेको छ। सचिव ज्यूबाट प्रस्तुत कार्यक्रमहरुमा संस्थाबाट खर्च भएका र हुने रकमहरु अर्थात् संस्थाले संचालन गरेको र गर्ने आर्थिक क्रियाकलापहरुको लागि आवश्यक पर्ने बजेट तयार पारी संचालक समितिको निर्णय अनुसार सम्बन्धित सबैको जानकारीको लागि यहाँ प्रस्तुत गरिएको छ।

**सदस्य साथीहरु,**

स्थापना कालदेखि नै संस्थाको आर्थिक क्रियाकलापलाई पारदर्शी र विधिसम्मत बनाउन संस्थाले आर्थिक प्रशासनिक नियमावली तयार पारी कार्यान्वयनमा ल्याएको छ। हाल संस्थाको आर्थिक क्रियाकलापहरुको अभिलेख पारदर्शी तवरको दोहोरो लेखा प्रणालीमा आधारित खाता तथा अभिलेखहरु कम्प्यूटर सफ्टवेयर प्रविधिको प्रयोग गरी हर-हिसाब राख्ने गरिएको छ। राखिएका हिसाबहरुको नियमित रुपमा आन्तरिक लेखापरीक्षण पनि गर्ने गरिएको छ। प्रत्येक आर्थिक वर्षको अन्तमा आर्थिक क्रियाकलापहरुलाई कानुनी रुप दिन चार्टर्ड एकाउन्टेन्ट्सबाट वार्षिक लेखापरिक्षण सम्पन्न गराई लेखापरिक्षकबाट प्राप्त सुझाव र प्रतिवेदनको आधारमा संस्थाको आर्थिक, सामाजिक क्रियाकलापको प्रभाव विश्लेषण समेत गर्ने प्रचलन रहीआएको ब्यहोरा अवगत नै छ। यसरी आर्थिक विश्लेषण भइसकेपछि सोही आधारमा आगामी वर्षका लागि कार्यक्रम तथा बजेट तर्जुमा गर्ने गरिएको ब्यहोरा पनि अवगत नै छ।

**शेयर सदस्य महानुभावहरु,**

**'सहकारी व्यवसायमूखी स्वस्थ, सुन्दर, स्वालम्बी एवं सहयोगी सहकारी समाज निर्माण गर्ने'** संस्थाको परिकल्पना पुरा गर्न संस्थाका सदस्य तथा समुदायबासीहरुमा रहेको आर्थिक विपन्नतालाई न्यूनिकरण गरी सदस्यहरुलाई मानसिक, सामाजिक, आर्थिक, शैक्षिक आवश्यकता पुरा गर्ने अभियानमा संलग्न हुन संस्थाको आ.व. २०७८/०७९ का लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र उपलब्धीहरुको विस्तृत विवरण **अनुसूची ३ मा** समावेश गरिएकोले सोही अनुसूचीबाट विस्तृत जानकारी प्राप्त गर्न अनुरोध गर्दै सोको सारसंक्षेप मात्र यहाँ प्रस्तुत गर्न चाहन्छौं।

जस अन्तर्गत उक्त आ.व. २०७८/०७९ को जम्मा स्वीकृति रकम रू.६,४५,१०,५१,३११.९९ मा सो आ.व.को उपलब्धी तथा प्रगति रकम रू.५,९४,६३,८०,५३३.७७ को कारोबार हुँदा स्वीकृति र यथार्थको तुलनाबाट लक्ष्यको आधारमा ९२.१८ प्रतिशत प्रगति भएको देखिन्छ। संस्थाको उल्लेखित कारोबारबाट उक्त आ.व.मा रू.६,३९,१४,२९८।२१ शुद्ध बचत

भएको देखिन्छ। बचत भएको सो रकमलाई नियमानुसारको करकट्टी पछि सहकारी ऐन नियमअनुसार विभिन्न कोषमा बाँडफाँड गरिएको छ। प्राप्त शुद्ध मुनाफाको आधारमा उक्त आ.व.को अन्तमा कायम रहेका शेयर कित्ता संख्या २३२९,०३० लाई समान दरमा लाभांश वितरण गर्दा प्रतिकित्ता रू.११।- का दरले लाभांश प्रदान गरिने प्रस्ताव गरिएको व्यहोरा अनुरोध छ। त्यस्तै संरक्षित पूँजी फिर्ताका सम्बन्धमा सदस्यहरुको बचत तथा निजले तिरेको ऋणको व्याजलाई मध्यनजर गर्दै बचतमा ०.८ प्रतिशत र ऋणको व्याजमा २ प्रतिशतका दरले संरक्षित पूँजी फिर्ता कोषबाट वितरण गर्ने प्रस्ताव समेत गरिएको छ।

***शेयर सदस्य भित्रहरू,***

अब चालु आ.व. २०७९/०८० को लागि गत स्वीकृति तथा सोमा आवश्यकता अनुसार संशोधन गरी चालु आ.व.का लागि प्रस्तावित संक्षिप्त बजेट विवरण समेत यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छौं। जसको विस्तृत विवरण समेत **अनुसूची ४ मा** समावेश गरिएकाले सो सम्बन्धमा विस्तृत समिक्षा नगरी संक्षेपमा मात्र जानकारी गराउन चाहन्छौं। जस अन्तर्गत चालु आ.व. २०७९/०८० को लागि गत स्वीकृत जम्मा रकम रू.७,३७,८५,०४,२८६।९९ रहेकोमा सदस्यहरूको आकांक्षा अनुसार चालु वर्षको लागि पूर्व स्वीकृत बजेटमा संशोधन थप घट गर्दा रू.१४,९४,५९,५०१।१९ घटाई **चालु आ.व.को लागि रू.७,२२,९०,४४,७८५।८० को आम्दानी र खर्चको संशोधित बजेट अनुमान** प्रस्ताव पेश गरिएको छ।

***शेयर सदस्य महानुभावहरू,***

त्यसैगरी अब आगामी आ.व. २०८०/०८१ का लागि **अनुसूची ४ मा** नै समावेश गरिएको प्रस्तावित बजेटको संक्षिप्त विवरण समेत यहाँ पेश गर्न चाहन्छौं। उक्त **आगामी आ.व. २०८०/०८१ का लागि उल्लेखित विवरण अनुसारको कारोबार संचालन गर्न रू.८,५४,२७,९७,३८५।८० को प्रस्तावित बजेट** स्वीकृतिका लागि पेश गरिएको व्यहोरा सम्मानित शेयर सदस्य ज्यूहरुलाई जानकारी गराईन्छ।

***सहकारी भित्रहरू,***

यहाँ पेश गरिएको आगामी आ.व. २०८०/०८१ को प्रस्तावित बजेट विनियोजन गर्दा सचिव ज्यूबाट पेश भएको वार्षिक कार्यक्रमहरुलाई अझ समयानुकूल, यथार्थपरक र सदस्य सेवामुखी बनाउन आवश्यक पर्ने शिर्षकहरुमा संस्थाको आर्थिक स्थितिको सूचकांकको आधारमा आवश्यक पर्ने बजेट समावेश गरी विनियोजन गरिएको छ। सदस्य तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि, संस्थाको दिगोपना, कर्मचारी, संचालक तथा सदस्यहरूको तलव भत्ता, पारिश्रमिक तथा बैठक भत्तालाई समय सापेक्ष तुल्याई प्रतिस्पर्धात्मक बजारमा संस्थाको गुणस्तरीय सेवालाई खरो रुपमा उतार्नका लागि तलव भत्ता सुविधामा प्रयाप्त मात्रामा आवश्यक बजेटहरुको व्यवस्था गरिएको छ। त्यसैगरी संस्था तथा दुग्धशालाको आवश्यकता र प्रस्तावित भुल्के परियोजना सम्बन्धी कार्यक्रमलाई समेत मध्यनजर गर्दै जग्गा तथा भवनको लागि समेत प्रयाप्त मात्रामा आवश्यक बजेट प्रस्ताव गरिएको छ।

यसैगरी यस वर्ष विशेषगरी नयाँ कार्यक्रमको रुपमा प्रस्तावित गरिएका भुल्के परियोजना (मसला उद्योग, कृषि उपज प्रशोधन, खरिद, विक्री आदि) कार्यक्रम, वातावरण Agro Mart सम्भाव्यता अध्ययन/संचालन कार्यक्रम, विद्युतीय चुलो प्रवर्द्धन कार्यक्रम जस्ता नयाँ तथा महत्वपूर्ण कार्यक्रमका साथै विगतदेखि नै संचालनमा आएका तथा संचालन गर्नुपर्ने अन्य कार्यक्रमहरुका लागि पनि प्रयाप्त मात्रामा बजेट प्रस्ताव गरिएको व्यहोरा अनुरोध छ।

***शेयर सदस्य साथीहरू,***

अन्तमा प्रस्तुत बजेटको पूर्ण भाग संस्थाको यसै **वार्षिक प्रतिवेदन पुस्तिकाको अनुसूचीहरु**बाट अझ विस्तृत जानकारी लिनुभई सो सम्बन्धमा संस्थाको २० औं वार्षिक साधारणसभाको एकाई बैठक तथा एकाई प्रतिनिधिहरुको सभाको बन्द सत्रमा समेत छलफल, प्रश्नोत्तर समेत गरी स्पष्ट हुनुहुन अनुरोध गर्दछौं। यो बजेट तथा कार्यक्रम निर्माण गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रुपले संलग्न हुनुहुने संचालक समिति, अन्य विभिन्न समिति/उपसमितिका पदाधिकारी, सल्लाहकार, शेयर सदस्य, बजेट तथा कार्यक्रम मस्यौदा उपसमितिका पदाधिकारी, कर्मचारी वर्ग तथा शुभेच्छुक सम्पूर्ण महानुभावहरुमा धन्यवाद समेत दिन चाहन्छौं।

*जय सहकारी !*





अनुसूची- ३

# वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (EDCOL)

*वीरेन्द्रनगर-८, सुर्खेतको*

## आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक बजेट र उपलब्धी

| आम्दानी तर्फ | | | | खर्च तर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| शिर्षक | स्वीकृति (रु.) | उपलब्धी (रु.) | उपलब्धी (%) | शिर्षक | स्वीकृति (रु.) | उपलब्धी (रु.) | उपलब्धी (%) |
| **जम्मा सम्पत्ति तथा दायित्व** | **५७९७१६६५६१.९९** | **५३८९९६७७४४.५७** | **९२.९८** | **जम्मा सम्पत्ति तथा दायित्व** | **५६११०७५०००.००** | **५२०२८१०७३१.९८** | **९२.७२** |
| अल्या नगद मौज्दात | ६३१४०९.०० | ६३१४०९.०० | १०० | शेयर फिर्ता | ६५५००००.०० | ८१८४५००.०० | १२४.९५ |
| अल्या बैंक मौज्दात | २७५३४०१५२.९९ | २६७९५१०७०.३४ | ९७.३२ | विभिन्न कोष खर्च | ४९००००००.०० | ४४७७९६२२.१९ | ९१.३९ |
| शेयर पुंजि प्राप्त | ५६००००००.०० | ५३७८७१००.०० | ९६.०५ | विभिन्न निक्षेप फिर्ता | ४७२५०००००.०० | ४४४८६९५०९.७३ | ९४.१५ |
| विभिन्न कोष प्राप्त | ७६००००००.०० | २८८१७९१५.४५ | ३७.९२ | लिएको ऋण फिर्ता | २५४२०००००.०० | १८५९२२५३५.७७ | ७३.१४ |
| विभिन्न निक्षेप प्राप्त | ६४०००००००.०० | ६०२४०११००.०९ | ९४.१३ | ब्याज मुलतवी हिसाब | ९०५००००.०० | ९८७२०६८.०० | १०९.०८ |
| ऋण प्राप्त | ३०३००००००.०० | १६०००००००.०० | ५२.८१ | भुक्तानि दिनुपर्ने दिएको | ८५२५०००००.०० | ७६६५०३३२५.७९ | ८९.९१ |
| मुलतबी ब्याज प्राप्त | १०००००००.०० | ११८०६०९६.०० | ११८.०६ | अन्य दायित्व/जि.सु. फिर्ता | १२६५५०००.०० | ३१६५६१४४.४० | २५०.१५ |
| शाखागत ऋण प्राप्त (शाखाले) | २८०००००००.०० | २३५६४९३००.०४ | ८४.१६ | शाखागत ऋण फिर्ता (शाखाले) | २०५००००००.०० | २००७१९९८२.५८ | ९७.९१ |
| शाखागत ऋण असुली (शाखाबाट) | २०५००००००.०० | २००७१९९८२.५८ | ९७.९१ | शाखागत ऋण लगानी (केन्द्रले) | २८०००००००.०० | २३५६४९३००.०४ | ८४.१६ |
| भुक्तानी दिनुपर्ने प्राप्त | ८६२५०००००.०० | ८८०००६७७९.७३ | १०२.०३ | व्यवसायिक लगानी | ११५००००.०० | ०.०० | ०.०० |
| अन्य दायित्व/जि.शु./अनुदान | ४३४७५०००.०० | २२९७५७६३.०० | ५२.८५ | सदस्यहरुलाई ऋण लगानी | २११५००००००.०० | १९९१३१००००.०० | ९४.१५ |
| ऋण असुली | १८००८०००००.०० | १६८४५६०८४१.०० | ९३.५५ | ब्याज मु./पाउनुपर्ने गएको | १३२३००००००.०० | १२७०६९२२८२.०३ | ९६.०५ |
| पाउनुपर्ने/ब्याज मुलतवी प्राप्त | १२४०००००००.०० | १२३५२११२०६.८७ | ९९.६१ | घर, जग्गा हिसाब | १५५०००००.०० | २७१७४००.०० | १७.५३ |
| अन्य सम्पत्ति सामान खर्च/मिनाह | १३८००००.०० | १२३२७६६.६६ | ८९.३३ | मेसिनरी/फर्निचर/सवारी साधन | १२९९००००.०० | ८२४६४०७.५९ | ६३.४८ |
| जग्गा भवन, फर्निचर सम्पत्ति ह्रास | ३०४००००.०० | ४२१६४१३.८१ | १३८.७० | अन्य सम्पत्ति सामान खरिद | १९८००००.०० | १६८७६५३.८६ | ८५.२४ |
| **जम्मा आम्दानी** | **६५३८८४७५०.००** | **५५६४१२७८९.२०** | **८५.०९** | **जम्मा खर्च** | **५८३१८६५००.००** | **४९२४९८४९०.९९** | **८४.४५** |
| प्रवेश शुल्क प्राप्त | २३३०००.०० | १५३४५०.०० | ६५.८६ | तलव भत्ता/परामर्श खर्च | ८१५७५०००.०० | ६००३५७१५.०० | ७३.६० |
| ऋणवाट ब्याज हर्जाना प्राप्त | ३७५५६५०००.०० | ३०४१८०१६५.०० | ८०.९९ | दैनिक भ्रमण भत्ता खर्च | २५६५०००.०० | १३११७९६.०० | ५१.१४ |
| बैंकबाट ब्याज प्राप्त | ३०५००००.०० | २७१३८६२.४३ | ८८.९८ | बैठक भत्ता खर्च | ८०००००.०० | ६५५२६५.०० | ८१.९१ |
| लगानी/कार्यक्रमवाट प्राप्त प्रतिफल | ६४५०००००.०० | ५९२७२९५७.४७ | ९१.९० | विद्युत र पानी खर्च | ६१५०००.०० | ५२३६९९.४१ | ८५.१५ |
| विलम्व शुल्क प्राप्त | २००००.०० | १५६४१.०० | ७८.२१ | मसलन्द/छपाई खर्च | २९३००००.०० | २११४१२२.०१ | ७२.१५ |
| सेवा शुल्क प्राप्त | २१२५००००.०० | १९०३०२७०.०० | ८९.५५ | मर्मत खर्च | १७६००००.०० | ८४४६१८.०० | ४७.९९ |
| फाइल शुल्क प्राप्त | ५९८००.०० | ४१५५०.०० | ६९.४८ | विज्ञापन/पत्रपत्रिका/संचार | १६४६०००.०० | ८५६०२५.६१ | ५२.०१ |
| पासवुक/प्रतिलिपी शुल्क | २२३४५०.०० | २१८२३५.०० | ९७.६७ | निक्षेपमा ब्याज खर्च | १२३००००००.०० | १११५९२२३७.८४ | ९०.७३ |
| रेमिटान्स/रिचार्जको कमिशन प्राप्त | २३०००००.०० | २२३१११४.०४ | ९७.०० | इन्धन, यातायात, ढुवानी खर्च | १०३५०००.०० | ८८२३६३.२० | ८५.२५ |
| म्यादअघि फिर्ता शुल्क | ८००००.०० | ५१८३२.०० | ६४.७९ | ह्रास कट्टी खर्च | ३१९००००.०० | २४३४७२५.८१ | ७६.३२ |
| खाताबन्दी शुल्क | २२०५००.०० | २३२४००.०० | १०५.४० | लेखापरीक्षण पारिश्रमिक तथा अन्य खर्च | ३८००००.०० | २२६०००.०० | ५९.४७ |
| अध्ययन अवलोकन सेवा शुल्क | १५०००.०० | १८०४.०० | १२.०३ | प्रो., राहत, प्रिमियम खर्च | ११३००००.०० | १५५५५.०० | १.३८ |
| गाडीबाट प्राप्त आम्दानी | ८१५०००.०० | ५२७५०५.६३ | ६४.७२ | ऋण शुल्क खर्च | ३०३००००.०० | २०७५६००.०० | ६८.५० |
| शाखागत ब्याज प्राप्त | ८०००००००.०० | ६८२५८४५८.५४ | ८५.३२ | ऋण जोखिम खर्च | १९०१५०००.०० | २३८४८७३६.४६ | १२५.४२ |
| शाखागत आम्दानी | ६९००००००.०० | ६३१३८८७१.४० | ९१.५१ | ऋणमा ब्याज खर्च | ६११५००००.०० | ५२९५५०९३.२६ | ८६.६० |
| दुध तथा दुग्धजन्य पदार्थबाट आम्दानी | ३६०७३०००.०० | ३४१८७६४७.०० | ९४.७७ | ढुवानी ज्याला खर्च | ११५००.०० | ०.०० | ०.०० |
| व्यापारिक छुट प्राप्त | ५००००.०० | ०.०० | ०.०० | विविध व्यवस्थापन खर्च | १२९५०००.०० | ९००६२.०० | ६.९५ |
| प्रशासनिक अनुदान प्राप्त | २०००००.०० | ३५२०२०.०० | १७६.०१ | तालिम, गोष्ठी, सभा खर्च | ४२०००००.०० | ८७५७३.०० | २.०९ |
| अन्य आम्दानी | २३००००.०० | १८०५००५.६९ | ७८४.७९ | ब्याज छुट खर्च | ८१०४०००.०० | ११३०५२२.०० | १३.९५ |
| | | | | कर्मचारी सुविधा कोष तथा दिगो व्यवस्थापन खर्च | ५४९००००.०० | ५६९००५७.०० | १०३.६४ |
| | | | | साधारणसभा खर्च | ४३७५०००.०० | १८६९९३९.०० | ४२.७४ |
| | | | | घरभाडा खर्च | २८०००००.०० | २६०७४८३.०० | ९३.१२ |
| | | | | आर्थिक/कोरोना सहायता खर्च | ५५००००.०० | ६२५००.०० | ११.३६ |
| | | | | अतिथि सत्कार तथा चियापान खर्च | १००५४५००.०० | २८९३४३.०० | २.८८ |
| | | | | दुग्धजन्य पदार्थ खरिद | २८००००००.०० | २७८४०८५६.१० | ९९.४३ |
| | | | | सुखनचुहन/नष्ट भएको दुध खर्च | १५००००.०० | ३७२८०.०० | २४.८५ |
| | | | | व्यापारिक छुट खर्च | २५०००.०० | ३७२३.५० | १४.८९ |
| | | | | शाखागत ऋणको ब्याज खर्च | ८०००००००.०० | ६८२५८४५८.५४ | ८५.३२ |
| | | | | केन्द्रीय कार्यालय खर्च | ६९००००००.०० | ६३१३८८७१.४० | ९१.५१ |
| | | | | सहकारी के. का. खर्च | ६४५५००००.०० | ५९२००२८२.४७ | ९१.७१ |
| | | | | विविध खर्च | ७६०५००.०० | १८१९९८७.३८ | २३९.३१ |
| | | | | **बैंक/नगद मौज्दात** | **२५६७८९८११.९९** | **२५१०७१३१०.८०** | **९७.७७** |
| | | | | नगद मौज्दात | ३५०००.०० | १४१७६६.०० | ४०५.०५ |
| | | | | बैंक मौज्दात | २५६७५४८११.९९ | २५०९२९५४४.८० | ९७.७३ |
| **कूल जम्मा** | ६४५१०५१३११.९९ | ५९४६३८०५३३.७७ | ९२.१८ | **कूल जम्मा** | ६४५१०५१३११.९९ | ५९४६३८०५३३.७७ | ९२.१८ |

**नोट :**

१) आ.व. २०७८/०७९ को कूल कारोबार रकम स्वीकृत लक्ष्यको आधारमा ९२.१८ प्रतिशतले उपलब्धी भएको छ।

२) गत आ.व. २०७८/०७९ मा वित्तीय तथा गैर वत्तीय खर्चहरु कटाउँदा करयोग्य बचत रु.६,३९,१४,२९८।२१ रहेको छ।

अनुसूची- ४

# वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (EDCOL)

*वीरेन्द्रनगर–८, सुर्खेतको*

## चालु आ.व. २०७९/०८० को स्वीकृतिमा आवश्यक संशोधन प्रस्ताव र आगामी आ.व. २०८०/०८१ को लागि प्रस्तावित बजेट (आम्दानीतर्फ)

| शिर्षक | चालु आ.व. २०७९/०८० को लागि गत स्वीकृति | चालु आ.व.को लागि संशोधन | | चालु आ.व. २०७९/०८० मा जम्मा स्वीकृत लक्ष्य | आगामी आ.व. २०८०/०८१ का लागि प्रस्तावित लक्ष्य |
|---|---|---|---|---|---|
| | | थप (+) | घट (–) | | |
| **जम्मा सम्पत्ति तथा दायित्व** | **६६२९९४५८११.९९** | **८०६०६७६६.००** | **२१९०७५२६७.१९** | **६४९१४७७३१०.८०** | **७६६३८७०३८५.८०** |
| अल्या नगद मौज्दात | ३५000.00 | १०६७६६.00 | 0.00 | १४१७६६.00 | ४0000.00 |
| अल्या बैंक मौज्दात | २५६७५४८११.९९ | 0.00 | ५८२५२६७.१९ | २५०९२९५४४.८० | २८०१०५३८५.८० |
| शेयर पुंजि प्राप्त | ६४४00000.00 | ४000000.00 | 0.00 | ६८४00000.00 | ८२000000.00 |
| विभिन्न कोष प्राप्त | ८४१५0000.00 | 0.00 | ४0000000.00 | ४४१५0000.00 | ५२000000.00 |
| विभिन्न निक्षेप प्राप्त | ७४४१00000.00 | 0.00 | २0000000.00 | ७२४१00000.00 | ८६८000000.00 |
| ऋण प्राप्त | ३५३000000.00 | 0.00 | ९३000000.00 | २६0000000.00 | ३१0000000.00 |
| मुलतबी ब्याज प्राप्त | ११000000.00 | 0.00 | 0.00 | ११000000.00 | १२000000.00 |
| शाखागत ऋण प्राप्त (शाखाले) | ३२0000000.00 | 0.00 | ५0000000.00 | २७0000000.00 | ३२५000000.00 |
| शाखागत ऋण असुली (शाखाबाट) | २४५000000.00 | 0.00 | 0.00 | २४५000000.00 | २९५000000.00 |
| भुक्तानी दिनुपर्ने प्राप्त | ९९७८७५000.00 | 0.00 | १0000000.00 | ९८७८७५000.00 | ११५५000000.00 |
| अन्य दायित्व/जि.शु./अनुदान | ४८९१५000.00 | 0.00 | २५0000.00 | ४८६६५000.00 | ५८000000.00 |
| ऋण असुली | २०८०१00000.00 | ३७९00000.00 | 0.00 | २११८000000.00 | २५१५000000.00 |
| पाउनुपर्ने/ब्याज मुलतवी प्राप्त | १४१९७७0000.00 | ३७५00000.00 | 0.00 | १४५७२७0000.00 | १७०५000000.00 |
| अन्य सम्पत्ति सामान खर्च/मिनाह | १४८0000.00 | 0.00 | 0.00 | १४८0000.00 | १५७५000.00 |
| जग्गा भवन, फर्निचर सम्पत्ति ह्रास | ३३६६000.00 | ११00000.00 | 0.00 | ४४६६000.00 | ५१५0000.00 |
| **जम्मा आम्दानी** | **७४८५५८४७५.००** | **४१२५०००.००** | **१५११६०००.००** | **७३७५६७४७५.००** | **८७८९२७०००.००** |
| प्रवेश शुल्क प्राप्त | २३६५00.00 | 0.00 | 0.00 | २३६५00.00 | २८५५00.00 |
| ऋणबाट ब्याज हर्जाना प्राप्त | ४३२४५0000.00 | 0.00 | ७५00000.00 | ४२४९५0000.00 | ५०५000000.00 |
| बैंकबाट ब्याज प्राप्त | ३३४२५00.00 | १२५000.00 | 0.00 | ३४६७५00.00 | ४०५0000.00 |
| लगानी/कार्यक्रमबाट प्राप्त प्रतिफल | ७३000000.00 | 0.00 | ७१९३000.00 | ६५८०७000.00 | ७८५00000.00 |
| विलम्व शुल्क प्राप्त | २२१५0.00 | 0.00 | 0.00 | २२१५0.00 | २६५00.00 |
| सेवा शुल्क प्राप्त | २४४२५000.00 | 0.00 | ४00000.00 | २४०२५000.00 | २८५५0000.00 |
| फाइल शुल्क प्राप्त | ६७३३0.00 | 0.00 | 0.00 | ६७३३0.00 | ८0000.00 |
| पासवुक/प्रतिलिपी शुल्क | २२८२४५.00 | ५0000.00 | 0.00 | २७८२४५.00 | ३५0000.00 |
| रेमिटान्स/रिचार्जको कमिशन प्राप्त | २५00000.00 | 0.00 | 0.00 | २५00000.00 | ३000000.00 |
| म्यादअघि फिर्ता शुल्क | ८८000.00 | 0.00 | २३000.00 | ६५000.00 | ७५000.00 |
| खाताबन्दी शुल्क | २३६५५0.00 | 0.00 | 0.00 | २३६५५0.00 | २८0000.00 |
| अध्ययन अवलोकन सेवा शुल्क | १५000.00 | 0.00 | 0.00 | १५000.00 | १५000.00 |
| गाडीबाट प्राप्त आम्दानी | ९५२५00.00 | 0.00 | 0.00 | ९५२५00.00 | ११५0000.00 |
| शाखागत ब्याज प्राप्त | ९0000000.00 | २000000.00 | 0.00 | ९२000000.00 | ११0000000.00 |
| शाखागत आम्दानी | ७९000000.00 | 0.00 | 0.00 | ७९000000.00 | ९५000000.00 |
| दुध तथा दुग्धजन्य पदार्थबाट आम्दानी | ४१४८५२00.00 | १000000.00 | 0.00 | ४२४८५२00.00 | ५१000000.00 |
| व्यापारिक छुट प्राप्त | ५७५00.00 | 0.00 | 0.00 | ५७५00.00 | ६५000.00 |
| प्रशासनिक अनुदान प्राप्त | २३0000.00 | ४५0000.00 | 0.00 | ६८0000.00 | ७५0000.00 |
| अन्य आम्दानी | २२२000.00 | ५00000.00 | 0.00 | ७२२000.00 | ७५0000.00 |
| **कूल जम्मा** | **७३७८५०४२८६.९९** | **८४७३१७६६.००** | **२३४१९१२६७.१९** | **७२२९०४४७८५.८०** | **८५४२७९७३८५.८०** |

**नोट :**

१) चालु आ.व. २०७९/०८० मा जम्मा कारोबार रु.७,२२,९०,४४,७८५।८० र आगामी आ.व. २०८०/०८१ मा जम्मा रु.८,५४,२७,९७,३८५।८० को कारोबारो हुने अनुमान गरिएको छ। जुन कारोबार अघिल्लो आ.व.को तुलनामा चालु. आ.व.मा २१.५७ प्रतिशतले र आगामी आ.व.मा १८.१७ प्रतिशतले वृद्धि हुनेछ।

२) चालु आ.व. २०७९/०८० मा रु.७,९८,२५,५७५।- मोटामोटी बचत रहने संशोधित अनुमान छ।

३) आगामी आ.व. २०८०/०८१ मा रु.८,८२,६२,०००।- मोटामोटी बचत रहने प्रस्तावित अनुमान छ।

*क्रमश:*





## चालु आ.व. २०७९/०८० को स्वीकृतिमा आवश्यक संशोधन प्रस्ताव र आगामी आ.व. २०८०/०८१ को लागि प्रस्तावित बजेट (खर्चतर्फ)

| शिर्षक | चालु आ.व. २०७९/०८० को लागि गत स्वीकृति | चालु आ.व.को लागि संशोधन | | चालु आ.व. २०७९/०८० मा जम्मा स्वीकृत लक्ष्य | आगामी आ.व. २०८०/०८१ का लागि प्रस्तावित लक्ष्य |
|---|---|---|---|---|---|
| | | थप (+) | घट (–) | | |
| **जम्मा सम्पत्ति तथा दायित्व** | **६४१३८१२५००.००** | **२००४५०००.००** | **१४२७०००००.००** | **६२९११५७५००.००** | **७४५५३६००००.००** |
| शेयर फिर्ता | ७३२५000.00 | 0.00 | ४00000.00 | ६९२५000.00 | ८०१0000.00 |
| विभिन्न कोष खर्च | ५३९00000.00 | 0.00 | 0.00 | ५३९00000.00 | ६५000000.00 |
| विभिन्न निक्षेप फिर्ता | ५४०१२५000.00 | 0.00 | १९000000.00 | ५२११२५000.00 | ६१५000000.00 |
| लिएको ऋण फिर्ता | ३०३300000.00 | 0.00 | ४३300000.00 | २६0000000.00 | ३00000000.00 |
| ब्याज मुलतवी हिसाब | ९९५५000.00 | १०४५000.00 | 0.00 | ११000000.00 | १२000000.00 |
| भुक्तानि दिनुपर्ने दिएको | ९९२०७५000.00 | 0.00 | ७५00000.00 | ९८४५७५000.00 | ११५५000000.00 |
| अन्य दायित्व/जि.सु. फिर्ता | १४६७५५00.00 | १९000000.00 | 0.00 | ३३६७५५00.00 | ४0000000.00 |
| शाखागत ऋण फिर्ता (शाखाले) | २४५000000.00 | 0.00 | 0.00 | २४५000000.00 | २९५000000.00 |
| शाखागत ऋण लगानी (केन्द्रले) | ३२0000000.00 | 0.00 | ५0000000.00 | २७0000000.00 | ३२५000000.00 |
| व्यवसायिक लगानी | ११५0000.00 | 0.00 | 0.00 | ११५0000.00 | १३५0000.00 |
| सदस्यहरुलाई ऋण लगानी | २३८१५00000.00 | 0.00 | २२५00000.00 | २३५९000000.00 | २८१२000000.00 |
| ब्याज मु./पाउनुपर्ने गएको | १५१८000000.00 | 0.00 | 0.00 | १५१८000000.00 | १८00000000.00 |
| घर, जग्गा हिसाब | १५५00000.00 | 0.00 | 0.00 | १५५00000.00 | १५000000.00 |
| मेसिनरी/फर्निचर/सवारी साधन | ९१३९000.00 | 0.00 | 0.00 | ९१३९000.00 | ९५00000.00 |
| अन्य सम्पत्ति सामान खरिद | २१६८000.00 | 0.00 | 0.00 | २१६८000.00 | २५00000.00 |
| **जम्मा खर्च** | **६६६८५२९००.००** | **१२२१८५००.००** | **२१३२९५००.००** | **६५७७४१९००.००** | **७९०६६५०००.००** |
| तलव सुविधा खर्च | ९६१00000.00 | 0.00 | ११00000.00 | ९५000000.00 | ११८000000.00 |
| दैनिक भ्रमण भत्ता खर्च | २९९३५00.00 | 0.00 | 0.00 | २९९३५00.00 | ३५५0000.00 |
| बैठक भत्ता खर्च | ११०७५00.00 | 0.00 | 0.00 | ११०७५00.00 | १३५0000.00 |
| विद्युत र पानी खर्च | ७१५000.00 | ८५000.00 | 0.00 | ८00000.00 | ९६0000.00 |
| मसलन्द/छपाई खर्च | ३४३६000.00 | 0.00 | ३६000.00 | ३४00000.00 | ४000000.00 |
| मर्मत खर्च | २०७४000.00 | 0.00 | 0.00 | २०७४000.00 | २४५0000.00 |
| पत्रपत्रिका/सूचना संचार/सफ्टवेयर | १९०८१00.00 | 0.00 | 0.00 | १९०८१00.00 | २२५0000.00 |
| निक्षेपमा ब्याज खर्च | १३९७७५000.00 | ४000000.00 | 0.00 | १४३७७५000.00 | १७५000000.00 |
| इन्धन खर्च | १२१0000.00 | 0.00 | 0.00 | १२१0000.00 | १४५0000.00 |
| ह्रास कट्टी खर्च | ३६२0000.00 | 0.00 | 0.00 | ३६२0000.00 | ४३४0000.00 |
| लेखापरीक्षण पारिश्रमिक तथा अन्य खर्च | ४१५000.00 | 0.00 | ६५000.00 | ३५0000.00 | ४२0000.00 |
| प्रो., राहत, प्रिमियम खर्च | १२८१000.00 | 0.00 | १८१000.00 | ११00000.00 | १३२0000.00 |
| ऋण शुल्क खर्च | ३५३४५00.00 | 0.00 | ९०४५00.00 | २६३0000.00 | ३१५0000.00 |
| ऋण जोखिम खर्च | २२६६६५00.00 | १३३३५00.00 | 0.00 | २४000000.00 | २९000000.00 |
| ऋणमा ब्याज खर्च | ६९८५५000.00 | 0.00 | 0.00 | ६९८५५000.00 | ८५000000.00 |
| ढुवानी ज्याला खर्च | १२६५0.00 | 0.00 | 0.00 | १२६५0.00 | १५000.00 |
| विविध व्यवस्थापन खर्च | १४५०५00.00 | 0.00 | 0.00 | १४५०५00.00 | १६५0000.00 |
| तालिम, गोष्ठी, सभा खर्च | ४७८५000.00 | 0.00 | 0.00 | ४७८५000.00 | ५५५0000.00 |
| व्याज छुट खर्च | ८५00000.00 | 0.00 | ५000000.00 | ३५00000.00 | २५00000.00 |
| कर्मचारी सुविधा कोष तथा दिगो व्यवस्थापन | ६०५0000.00 | १000000.00 | 0.00 | ७०५0000.00 | ८५५0000.00 |
| साधारणसभा खर्च | ४९३२५00.00 | 0.00 | 0.00 | ४९३२५00.00 | ६०५0000.00 |
| घरभाडा खर्च | ३२५0000.00 | 0.00 | 0.00 | ३२५0000.00 | ३९00000.00 |
| आर्थिक/कोरोना सहायता खर्च | १०६५0000.00 | 0.00 | ५६५0000.00 | ५000000.00 | २५00000.00 |
| अतिथि सत्कार तथा चियापान खर्च | ६८५000.00 | 0.00 | 0.00 | ६८५000.00 | ८२५000.00 |
| दुग्धजन्य पदार्थ खरिद | ३२२00000.00 | १५00000.00 | 0.00 | ३३७00000.00 | ४0000000.00 |
| सुखनचुहन/नष्ट भएको दुध खर्च | १७२५00.00 | 0.00 | 0.00 | १७२५00.00 | २00000.00 |
| व्यापारिक छुट खर्च | ३0000.00 | 0.00 | 0.00 | ३0000.00 | ३५000.00 |
| विमा प्रिमियम खर्च | 0.00 | ५00000.00 | 0.00 | ५00000.00 | ५00000.00 |
| प्रशासनिक अनुदान खर्च | 0.00 | ६५0000.00 | 0.00 | ६५0000.00 | ७५0000.00 |
| गाडी खर्च | 0.00 | ११५0000.00 | 0.00 | ११५0000.00 | १३५0000.00 |
| शाखागत ऋणको ब्याज खर्च | ९0000000.00 | २000000.00 | 0.00 | ९२000000.00 | ११0000000.00 |
| केन्द्रीय कार्यालय खर्च | ७९000000.00 | 0.00 | 0.00 | ७९000000.00 | ९५000000.00 |
| सहकारी के. का. खर्च | ७३६३0000.00 | 0.00 | ८३९३000.00 | ६५२३७000.00 | ७८१00000.00 |
| विविध खर्च | ८१३६५0.00 | 0.00 | 0.00 | ८१३६५0.00 | ९५0000.00 |
| **बैंक/नगद मौज्दात** | **२९७८३८८८६.९९** | **०.००** | **१७६९३५०१.१९** | **२८०१४५३८५.८०** | **२९६७७२३८५.८०** |
| नगद मौज्दात | ४0000.00 | 0.00 | 0.00 | ४0000.00 | ५0000.00 |
| बैंक मौज्दात | २९७७९८८८६.९९ | 0.00 | १७६९३५०१.१९ | २८०१०५३८५.८० | २९६७२२३८५.८० |
| **कूल जम्मा** | **७३७८५०४२८६.९९** | **३२२६३५००.००** | **१८१७२३००१.१९** | **७२२९०४४७८५.८०** | **८५४२७९७३८५.८०** |

# २०औं वार्षिक साधारणसभामा लेखा समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन २०७८/०७९

श्रीमान् अध्यक्ष ज्यू,
सम्मानित शेयर सदस्य ज्यूहरु,

एवं, संचालक समिति, विभिन्न उपसमितिका पदाधिकारी, सदस्य, कर्मचारी तथा समपूर्ण शुभेच्छुक महानुभावहरुमा लेखा समितिको तर्फबाट सहकारीमय न्यानो अभिवादन ।

***सम्मानित शेयर सदस्य ज्यूहरु,***

संस्थाको विनियममा व्यवस्था भए बमोजिम यस समितिलाई दिइएको जिम्मेवारी अनुसार आ.व. २०७८/०७९ को गतिविधिहरुको आन्तरिक लेखापरीक्षण समेत गरी आ.व. २०७८/०७९ को वार्षिक प्रगति प्रतिवेदन पेश गरेका छौं । लेखा समितिको जिम्मेवारीलाई दायित्ववोधका साथै इमान्दारिताका साथ निर्वाह गरी सहकारी मापदण्डको निर्देशित ढाँचा अनुसार निम्न लिखित बुँदाहरुमा यो प्रतिवेदन तयार पारेका छौं ।

संस्थाले गरेका निर्णयलाई स्पष्ट, खुल्ला, पारदर्शी, वस्तुपरक, वस्तुनिस्ठ, विश्वसनीय बनाउन नितान्त आवश्यक हुन्छ । वर्तमान समयमा सहकारी संस्थामा बचत गर्ने दर घट्दो क्रममा रहेको देखिन्छ । लघुवित्त कार्यक्रमतर्फ सदस्यहरुमा दोहोरोपनाको समस्या बृद्धि हुँदै गएको देखिन्छ । रोजगारी सिर्जना हुन नसक्दा सदस्यहरुको आम्दानी पनि घट्दो क्रममा रहेको छ । सदस्यहरुले लिएको ऋण उचित क्षेत्रमा लगानी गरेको देखिंदैन । सदस्यहरु देखासिकी र सुविधाभोगीमा लागेको देखिन्छ । त्यसको प्रत्यक्ष असर ऋण असुलीमा परिरहेको छ । अतः संस्थाहरुले ऋण लगानी गर्दा सदस्यहरुको आम्दानी र खर्चको विश्लेषण गरेर मात्र ऋण लगानी गर्नुपर्ने अवस्था सिर्जना भएको छ । यसको लागि कर्मचारीहरुलाई वित्तीय विश्लेषण लगायतका क्षमता अभिवृद्धि सम्बन्धी तालिमहरुको आयोजना गर्नुपर्ने देखिन्छ । सदस्यहरुलाई व्यवसायिक सँगसँगै व्यवहारिक बन्न समेत उत्प्रेरित गर्नुपर्ने अहिलेको आवश्यकता हो । कुनैपनि क्षेत्रमा लगानी मात्र ठूलो कुरा होइन, त्यसबाट प्राप्त हुने प्रतिफल महत्वपूर्ण हुन्छ । त्यसले संस्थाले सबै सेवाकेन्द्रहरुमा एक-एक वटा पकेट क्षेत्र निर्धारण गरि विशेषज्ञको सुझाव तथा सदस्यहरुको रुची अनुसार व्यवसाय छनौट गरि नमुनाका रुपमा अध्ययन तथा अवलोकन क्षेत्र निर्माण गरि सदस्यहरुलाई पूर्ण रोजगारी सहित आर्थिक गतिविधिमा संलग्न गराउन सके सदस्यहरुको जीवनस्तर पनि माथि उठ्न सक्नेछ भन्ने विश्वास लिई सोही अनुसारको सिफारिस समेत गरका छौं ।

**१. व्यवस्थापन तथा आन्तरिक लेखापरीक्षण सम्बन्धी व्यवस्था :**

- संस्थाले आन्तरिक लेखापरीक्षणलाई विश्वसनीय, पारदर्शी बनाउन लघुवित्त कार्यक्रममा दरवन्दी रहने गरि आन्तरिक लेखापरीक्षक तथा सुपरिवेक्षक गरी २ जनालाई आन्तरिक लेखापरीक्षणको जिम्मेवारी दिइएकोमा हाल एक जनाले राजिनामा दिएको हुँदा एक जनाबाट मात्र आन्तरिक लेखापरीक्षणको कार्य हुँदै आएको छ ।
- त्रैमासिक रुपमा लेखापरीक्षण गर्नेगरी तालिका निर्धारण गरि आन्तरिक लेखापरीक्षण गरिएको छ ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदन केन्द्रीय कार्यालयबाट आवश्यक कारवाही प्रक्रिया पुरा गरि प्रतिवेदन लेखा समितिमा पेश हुने गरिएको छ ।
- प्राप्त प्रतिवेदन माथि छलफल गरि पुनः कारवाही गर्नुपर्ने भए आवश्यक कारवाहीका लागि व्यवस्थापन पक्षलाई निर्देशन गर्ने गरिएको छ ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदन माथि औचित्यता पुष्टि गर्न लेखा समितिवाट समय समयमा सेवाकेन्द्रहरुको छड्के परिक्षण समेत गर्ने गरिएको छ ।
- आ.व. २०७८/०७९ मा संस्थालाई  हानी नोक्सानी हुने काम भए गरेको देखिदैन ।
- साधारणसभाको निर्णय अनुसार प्रत्येक आ.व.मा संस्थाको वार्षिक लेखापरीक्षण चार्टर्ड एकाउन्टेन्टबाट सम्पन्न गर्ने गरिएको छ ।

**२. १९ औं वार्षिक साधारणसभाको निणर्यहरुको अवस्था :**

- संस्थाको १९ औं वार्षिक साधारणसभाबाट स्वीकृत कार्यक्रम लक्ष्य प्रगति हेर्दा संचालन प्रगति सन्तोषजनक रहेको देखिन्छ ।
- साधारणसभाको निणर्य पूर्ण पालना गरिएको छ ।



वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (EDCOL)

- स्वीकृत कार्यक्रम अनुसार केहि कार्यक्रमहरु मात्र विशेष कारणले संचालन हुन बाँकि देखिन्छन् ।
- आर्थिक परिक्षणबाट हेर्दा संस्थाको अवस्था प्रगति उन्मुख देखिन्छ ।

**३. आ.व. २०७८/०७९ मा लेखा समितिको बैठक र निर्णयहरुको कार्यान्वयको अवस्था :**

- आ.व. २०७८/०७९ मा लेखा समितिको बैठक ३ पटक बसेको थियो ।
- लेखा समितिमा प्राप्त प्रतिवेदनहरु माथि छफलफ गरी निरीक्षण गर्ने गरिएको थियो ।
- संस्थाले वित्तीय अनुशासन, मितव्ययिताको पूर्णपालना गरेको देखिन्छ ।

**४. ऋण लगानी प्रक्रिया र ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :**

- संस्थाबाट गरिने ऋण लगानी प्रक्रिया संस्थाको नियमावली तथा ऋण नीति अनुरुप भएको छ ।
- ऋण लगानी पूर्व ऋण माग गर्ने सदस्यको परियोजना, व्यवसाय धितो निरीक्षण, घर भेटघाट, पारिवारीक सल्लाह लिने कार्य अधिकतम रुपमा गरिएको छ ।
- ऋण लगानी गर्दा ऋण उपसमितिबाट स्वीकृत गराई लगानी गर्ने गरिएको छ ।
- संस्थाले धितो सुरक्षण वा धितो नलिई ऋण लगानी गरेको छैन । उद्यमी संस्था नियमानुसार सेवाकेन्द्रबाट सामुहिक जमानीमा ऋण लगानी गर्ने गरिएको छ ।
- ऋण लगानी गरिएका कागजातहरु नियम अनुसार सुरक्षितपूर्वकक राखिएको छ ।
- ऋण लगानीका लागि लिने सुरक्षण धितो निश्चित क्षेत्रहरु तोकिएको छ ।
- संस्थाको मुख्य कार्यालयबाट ऋणको सीमा हाल व्यवसायको प्रकृति अनुसार रु.२०,००,०००।- सम्म गरिएको र समुह जमानत मा रु.५,५०,०००।- सम्म लगानी गरिएको छ । जसले गर्दा तरलतालाई कम गर्न मद्दत पुगेको छ ।

**५. सहकारी विभागबाट जारी गरिएका नीति नियम तथा मापदण्डहरुको पालना सम्बन्धी विवरण :**

- संस्था संचालनमा सहकारी सिद्धान्त र मुल्य मान्यताहरुको प्रयोग भएको छ ।
- सहकारी नीति, नियम, मापदण्ड तथा वित्तीय थोक कर्जा लगानी र स्थानीय सरकारबाट परिपत्र निर्देशनहरुको पूर्ण पालना गरिएको छ ।
- संचालक समिति र व्यवस्थापन पक्ष सहकारी ऐन नियम, मापदण्ड र परिपत्र निर्देशनको पालना गर्न तत्पर छ ।

**६. सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरि दिएको प्रतिवेदन अनुसार सुझाव कार्यान्वय सम्बन्धी विवरण :**

- सहकारी विभागबाट भएका विभिन्न अनुगमन तथा निरीक्षणबाट भएका दिइएका सुझावहरु कार्यान्वय गरिएको छ ।
- नेपाल सरकार र मातहतका कार्यालयबाट समय समयमा दिने सुझाव तथा निर्देशनको समेत कार्यान्वय भएको छ ।

**७. पदाधिकारी तथा कर्मचारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाको विवरण :**

- पदाधिकारी तथा कर्मचारीको तलव भत्ता र अन्य सुविधाको सम्बन्धमा साधारणसभाबाट पारित कर्मचारी दरबन्धी तथा सेवा सुविधा सम्बन्धी नीति २०५९ अनुरुप खर्च गरिएको छ ।
- संचालक समिति तथा लेखा समितिको बैठक भत्ता वापत प्रत्येक पदाधिकारी र सदस्यहरुको लागि रु.२,०००।- र अन्य उपसमितिका पदाधिकारीलाई रु.१,३००।- खाजा खर्च वापत खर्च गरिएको छ ।
- नीति नियम विपरित कुनै तलव भत्ता तथा सुविधाहरु खर्च गरिएको छैन ।

**८. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्था :**

- साधारणसभाबाट पारित कर्मचारी प्रशासन नियमावली भएको ।
- कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याईएको ।
- कर्मचारी भर्ना प्रक्रिया पारदर्शी र प्रतिस्पर्धा मार्फत हुने गरेको ।
- कार्यरत कर्मचारी र कार्यबोझबीच तारतम्यता रहेको ।

**९. कर्मचारीहरुको भर्ना प्रक्रिया :**

- संस्थामा कर्मचारी भर्ना गर्दा संस्थाको कर्मचारी प्रशासन नियमावली अनुसार प्रक्रिया पुरा गरि नियुक्ति दिने गरिएको छ । तर विशेष कार्य गर्नुपर्ने पदहरुका लागि उनीहरुमा आवश्यक पर्ने ज्ञान, सीप र धारणाको विकास नगरि सम्बन्धित पदको जिम्मेवारी सम्माल्न कठिनाई पर्ने हुँदा त्यस्ता पदहरुका लागि स्वयम्सेवक प्रशिक्षार्थी समावेश तथा प्रशिक्षण नीति अनुरुप प्रशिक्षण दिई मुल्यांकन पश्चात  नियम अनुसार नियुक्ति गर्ने गरिएको छ ।

- केही कार्यालय सहयोगी, सुरक्षागार्ड र सवारी चालकहरु करारमा नियुक्ति गरिएको छ भने अन्य सबै कर्मचारीहरु अस्थायी छन् ।
- हाल संस्थामा अस्थायी कर्मचारी, करार र प्रशिक्षार्थी गरी ११२ जना कर्मचारी संलग्न छन् ।

**१०. लेखा समितिले यस अघि दिएका प्रतिवेदन बमोजिम सुझाव हरुको कार्यान्वयनको अवस्था :**

- आन्तरिक लेखापरीक्षकले औंल्याएका विषयहरुउपर लेखा समितिले छड्के परीक्षण समेत गरि दिएका सुझावहरुको कार्यान्वय सन्तोषजनक तरिकाबाट कार्यान्वयन भएको छ ।

**११. चालु आ.व.का लागि वार्षिक कार्ययोजना :**

- संस्था अन्तर्गतका सबै कार्यालयहरुको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्ने गराउने ।
- विभिन्न समयमा संस्था अन्तर्गतका सेवाकेन्द्रहरुको अनुगमन सुपरीवेक्षण गर्ने ।
- संस्था अन्तर्गतका सबै कार्यालयहरुको आन्तरिक लेखापरीक्षणको संक्षिप्त वार्षिक प्रतिवेदन तयार पार्ने ।
- संस्थाका विभिन्न सेवाकेन्द्र, संचालक समिति, लेखा समिति र अन्य उपसमितिबीच अन्तरक्रिया कार्यक्रम गर्ने ।

**१२. लेखा समितिको सुझावहरु :**

- संस्थाको कारोबारो तथा व्यवसाय वृद्धि हुँदै गइरहेकोले आ.ले.प.मा जनशक्ति थप गर्नेपर्ने ।
- सहकारी विभागबाट जारी गरिएको एकिकृत सूचना प्रणाली (Copomis)मा सबै सदस्यहरुको विवरण पूर्ण रुपमा अद्यावधिक गर्नुपर्ने ।
- केही सदस्यहरुको सदस्य पहिचान फारम (KYM) अद्यावधिक गर्न बाँकी देखिएकाले समयमै अद्यावधिक गर्नुपर्ने ।
- संस्थाको हरहिसाब राख्दा व्यक्तिगत खाता तथा सदस्यहरुको पासबुक प्रवृष्टिमा विशेष सुद्धता अपनाउनुपर्ने ।
- संस्थामा आगामी दिनमा स्थायी र अस्थायी गरी दुई किसिमले कर्मचारी व्यवस्थापन गर्न जरुरी देखिन्छ ।
- संस्थाले प्रयोगमा ल्याएको सफ्टवेयरको अधिकतम सदुपयोग गरि जनशक्ति परिचालन व्यवस्थित र व्यवहारिक गर्नुपर्ने ।
- लघुवित्त कार्यक्रमतर्फका सेवाकेन्द्र प्रमुख र लेखा राख्ने कर्मचारीहरुको लागि लेखा तथा कार्यालय व्यवस्थापनमा समय सापेक्ष क्षमता अभिवृद्धि गर्नुपर्ने ।
- संस्थाको शिक्षा, तालिम तथा सम्भाव्यता अध्ययन उपसमितिले कार्य योजना बनाई कार्यक्षेत्र भित्रका सदस्यहरुको व्यवसाय र परियोजना अनुगमन निरीक्षण तथा आवश्यक सहजीकरण गर्नुपर्ने ।
- भाका नाघ्ने दरलाई न्युनिकरण गर्न कार्य योजना बनाई कार्यान्वयनमा ल्याउनुपर्ने ।
- संस्थाका सदस्य सेवाहरुलाई विविधिकरण बनाउनका लागि आवश्यक योजना तयार पारी लागु गर्नुपर्ने ।
- कर्मचारी प्रशासन निमावलीमा हालसम्म कर्मचारीहरुको उमेरको हदम्याद नभएकोले आगामी दिनमा कर्मचारी प्रशासन निमावलीमा उमेरको हदम्यादको व्यवस्था गर्नुपर्ने ।
- संस्थाबाट लगानी गरिएको ऋणको शतप्रतिशत सदुपयोगिता निरीक्षण गर्नुपर्ने ।
- संस्थाको सुशासन र पारदर्शितालाई थप प्रभावकारी बनाउन लेखा समितिका पदाधिकारीहरुलाई पनि समयसापेक्ष आवश्यक अभिमुखिकरण तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

अन्तमा, यस संस्थामा संस्था संचालन सम्बन्धी ज्ञान, सीप, क्षमता सम्बन्धी लामो अनुभव हाँसिल गर्नु भएका कर्मचारीहरुको कार्यशैलीलाई हेर्दा उत्प्रेरणादायक भएकाले संस्था प्रगातिउन्मुखतर्फ वृद्धि भएको देखिन्छ । आगामी दिनमा समेत व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणालीमा स्वच्छ र पारदर्शिता कायम राखि शेयर सदस्यहरुलाई धेरै भन्दा धेरै सेवा प्रदान गरी सदस्यहरुको आर्थिक, सामाजिक, सांस्कृतिक, व्यवसायिक स्वरोजगार सृजना गर्न संस्था लागिरहने छ भन्ने विश्वास राख्दै यस लेखा समितिलाई सहयोग गर्नुहुने संचालक समिति, विभिन्न उपसमितिका साथीहरु र सम्पूर्ण कर्मचारी टिमलाई समेत पुन: धन्यवाद ज्ञापन गर्दछौं ।

**जय सहकारी !**

**प्रतिवेदक**
**संयोजक : हेमलाल पन्त**
**सदस्य : हरिमाया पुलामी**
**सदस्य : तिलक खनाल**





# २०औं वार्षिक साधारणसभामा ऋण लगानी तथा असुली उपसमितिको तर्फबाट प्रस्तुत प्रतिवेदन २०७८/०७९

श्रीमान् अध्यक्ष ज्यू,
संस्थाको आधार स्तम्भको रुपमा रहनुभएका आदरणीय सम्पूर्ण शेयर सदस्य ज्यूहरु,
संचालक समिति, विभिन्न समिति/उपसमितिका पदाधिकारी, सदस्य एवं शुभेच्छुक महानुभावहरुमा वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.को ऋण लगानी तथा असुली उपसमितिको तर्फबाट सहकारीमय न्यानो अभिवादन ।

***आदरणीय शेयर सदस्य महानुभावहरु,***

संस्था संचालक समितिको निर्णय अनुसार हामीलाई दिईएको ऋण लगानी तथा असुली उपसमितिको जिम्मेवारी संस्थाको नीति नियमको परिधिभित्र रहि संस्थामा आवद्ध रहेका सदस्यहरुलाई उनीहरुको आर्थिक गतिविधिमा सहयोगसिद्ध रहने गरी ऋण लगानी, ऋण सदुपयोगिता निरीक्षण, सदस्यहरुलाई आवश्यक परामर्श तथा ऋण असुलीका लागि सम्बन्धित सदस्यलाई ताकेता गर्ने जस्ता नियमित कार्यहरु गर्दै आएको छ । संस्थागत नीति नियमभित्र रहि ऋण लगानी तथा असुलीका कार्यहरु नियमित रुपमा भइरहेको ब्यहोरा यस अवसरमा जानकारी गराउन चाहन्छौं ।

संस्थाका शेयर सदस्यहरुबाट बचतको रुपमा संकलित रकमलाई सहकारीको नियम अनुसार सदस्यहरुलाई लगानी गरी उनीहरुको आय आर्जनमा वृद्धि गराउने संस्थाको लक्ष्य तथा ध्येय अनुरुप संस्थागत नीति नियमको परिधिभित्र रहि ऋण लगानी गर्ने परिपाटी नै सहकारीको मूल मर्म हो । शेयर सदस्यहरुले आफ्नो पेशा व्यवसाय संचालन गर्न आवश्यक रकम परिपूर्तिका लागि संस्थामा ऋण माग गर्ने गरिएको छ । सदस्यको मागअनुसार धितो निरीक्षण, ऋण तिर्ने तत्परता तथा क्षमता, व्यक्तिगत आर्थिक आँचरण, पारिवारिक समझदारी लगायत ऋण सदुपयोगिताका आधारमा ऋण स्विकृत गर्ने र ऋण लगानी पश्चात निरीक्षण र अनुगमन गरी सदस्यहरुलाई सल्लाह सुझाव तथा पृष्ठपोषण गर्ने काम यस उपसमितिले गर्दै आएको छ । समय अनुसार ऋणीहरुको व्यवसायमा परेको प्रभावका बारेमा जानकारी लिई ऋणका सम्बन्धमा व्यक्ति स्वयम्लाई यसको असर र प्रभावबारे जानकारी गराई सचेत र सतर्क रहन वा आवश्यक सतर्कता अपनाउन सुझाव दिदै आइरहेको छ ।

व्यवसायका क्षेत्रमा विगत केही वर्षदेखि प्रभाव पार्दै आएको कोभिड-१९ को असर अझै पनि कायम नै छ । गत आ.व. २०७८/०७९ मा पनि त्यसको असर बाँकी नै रह्यो । विशेषगरी सदस्यहरुको व्यवसायले अझै पनि गति नलिदा ऋण असुलीमा समस्या सिर्जना भइरहेको छ । अर्कोतर्फ गत आ.व.मा वित्तीय क्षेत्रमा देखिएको तरलताको प्रभाव पनि विशेषगरी ऋण लगानी तथा ब्याजदरमा पऱ्यो । जसले गर्दा संस्थाको १९ औं वार्षिक साधारणसभाबाट तय भई निर्धारण भएका अधिकतम कार्यक्रमहरुमा पनि यसको प्रभाव रह्यो । सदस्यको माग बमोजिम ऋण लगानी गर्न सकिएन । ऋणको किस्ता तथा ब्याज भुक्तानी गर्न प्रोत्साहन गर्ने हेतुले संस्थाद्वारा ऋणी सदस्यहरुलाई पटक पटक फोन सम्पर्क, भेटघाट तथा सहजीकरण गर्ने कार्य भने निरन्तर भई नै रहेका छन् । गत आ.व. २०७८/०७९ को अन्तमा लगानीमा रहेको ऋणको विवरण यस प्रकार रहेको छ ।

| क्र.सं. | ऋणको किसीम | कार्यक्रमगत लगानीमा बाँकी ऋण रकम रु. | | |
|---|---|---|---|---|
| | | बचत तथा ऋणतर्फ | लघुवित्ततर्फ | जम्मा |
| १ | सदस्य जमानत (साधारण) ऋण | ५००६३५६ | १६६९९८१५६२ | १६७४९८७९१८ |
| २ | आवधिक बचत लगानी | ८७५७१३३ | ० | ८७५७१३३ |
| ३ | कर्मचारी कल्याण ऋण | १३५२७३४७ | ० | १३५२७३४७ |
| ४ | कर्मचारी सवारी साधन ऋण | ५९३७४० | ० | ५९३७४० |
| ५ | लघुउद्यम ऋण | २३६१५४३२ | २६८२८९५४९ | २९१९०४९८१ |
| ६ | उच्च तथा मध्ययम व्यवसायिक ऋण | १६४२९१२०२ | ० | १६४२९१२०२ |
| ७ | मौसमी ऋण | ० | २४०१०९६८ | २४०१०९६८ |
| ८ | केन्द्रकोष ऋण | ० | ३७६८५४६९ | ३७६८५४६९ |
| ९ | आवास ऋण | ० | ७८४६२ | ७८४६२ |
| १० | संस्थागत | २५००००० | ० | २५००००० |
| **जम्मा बाँकी ऋण** | | **२१८२९१२१०** | **२०००४६०१०** | **२२१८३३७२२०** |

आ.व. २०७८/०७९ सम्म लगानीमा रहेको ऋण रकम माथिको तालिकाबाट प्रष्ट हुन्छ । तथापी ऋण रकममध्ये समयमा किस्ता भुक्तान नहुने ऋणको विवरण यस प्रकार रहेको ब्यहोरा समेत सम्मानित शेयर सदस्यहरुलाई जानकारी गराउन चाहन्छौं । कोभिड-१९ का कारण धरासायी भएका व्यवसायले गति नलिएका कारण लगानीको रुपमा रहेको ऋणको नियमित ब्याज तथा किस्ता भुक्तानीमा सदस्यहरुलाई गाह्रो पर्न गई यस वर्ष भाका नाघेको ऋण प्रक्षेपण भन्दा अलिकति बढी देखिएको छ ।

| क्र.सं. | ऋणको किसीम | कार्यक्रमगत भाखा नाघेको ऋण रकम रु. | | |
|---|---|---|---|---|
| | | बचत तथा ऋणतर्फ | लघुवित्ततर्फ | जम्मा |
| १ | तीन महिना देखी एक वर्षसम्म | १३५८१८३७.८८ | ४९९०५५४३ | ६३४८७३८०.८८ |
| २ | एक वर्ष भन्दा बढी | ३२६१८३४.८३ | २३३१२९१५ | २६५७४७४९.८३ |
| **जम्मा** | | **१६८४३६७२.७१** | **७३२१८४५८** | **९००६२१३०.७१** |

**आदरणीय शेयर सदस्य महानुभावहरु,**

संस्थालाई सक्षम, सबल र पारदर्शी रुपमा विकास गर्दै लैजानुपर्छ भन्ने मूल मर्मका साथ संस्थाका नीति तथा नियमहरुको निर्देशनलाई पालन गर्दै ऋण लगानी तथा असुलीका सम्बन्धमा निम्न अनुसार कार्य गरेको व्यहोरा समेत यस अवसरमा जानकारी गराउन चाहन्छौं ।

**१. ऋण लगानी तथा असुली सम्बन्धी अवस्था :**

- ऋण नीति २०५९ तथा त्यसमा भएको संशोधनलाई विगतका वार्षिक साधारणसभाबाट स्वीकृति भए अनुसार निरन्तर रुपमा लागु गर्ने गरी स्वीकृति गरिए अनुसारका प्रावधानहरु लागु गरिएको छ ।
- व्यवसायिक तथा पारिवारिक आम्दानी खर्चको पुष्टि सहित तरलताको मापन गरी ऋण लगानी गर्ने गरिएको छ ।
- ऋणी भेटघाट, ऋण सदुपयोगिता निरीक्षण, व्यवसायको निरीक्षण गरी ऋण भुक्तानी गराउने समेत गरिएको छ ।
- कर्जा विश्लेषण गरी प्राप्त रिपोर्टको सीमाभित्र रहि समूहको निर्णय पश्चात ऋण लगानी गरिएको छ ।
- समूहको पूर्ण जमानी मन्जुरी भएपछि मात्र ऋण लगानी गर्ने गरिएको छ ।
- ऋण लगानी पूर्व पारिवारिक प्रमाणिकरण, व्यवसायिक तस्वीर र ठूला व्यवसायको हकमा एकल परिवारको कुनै सदस्यको ३ महिनाको बैंकिङ रिपोर्ट (आय-व्यय) अनिवार्य गरिएको छ ।
- गत आ.व.मा ऋण लगानी तथा असुलीको अवस्था हेर्दा लगानी ९४.१५% र असुली ९३.५५% उपलब्धी हासिल भएको छ ।

**२. ऋण परिचालन तथा असुली उपसमितिको बैठक संख्या र यसका निर्णयको अवस्था :**

- गत आ.व. २०७८/०७९ मा १३४३ (बचत तथा ऋणतर्फ २५ र लघुवित्ततर्फ १३१८) पटक बैठक संचालन भएको देखिन्छ ।
- सदस्यले ऋण माग गर्दा अपनाउने विधि र माग गर्दा पेश गर्ने कागजातहरु पुगनपुगको अवस्था हेरी प्रमाणिकरण गर्ने र आवश्यकता अनुसार परिमार्जन सहित ऋणको सुरक्षणको व्यवस्था मिलाउने गरिएको छ ।
- ऋणी सदस्यहरुको व्यवसाय अनुगमन गरी ऋण असुली सम्बन्धी नीति निर्माण र योजना बनाउने गरिएको छ ।
- यस उपसमिति अन्तर्गत बसेका बैठकबाट भएका निर्णयहरु पूर्ण रुपमा कार्यान्वयन भएको देखिन्छ ।

**३. ऋण लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण र धितो अवस्था :**

- संस्थाबाट प्रवाह हुने ऋण लगानी संस्थाको ऋण नीति २०५९ (संशोधन समेत) अनुसार भएको ।
- संस्था नियमनकारी निकायबाट जारी निर्देशिका तथा मापदण्डको अधिनमा रहि लगानी प्रवाह गरिएको ।
- ऋण लगानी पूर्व सदस्यको परियोजना तथा धितो निरिक्षण, व्यवसायको अवस्था, घर भेटघाट अनि पारिवारीक छलफल गर्ने गरिएको ।
- संस्थाको कार्यक्षेत्र भित्र रहेका संस्था सदस्यहरुको व्यवसायमा बृद्धि विकासका आधारमा ऋण कारोवार संचालन गरिएको ।

**४. आ.व. २०७८/०७९ को अन्तसम्ममा ऋण कारोबारको अवस्था :**

| क्र.सं. | विवरण | बचत तथा ऋण कार्यक्रम तर्फ | लघुवित्त कार्यक्रमतर्फ | जम्मा |
|---|---|---|---|---|
| १ | ऋणी संख्या | ४०२ | १६४५१ | **१६८५३** |
| २ | ऋण लगानी रकम रु. | १२९९६९४०० | १८६१३४०६०० | **१९९१३१००००** |
| ३ | ऋण असुली रकम रु. | ९१५७१५४५ | १५९४५८१२४१ | **१६८६१५२७८६** |
| ४ | लगानीमा बाँकि ऋण रकम रु. | २१८२९१२१० | २००००४६०१० | **२२१८३३७२२०** |
| ५ | भाखा नाघेको ऋण रकम रु. | १६८४३६७२.७१ | ७३२१८४५८ | **९००६२१३०.७१** |
| ६ | असुली प्रतिशत | ९२.३५ | ९६.४७ | **९५.८८** |
| ७ | ऋण जोखिम कोषमा रहको रकम रु. | १००४९०३४.५७ | ९८७४१४५२ | **१०८७९०४८६.५७** |
| ८ | ऋण ताकेता तथा घर भेटघाट | आवश्यक्ता अनुसार | | |
| ९ | ऋण सदुपयोगिता तथा धितो निरिक्षण | ११७३ | १२५७९ | **१३७५२** |

**५. ऋण परिचालन तथा असुली उपसमितिको तर्फबाट दिइएका सुझाव :**

- संस्थाको पूँजी संकलनका लागि बचत तथा शेयर बृद्धिमा जोड दिने । संस्थामा रहेका निश्क्रिय शेयर सदस्यहरुलाई सक्रिय बनाउने ।
- ऋण रकमको न्यूनतम ५% शेयर खरिद गरेको हुनुपर्ने प्रावधान सबै कार्यक्रममा कायम गर्ने ।
- नियमित साँवा तथा ब्याज भुक्तानी नभएका ऋणी र नियमित बचत नगर्ने सदस्यलाई बचत, ऋण नियमित गर्न अभिप्रेरित गर्ने ।
- व्यवसायिक सदस्यहरुको पहिचान गरी उनीहरुको व्यवसाय अनुसार थप ऋणको व्यवस्था गर्ने ।
- ऋण माग गरेका सदस्यहरुको हकमा उनीहरुको धितो निरिक्षण तथा अनुगमन अनिवार्य गर्ने व्यवस्था गर्ने ।
- नियमित कर्जा चलाईरहेका लघु व्यवसायीलाई ऋणमा निरन्तरता प्रदान गर्ने र व्यवसाय विस्तारका लागि सुझाव प्रदान गर्ने ।

अन्तमा, यस संस्थाको २० औं वार्षिक साधारणसभामा ऋण लगानी तथा असुली उपसमितिका तर्फबाट प्रतिवेदन पेश गरी सुझावहरु ग्रहण गर्न पाउँदा हामीलाई खुशी लागेको छ । हाम्रो अभियानलाई सफल बनाउनको निम्ति सहयोग गर्नुहुने शेयर सदस्य लगायत सम्पूर्ण व्यक्तिहरुमा विशेष धन्यवाद प्रकट गर्दछौं ।

**जय सहकारी !**

**प्रतिवेदक**
**संयोजक : ताराकेशर पौडेल**
**सदस्यहरु : तेजप्रसाद पौडेल,वेदनिधि रेग्मी**





# २०औं वार्षिक साधारणसभामा शिक्षा तथा तालिम उपसमितिको तर्फबाट प्रस्तुत प्रतिवेदन २०७८/०७९

श्रीमान् अध्यक्ष ज्यू,

आदरणीय शेयर सदस्य ज्यूहरु, संचालक समिति, सल्लाहकार, विभिन्न समिति/उपसमितिका पदाधिकारी, सदस्य, कर्मचारी एवं शुभेच्छुक महानुभावहरुमा शिक्षा, तालिम तथा सम्भाव्यता अध्ययन उपसमितिको तर्फबाट सहकारीमय न्यानो अभिवादन ।

***आदरणीय शेयर सदस्य ज्यूहरु,***

संस्थाका सदस्यहरुलाई सहकारी सम्बन्धी संस्कार विकास तथा क्षमता अभिबृद्धि र व्यवसायिक सीप विकासका लागि चेतनाको संवाहकको रुपमा मानिएको शिक्षा, तालिम तथा सूचना जसले समाज रुपान्तरण गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । सो भूमिका निर्वाह गर्न संस्था संचालक समितिले सहकारी ऐन, नियम तथा संस्था विनियम बमोजिम हामीलाई शिक्षा, तालिम तथा सम्भाव्यता अध्ययन उपसमितिको महत्वपूर्ण पदहरुमा मनोनयन गरी प्राप्त जिम्मेवारी विश्वास र अपेक्षालाई आत्मसात गर्दै यस उपसमितिबाट जिम्मेवारी बहन गर्ने क्रममा दक्षता र सीपले भ्याएसम्म गरिएका क्रियाकलापहरु सम्मानित वार्षिक साधारणसभा समक्ष प्रतिवेदनको रुपमा प्रस्तुत गरेको व्यहोरा अनुरोध छ ।

सहकारी संस्थाका सदस्यहरु, संचालक समिति र कर्मचारीहरुलाई आवश्यकता अनुसार सहकारीको ज्ञान, सीप, धारणा र संस्कारको विकास र संस्था तथा व्यवसाय प्रवर्द्धन र व्यवस्थापनमा रचनात्मक सोचको विकास गर्न तालिम, गोष्ठी, शिक्षा शिविर तथा अन्तरक्रिया जस्ता शैक्षिक क्रियाकलाप हुनु नितान्त आवश्यक हुन्छ । यस संस्थामा पनि स्वीकृत वार्षिक कार्यक्रम अनुसार तालिम, गोष्ठी, अन्तरक्रिया जस्ता कार्यक्रमहरु संचालन हुँदै आएका छन् । अतः आ.व. २०७८/०७९ मा संस्थाले सम्पन्न गरेका यस उपसमितिको कार्यक्षेत्र भित्रका क्रियाकलापहरुको स्वीकृति लक्ष्य र उपलब्धी मूल कार्यक्रममा समावेश गरिएको हुँदा यहाँ संक्षेपमा मात्र प्रस्तुत गरी सदस्य महानुभावहरुमा सुसूचित गर्न यो प्रतिवेदन प्रस्तुत गरिएको व्यहोरा अनुरोध छ ।

**१. गत साधारणसभाबाट स्वीकृत कार्यक्रमहरुको कार्यान्वयनको अवस्था :**

- यस संस्थाका साफेदार संघ संस्थाहरुबाट संचालन भएका तालिम, गोष्ठी, अन्तरक्रिया, अध्ययन अवलोकन जस्ता कार्यक्रमहरुमा संस्थाका संचालक तथा कर्मचारीहरुको आवश्यकता अनुसार सहभागिता रहेको छ ।
- आवश्यकता अनुसार आकस्मिक/सामाजिक राहत सहयोगका कार्यक्रमहरु संचालन गरिएको छ ।
- समन्वय एवं सम्पर्क भेला, पि.जि.टी. तथा पुनर्ताजगी तालिम लगायतका कार्यक्रमहरु सम्पन्न भएका छन् ।
- सहकारी शिक्षा तथा सचेतना, सामुदायिक समन्वयात्मक गोष्ठी, वित्तीय साक्षरता जस्ता कार्यक्रमहरु संचालन गरिएको छ ।
- आवश्यकता अनुसार सदस्य सीप विकास तालिम पनि संचालन गरिएको छ ।
- संचालक समिति तथा उप-समितिका बैठकहरु नियमित रुपमा संचालन भएका छन् ।
- संस्था स्थापना दिवसको अवसरमा जेष्ठ नागरिक सम्मान कार्यक्रम सम्पन्न गरिएको छ ।
- अन्य स्वीकृत कार्यक्रमहरु संस्था स्थापना दिवस, सहकारी दिवस, छात्रवृत्ति वितरण, शुभकामना आदान प्रदान, विभिन्न दिवस उत्सव, सदस्य सम्मान, संचालक कर्मचारी मिलन कार्यक्रम जस्ता विभिन्न दिवस तथा कार्यक्रमहरु संचालन गरिएको छ ।
- वार्षिक कार्यक्रम प्रगतिलाई विश्लेषण गर्दा आ.व. २०७८/०७९ मा सन्तोषजनक रुपमा प्रगति हाँसिल गरिएको छ ।

**२. आगामी वर्षका लागि थप कार्यक्रम तथा सुझावहरु :**

- सदस्यहरुलाई अविलम्ब कोपोमिस प्रणालीमा आवद्ध गराई एक सहकारी एक सदस्यताको अवधारणा लागुगर्न सहजीकरण गर्नुपर्ने ।
- अन्य सहकारी संस्थाहरुको सेवा प्रवाह, बचतमा दिने ब्याजदर, ऋण परिचालन, जोखिम ऋणको अवस्था, ऋणको भाखा नाघ्दा संस्थामा पर्न सक्ने वित्तीय असर र जोखिमबारे अध्ययन गरी प्रतिवेदनउपर नियमित छलफल र अन्तरक्रिया कार्यक्रमलाई निरन्तरता दिनुपर्ने ।
- सदस्यका छोराछोरीहरु मार्फत शिक्षा, स्वास्थ्य, सरसफाई सम्बन्धी जनचेतना फैलाउन उनीहरुको क्षमता अभिबृद्धि गर्नुपर्ने ।
- ऋण जोखिममा परेका सदस्यहरुलाई वैकल्पीक व्यवस्था गर्न थप प्रोत्साहनका लागि सहयोग र समन्वय गर्नुपर्ने ।
- सहकारी संस्थाका सदस्य, कर्मचारी, संचालकमा समय समयमा अन्तर सम्वाद कार्यक्रम संचालन गर्ने गराउने ।
- संस्थामा विद्यमान नीति नियमावलीहरु समयअनुसार थप संशोधन एवं परिमार्जन गर्दै लैजान संचालक समितिलाई सहजीकरण गर्ने ।
- सदस्य तथा उद्यमीलाई व्यवसायिक योजना निर्माण एवं ऋण परिचालन सम्बन्धमा तालिम तथा गोष्ठीहरु नियमित संचालन गर्नुपर्ने ।
- संस्थाको सेवा प्रवाह तथा सहकारी जागरण सम्बन्धी संचालक तथा शेयर सदस्यहरुबीच गोष्ठीहरु संचालन गर्नुपर्ने ।
- सदस्य, संचालक तथा कर्मचारीहरुलाई कम्तीमा वर्षको १ पटक सकारात्मक सोच विकासका लागि तालिम संचालन गर्नुपर्ने ।
- सेवाकेन्द्र स्तरमा सहकारी सेवा प्रवाह सुदृढिकरणका लागि सेवाग्राही र सरोकारवालाबीच अन्तरसंवाद कार्यक्रम संचालन गर्नुपर्ने ।
- शेयर सदस्यहरुलाई संस्थाको परिचय पत्र वितरण गर्ने व्यवस्था मिलाउनुपर्ने ।
- उप-समितिका पदाधिकारीहरुले वर्षमा १ पटक सबै सेवाकेन्द्रहरुको अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्ने ।

अन्तमा, संस्था प्रभावकारी रुपमा संचालन एवं दिगो विकासका लागि सदस्य सेवामा समर्पित रही शेयर सदस्यहरुमा अन्तरनिहीत सहकारी भावनाको उजागर एवं क्षमता अभिबृद्धि गरी संस्थाको सेवा क्षेत्रलाई अफ बढी सेवामूखि बनाउँदै सदस्यहरुको आर्थिक, सामाजिक र सांस्कृतिक विकास गर्न हामी सबैको सक्रिय भूमिका रहिरहने विश्वास व्यक्त गर्दछौं ।।

**जय सहकारी !**

**प्रतिवेदक**
**संयोजक : राधाकुमारी ढकाल**
**सदस्य : गणेश बस्नेत** — **सदस्य : उमा आचार्य**
**सदस्य : बालकृष्ण खरेल** — **सदस्य सचिव : अम्बिका खनाल**

# २०औं वार्षिक साधारणसभामा दुग्धशाला प्रवर्द्धन तथा व्यवस्थापन उपसमितिको तर्फबाट प्रस्तुत प्रतिवेदन २०७८/०७९

श्रीमान् अध्यक्ष ज्यू,

आदरणीय शेयर सदस्य ज्यूहरु, संचालक समिति, सल्लाहकार, विभिन्न उपसमितिका पदाधिकारी, कर्मचारी एवं शुभेच्छुक महानुभावहरुमा संस्थाको दुग्धशाला प्रवर्द्धन तथा व्यवस्थापन उपसमितिको तर्फबाट सहकारिमय न्यानो अभिवादन ।

***आदरणीय शेयर सदस्य महानुभावहरु,***

संस्थाले सदस्य तथा समुदायको आवश्यकतालाई मध्यनजर गर्दै संचालनमा ल्याएको वातावरण दुग्धशालालाई प्रवर्द्धन एवं व्यवस्थापन गर्नेगरी २०७८ मा निर्वाचित नयाँ संचालक समितिले हामीलाई पुन: दुग्धशाला प्रवर्द्धन तथा व्यवस्थापन उपसमितिको महत्वपूर्ण पदहरुमा मनोनयन गरेको ब्यहोरा अवगत नै छ । यस उपसमितिले दुग्धशाला संञ्चालनका क्रममा देखिएका विभिन्न चुनौतिहरुलाई आपसी छलफल र सरसल्लाह गर्दै समाधान गर्दै आइरहेको छ । यस क्रममा भएगरेका क्रियाकलापहरु सम्मानित वार्षिक साधारणसभामा पेश गर्न पाउँदा गौरवान्वित भएका छौं । संस्थाले दुर्गम क्षेत्रका कृषकहरुलाई पशुपालन व्यवसायमा सहजिकरण गरी कृषकहरुलाई लाभांबित हुने कार्यक्रम संचालन गर्दै आईरहेको छ । दुग्धशालाले दुग्ध उत्पादक कृषकहरुलाई संगठित गर्दै दुधको बजारको प्रर्वधन गर्ने र व्यवसायिक दुध उत्पादनमा प्रोत्साहन गरी आम्दानी बृद्धि गर्ने कार्यक्रम गर्दै आएको ब्यहोरा जानकारी गराईन्छ ।

त्यस्तै दुग्धशालाले उपभोक्तालाई गुणस्तरीय दुध तथा दुग्धजन्य परिकार उपलब्ध गराउने लक्ष्य पनि लिएको छ । सोही लक्ष्यलाई सार्थक बनाउने क्रममा यस उपसमिति पनि निरन्तर रुपमा सक्रिय रहँदै कृषक तथा उपभोक्ताको हितमा कार्यहरु गर्दै आएको छ । आगामी दिनमा लक्ष्य अनुरुप काम सम्पन्न हुनेगरी क्रियाशील हुने प्रतिवद्धता समेत व्यक्त गर्न चाहान्छौं । अत: यस अवसरमा हामीलाई सहयोग गर्नुहुने समिति, उपसमितिका पदाधिकारी, शेयर सदस्य, कर्मचारी टिमलाई धन्यवाद ज्ञापन गर्दछौं । हामी अहिले संस्थाको २०औं वार्षिक साधारणसभाको संघारमा उभिएका छौं । यस अवसरमा सदस्यज्यूहरु लगायत अन्य शुभेच्छुक महानुभावहरुमा दुग्धशालाबारे जानकारी गराउने उद्देश्यले उपसमितिको काम, कर्तव्य र अधिकार क्षेत्रभित्र रही कार्य सम्पन्न गर्दा गराउँदा प्राप्त नतिजा तथा विवरणहरु निम्नअनुसार प्रस्तुत गरेका छौं ।

**१. वातावरण दुग्धशालाको हालको अवस्था :**

- दुध खरिद सम्झौता भएको संकलन केन्द्र ११ वटा रहेको छ ।
- १८ वटा बिक्रि केन्द्रबाट नियमित रुपमा दुध बिक्रि भइरहेको छ ।
- दुग्धशालाबाट करिब ४५० जना कृषक लाभान्वित भएका छन् ।
- दैनिक १४०० देखि १५०० लिटर दुध संकलन तथा विक्रि वितरण हुँदै आएको छ ।
- दुग्धशालाले खरिद गरेको दुधलाई आवश्यकता अनुसार दही, पनिर, खुवा, घ्यू, छुप्री समेत बनाई बिक्रि गर्दै आइरहेको छ ।
- संकलित दुधलाई प्रशोधन गरी प्याकेजिङ्ग, लोगो तथा लेभल, उपभोग मिति समेत राखी बिक्रि वितरण गर्ने गरिएको छ ।
- दुग्धशालामा चिस्यान केन्द्र निर्माण गरी भण्डारण क्षमतालाई प्रभावकारी तथा व्यवस्थित गरिएको छ ।
- दुध संकलन केन्द्रलाई कृषकले समयमै रकम पाउनेगरी प्रत्येक महिना रकम भुक्तानी दिने व्यवस्था गरिएको छ ।

**२. दुग्धशालाको आगामी योजनाहरु :**

- हाल भईरहेका बिक्रि केन्द्रहरुमा थप गरी बिक्रिको व्यवस्थापन अझ प्रभावकारी गरिने छ ।
- दुध उत्पादक कृषकलाई पायक पर्ने संकलन केन्द्रमा बिहानको बिहानै र साँझको साँझ दुध संकलन गर्ने व्यवस्था मिलाईने छ ।
- जहाँ संकलन केन्द्र छैनन् त्यस्ता स्थानमा संकलन केन्द्र स्थापना गर्न कृषकलाई सहजिकरण गरिने छ ।
- चिस्यान उपकरण नभएका दुध संकलन केन्द्र/सहकारीमा उपकरण उपलब्ध गराई भण्डारण क्षमता बृद्धि गरिने छ ।
- कृषक तथा संकलन केन्द्रलाई गुणस्तरीय दुध संकलन गर्न क्षमता अभिबृद्धि गरिने छ ।
- संकलन केन्द्रमा संकलित दुधलाई समयमै संस्थाको गाडी मार्फत वातावरण दुग्धशालामा ल्याउने व्यवस्था मिलाउने ।

**३. सुझावहरु :**

- दुध संकलन केन्द्रहरुबाट नियमित दुध ढुवानीका लागि अझ प्रभावकारी व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।
- दुध बिक्रि वितरणबाट रहेको मौज्दात दुधको व्यवस्थापनका लागि दुग्धजन्य वस्तु बिक्रि गर्नेगरी मिठाई तथा कफी दोकान समेत खोल्न उपयुक्त हुने देखिन्छ ।
- सदस्यहरुलाई व्यवसायिक पशु पालन गर्नेगरी प्रोत्साहन स्वरुप बिनाधितो आवश्यक ऋणको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

अन्तमा, संस्थाको दुग्धशालालाई अझ प्रभावकारी किसिमले संचालन गर्नका लागि संचालक समति, विभिन्न समिति उपसमितिका पदाधिकारी तथा सबै शेयर सदस्यहरुको समेत महत्वपूर्ण भूमिका रहिरहने विश्वास गर्दै हामीलाई सहयोग गर्नुहुने संस्था संचालक समिति, विभिन्न उपसमितिका साथीहरु र कर्मचारी वर्गलाई पनि धन्यवाद दिन चाहन्छौं ।

**जय सहकारी !**

**प्रतिवेदक**

**संयोजक : प्रेमप्रसाद चालिसे** **सदस्य : सुभाष आचार्य**

**सदस्य सचिव : यामनारायण आचार्य**





# २०औं वार्षिक साधारणसभामा महिला, युवा तथा बालबालिका उपसमितिको तर्फबाट प्रस्तुत प्रतिवेदन २०७८/०७९

श्रीमान् अध्यक्ष ज्यू,

आदरणीय शेयर सदस्य ज्यूहरु, संचालक समिति, सल्लााहकार, विभिन्न उपसमितिका पदाधिकारी सदस्य, कर्मचारी एवं शुभेच्छुक महानुभावहरुमा संस्थाको महिला, युवा तथा बालबालिका उपसमितिको तर्फबाट सहकारीमय हार्दिक अभिवादन ।

***आदरणीय शेयर सदस्य ज्यूहरु,***

संस्थाको यस २० औं वार्षिक साधारणसभामा महिला, युवा तथा बालबालिका उपसमितिको तर्फबाट प्रतिवेदन पेश गर्न पाउँदा हर्षित भएका छौं । आजको २१ औं शताव्दीमा आईपुग्दा समाज परिर्वतनको वाहक महिला, युवा तथा बालबालिका समाजका हरेक गतिविधिमा संलग्न रहेको देखिन्छ । उनीहरु समुदाय स्तरमा नीति निमार्ण तहदेखि स्थानीय तहसम्म नेतृत्व/जिम्मेवारी वहन गर्न सक्षम भएको अवस्था छ । यस संस्थाले विशेषगरी महिलाहरुको अवस्थामा सुधार ल्याउने उद्देश्यका साथ सुर्खेत, दैलेख, सल्यान र जाजरकोटमा लघुवित्त कार्यक्रमलाई प्रभावकारी किसिमले संचालन गरिरहेको छ । यस कार्यक्रमबाट समुदायका महिलाहरु आर्थिक, सामाजिक र सांस्कृतिक रुपमा सबल र सक्षम भई स्व:निर्णय गर्न सक्ने क्षमता बृद्धिका साथै समुदायस्तरमा उनीहरुको पहुँच समेत बृद्धि भएको छ ।

संस्थामा आवद्ध जेष्ठ सदस्य, महिला, युवा तथा बालबालिकाहरुलाई ध्यानमा राखी उनीहरुसँग सम्बन्धित कार्य गर्नेगरी गठित यस उपसमितिबाट आफ्नो जिम्मेबारीलाई बहन गर्ने क्रममा संस्था संचालक समिति, विभिन्न उपसमितिसँग समन्वय गरी आ-आफ्नो दक्षता र सीपले भ्याएसम्म आ.व. २०७८/२०७९ मा सम्पन्न गरेका क्रियाकलापहरुको संक्षिप्त विवरण सदस्य महानुभावहरुमा सुसूचित गर्न यो प्रतिवेदन प्रस्तुत गरिएको ब्यहोरा अनुरोध छ ।

**१. उपसमितिले सम्पन्न गरेका आफ्ना मुख्य क्रियाकालप तथा उपलव्धीको विवरण :**

- आ.व. २०७८/२०७९ मा यस उपसमितिको वैठक २ पटक बसेको छ ।
- संस्थाको सेवाकेन्द्र स्तरमा १६ दिने महिला हिंसा विरुद्धको अभियानको क्रममा विभिन्न कार्यक्रमहरु संचालन गरेको ।
- संचालक तथा कर्मचारीहरु बीच सहभोज कार्यक्रमको आयोजना गरी अनुभव आदान प्रदान कार्य गरिएको ।
- महिलाहरुको विशेष चाड तिजको अवसरमा केन्द्रीय कार्यालयमा संचालक समिति, उपसमिति, कर्मचारी तथा सेवाकेन्द्रहरुमा महिला कर्मचारीहरुबीच तिज विशेषको शुभकामना आदान प्रदान गरि मनाइएको ।
- संस्थामा अवाद्ध ७५ वर्ष नाघेका जेष्ठ सदस्यहरुलाई संस्थाको स्थापना दिवसका दिन सम्मान गर्ने कार्यक्रम सम्पन्न भएको ।
- वार्षिक साधारणसभाबाट स्वीकृत यस उपसमिति अन्तर्गतका अन्य विभिन्न कार्यक्रमहरु संचालन गरिएको ।

**२. आगामी आ.व.का लागि प्रस्तावित कार्यक्रम तथा सुझावहरु :**

- सहकारी-सहकारीबीच अन्तर-सहकारी अध्ययन भ्रमण र अन्तरक्रिया गर्ने कार्यलाई निरन्तरता दिनुपर्ने ।
- स्वाथ्य संस्थासँग समन्वय गरी संस्थामा आवद्ध महिला सदस्यहरुको लागि स्वास्थ्य शिविर एवं स्वास्थ्य परिक्षण गर्ने ।
- कार्यक्षेत्र भित्रका युवालाई सेवाकेन्द्रको समन्वयमा उनीहरुको पहिचान र विश्लेषण गरी तालिम गोष्ठीको आयोजन गर्ने ।
- सेवाकेन्द्र स्तरीय युवा संजालहरु गठन गर्ने । सो संजालले संस्थामा युवाहरुको प्रवेशका साथै उनीहरुमा पनि बचत गर्ने बानीको विकास भई भविष्यको योजनाका बारेमा सकारात्क सोचको विकास गर्ने ।
- संस्थाको केन्द्रीय कार्यालय र सेवाकेन्द्रमा सेनेटरी प्याडको व्यवस्था गर्ने ।
- संस्थामा आवद्ध बाल सदस्यहरुको जन्मदिनको अवसरमा उनीहरुलाई उपहारको व्यवस्था गर्ने ।
- बालबालिकाहरुको बचतको मूल्याकंन गरी उत्कृष्ट बाल बचतकर्तालाई पुरस्कृत गर्ने ।
- बाल दिवस, नारी दिवस, तिज, महिला हिंसा विरुद्धको १६ दिने अभियान जस्ता दिवस तथा पर्वहरुमा कार्यक्रम संचालन गर्ने ।
- स्वास्थ्य संस्थासँग समन्वय गरी प्रत्येक सेवाकेन्द्रमा बच्चाहरुका लागि मासिक रुपमा खोप कार्यक्रम गर्ने ।
- महिला शेयर सदस्यहरुको बच्चा जन्मेको अवस्थामा सदस्यलाई भेट गरी खुत्रुके खाता खोल्ने व्यवस्थाको शुरुवात गर्ने ।
- संचालक तथा कर्मचारीहरुबीचको सहभोज कार्यक्रमलाई वर्षमा १ पटक गर्नेगरी निरन्तरता दिने ।

अन्तमा, यस उपसमिति अन्तर्गतका सेवा क्रियाकलापहरु संचालनमा सहयोग गर्ने सबैमा धन्यवाद ज्ञापन गर्दै संस्थाको प्रभावकारी संचालन प्रक्रिया एवं दिगो विकासका लागि सदस्य, महिला, बालबालिका तथा युवा सबैको भूमिका महत्वपूर्ण रहने आशा गरिएको छ । साथै सहकारी भावनाको उजागर एवं क्षमता अभिबृद्धि गरी संस्थाको सेवा क्षेत्रलाई अझ बढी सेवामुखी बनाउन हामी सबैको सक्रिय भूमिका रहिरहने विश्वास गर्दै सुझाव सल्लाहको समेत अपेक्षा राखेका छौं ।

**जय सहकारी !**

**प्रतिवेदक**

**संयोजक : खगिकुमारी बास्तोला**

**सदस्य : ऋषि भट्टराई** **सदस्य : हिमकुमारी पौडेल**

**सदस्य : देवीकुमारी शाही** **सदस्य सचिव : शोभा ढकाल**

अनुसूची- ५

# वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (EDCOL)

## वातावरण भवन

*वीरेन्द्रनगर-८, सुर्खेतको*

## संस्था स्थापनाकालदेखि आ.व. २०७८/०७९ सम्मको कारोबार विवरण

| आ.व. | शेयर हिसाबतर्फ | | | बचत हिसाबतर्फ | | | लिएको ऋण हिसाबतर्फ | | | ऋण लगानी असुली हिसाबतर्फ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्राप्त | फिर्ता | शेयर बाँकी | संकलन | फिर्ता | बचत बाँकी | प्राप्त | फिर्ता | तिर्न बाँकी | लगानी | असुली | लगानीमा बाँकी |
| २०५४/०५५ | ० | ० | ० | ६४९५२.४० | ७५.०० | ६४८७७.४० | - | - | - | ७१६००.०० | ३७६००.०० | ३४०००.०० |
| ०५५/०५६ | ० | ० | ० | १२३०६८.३३ | १४४५.६० | १८६५००.१३ | - | - | - | ४७६४१७.०० | ३३८५७२.७५ | १७१८४४.२५ |
| ०५६/०५७ | ० | ० | ० | ६४२३५९.४७ | २४१५.४८ | ८२६४४४.१२ | - | - | - | १९५११२०.०० | १४८१२६४.२५ | ६४१७००.०० |
| ०५७/०५८ | ५००००० | ० | ५००००० | ११८०५२२.०० | ९१२३.०० | १९९७८४३.१२ | - | - | - | ४६०२८८५.०० | २६४९१७१.०० | २५९५४१४.०० |
| ०५८/०५९ | ५६०००० | ० | १०६०००० | ४६४५५६४.०० | ३९५५३७.१२ | ६२४७८७०.०० | - | - | - | १००४५०४२.०० | ६४०९१३७.०० | ६२३१३१९.०० |
| ०५९/०६० | ७७०००० | ० | १८३०००० | ७२०११५५.३६ | ४१३०६२७.०० | ९३१८३९८.३६ | - | - | - | १५१२१९४७.०० | ११३२५३३३.०० | १००२७९३३.०० |
| ०६०/०६१ | ४१९१०० | ० | २२४९१०० | ६६८२२६४.०० | ७१२२१९८.०० | ८८७८४६४.३६ | - | - | - | १२४४२९०७.०० | १२४७८३९९.०० | ९९९२४४१.०० |
| ०६१/०६२ | ३७४६०० | ० | २६२३७०० | ८७५१२६२.०० | ६६३४८३४.०० | १०९९४८९२.३६ | - | - | - | १४७८०७७५.०० | १३७४५०५४.०० | ११०२८१६२.०० |
| ०६२/०६३ | ७४५८०० | ० | ३३६९५०० | १२६७५०८०.०० | ९३१८११५.०० | १४३५१८५७.३६ | - | - | - | १७५९४६२८.०० | १५५८४६८१.०० | १३०३८१०९.०० |
| ०६३/०६४ | ८३१४०० | १३०० | ४१९९६०० | १९७३७५३२.२५ | १४५२९५९७.०० | १९५५९७९२.६१ | १४५६०००.०० | २४००००.०० | १२१६०००.०० | १९७५६८७३.०० | १५११२१३९.०० | १७६८२८४३.०० |
| ०६४/०६५ | ४८८८०० | ५२०० | ४६८३२०० | ३३४०३८६०.०० | २६२९१३४०.०० | २६६७२३१२.६१ | ९२५०००.०० | ६८४०००.०० | १४५७०००.०० | ३२३९०७९३.०० | २६५०९६६९.०० | २३५६३९६७.०० |
| ०६५/०६६ | ७०९७०० | १४००० | ५३७८९०० | ४७०५३६३९.११ | ३५९२६६६१.९६ | ३७७९९२८९.७६ | ८००००००.०० | १६२४८०३.६० | ७८३२१९६.४० | ५५५७५४४४.०० | ३९४२६९८४.०० | ३९७१२४२७.०० |
| ०६६/०६७ | ५२२५०० | ३४४०० | ५८६७००० | ८१६२५७७५.०० | ७३०७७२९८.२९ | ४६३४७७६६.४७ | ९०००१२०.०० | ३३२३३३६.१८ | १३५०८९८०.२२ | ८६८२२६१४.०० | ६८७६४०१९.०० | ५७७७१०२२.०० |
| ०६७/०६८ | १८०५३०० | ४१८०० | ७६३०५०० | ९२०२७०१२.०० | ८१८३००२२.०० | ५६५४४७५६.४७ | २९९६३४५४.४५ | १०९९७८९८.१७ | ३२४७४५३६.५० | १४९६७७०००.०० | १२०२७०८४६.०० | ८७१७७१७६.०० |
| ०६८/०६९ | १७८४३०० | ३९२०० | ९३७५६०० | ७७८४४३५६.७० | ५८५९३२९७.१५ | ७५७९५८१६.०२ | ४६५५८०००.०० | ३०६४०३९४.०४ | ४८३९२१४२.४६ | २२२६०५२७९.०० | १८८५४६००३.०० | १२१२३६४५२.०० |
| ०६९/०७० | १५५१२२० | ७४२९० | १०८५२५३० | १०४२७०९९८.३७ | ७१०५८५५९.०१ | १०९००८२५५.३८ | ७८१०००००.०० | ४६८७७१४२.४६ | ७९६१५०००.०० | ३५४५९०७७२.५३ | २८४२५८५५२.५३ | १९१५६८६७२.०० |
| ०७०/०७१ | १५५६५८५ | ८१६०० | १२३२७५१५ | १२५७३९६९५.६५ | ८०२४१४१४.९७ | १५४५०६५३६.०६ | ८६२२२२९२.३५ | ५९७६३७९२.३५ | १०६०७३५००.०० | ५०१७३०२९२.३५ | ४३०६४५७५२.३५ | २६२६५३२१२.०० |
| ०७१/०७२ | ३७१९४५९ | १९७५७३ | १५८४९४०० | २२६१२०८०८.७६ | १५८७९५१४७.८१ | २२१८३२१९७.०१ | १३००००००.०० | ६४१९२२८३.०० | १७१८८१२१७.०० | ७१६८९३२००.०० | ५७२४९६९३९.०० | ४०७०४९४७३.०० |
| ०७२/०७३ | १९५०५००० | २३०२०० | ३५१२४२०० | २२८४९६९२३.४० | १४७८८८८६२.९५ | ३०२४४०२५७.४६ | १८०२३६६५०.५५ | ११८६४६४७४.५५ | २३३४७१३९३.०० | १०५३१५५२७०.५५ | ८६८२६९६५२.५५ | ५११९३५०११.०० |
| ०७३/०७४ | १६०१५९०० | १५६९८०० | ४९५७०३०० | ३३७१६८४७६.०८ | २२५५४५२१४.८० | ४१४०६३५१८.७४ | १३४३६५९६३.६५ | १४३४७१५३४.०८ | २२४३६५८२२.५७ | १२५९४९९४६४.०० | ११२७००५८६५.०० | ७२४४२८६९०.०० |
| ०७४/०७५ | २८५७८६०० | २१७७४०० | ७५९७१५०० | ४२४१८९८५९.५८ | २९००७१३१५.६४ | ५४८१८२०६२.६८ | १३००२७६८१.८० | ११३२१०४६३.३३ | २४११८३०४१.०४ | १४६५५०५८५५.०० | १२५६२९१०२५.०० | ९३३६४३५२०.०० |
| ०७५/०७६ | ४५५२३५०० | ५८९३९०० | ११५६०११०० | ३७९९८४६९०.१० | २३२१७५७६३.८३ | ६९५९९०९८८.९५ | ३७१११०८३०.८८ | १७३७७८४४५.६१ | ४३८५१५४२६.३१ | १९३३४८४१९६.०० | १४८९२५६८४१.०० | १३७७८७०८७५.०० |
| ०७६/०७७ | ३३९५६९०० | ४९४५२०० | १४४६१२८०० | ३७२०११३९५.७९ | २४५८४६६८२.३३ | ८२२१५५७०२.४१ | २२७५००००.०० | २११९२८३१६.११ | ४५४०८७११०.२० | १३५५०८३५००.०० | ११७४५३३६५६.०० | १५५८४२०७१९.०० |
| ०७७/०७८ | ४८१९०७०० | ५५०३१०० | १८७३००४०० | ५६४७७९९२६.८३ | ३८५१०३३७७.५१ | १००१८३२२५१.७३ | २८३६२५८३८.३३ | २४१७०७०७५.६१ | ४९६००५८७२.९२ | १७१३६०४०००.०० | १३६०४३६६५८.०० | १९१११५८८०६१.०० |
| ०७८/०७९ | ५३७८७१०० | ८१८४५०० | २३२९०३००० | ६०२४०११००.०९ | ४४५२३३२५०.१९ | ११५९०००१०१.६३ | १६००००००००.०० | १८५९२२५३५.७७ | ४७००८३३३७.१५ | १९९१३१००००.०० | १६८४५६०८४१.०० | २३१८३३७२२०.०० |
| जम्मा कारोबार | २६१८९६४६३ | २८९९३४६३ | २३२९०३००० | ३७५८८२२२७७.२७ | २५९९८२२१७५.६४ | ११५९०००१०१.६३ | १८७७०९१८३२.०१ | १४०७००८४९४.८६ | ४७००८३३३७.१५ | १२९८८७७१८७४ | १०७७०४३४६५४ | २२१८३३७२२० |





अनुसूची- ६


# वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (EDCOL)

## वातावरण भवन


*वीरेन्द्रनगर-८, सुर्खेत*

## जीवन, परिवार तथा आवास लघु सुरक्षण योजना अन्तर्गत २०७८ श्रावणदेखि २०७९ असार मसान्तसम्म सुविधा प्रदान गरिएको विवरण

| क्र.स. | कार्यालयको नाम | मृत्यु सुरक्षण सुविधा | | सुत्केरी सुविधा | | आवास क्षति सुविधा | | जम्मा सुविधा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम रु. | संख्या | रकम रु. | संख्या | रकम रु. | संख्या | रकम रु. |
| १ | बचत तथा ऋण कार्यक्रम | ३ | ४५००० | १ | १५०० | - | - | ४ | ४६५०० |
| २ | वीरेन्द्रनगर सेवाकेन्द्र | ३४ | ३६७०५०० | ३१ | ५४५०० | ६ | १७५०० | ७१ | ३७४२५०० |
| ३ | मेहेलकुना सेवाकेन्द्र | २७ | २५५३५०० | २५ | ४३९०० | २ | ४००० | ५४ | २६०१४०० |
| ४ | वड्डीचौर सेवाकेन्द्र | १६ | २११५५०० | १३ | १९५०० | १४ | ४७५०० | ४३ | २१८२५०० |
| ५ | राकम सेवाकेन्द्र | २२ | २०३९००० | ८ | १२५०० | ४ | ९००० | ३४ | २०६०५०० |
| ६ | बाबियाचौर सेवाकेन्द्र | २० | २२२४००० | २० | ३५००० | - | - | ४० | २२५९००० |
| ७ | मेहेली धरमपोखरा सेवाकेन्द्र | २१ | २३००५०० | २९ | ४७००० | १ | २००० | ५१ | २३४९५०० |
| ८ | डुंगेश्वर सेवाकेन्द्र | १५ | १८७५००० | ३८ | ६९००० | ७ | २२५०० | ६० | १९६६५०० |
| ९ | यरिचोक सेवाकेन्द्र | २६ | २६०६००० | ३६ | ६८५०० | ३ | १०००० | ६५ | २६८४५०० |
| १० | रामघाट सेवाकेन्द्र | २१ | २४३१००० | ३० | ५१५०० | २ | ७५०० | ५३ | २४९०००० |
| ११ | देवस्थल सेवाकेन्द्र | ९ | ७८३००० | १८ | ३६५०० | - | - | २७ | ८१९५०० |
| १२ | रामपुर सेवाकेन्द्र | ५ | ४११५०० | १५ | २९००० | - | - | २० | ४४०५०० |
| १३ | दुल्लु सेवाकेन्द्र | २० | १८६१५०० | ७४ | ११८५०० | ६ | १५००० | १०० | १९९५००० |
| १४ | चामुण्डा सेवाकेन्द्र | १ | १३०५०० | ९ | २०००० | - | - | १० | १५०५०० |
| | जम्मा | २४० | २५०४६५०० | ३४७ | ६०६९०० | ४५ | १३५००० | ६३२ | २५७८८४०० |

अनुसूची- ७

# वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (EDCOL)

**वातावरण भवन**

**वीरेन्द्रनगर-८, सुर्खेत**

## आ.व. २०७७/०७८ को मूल्यांकन तथा कार्य सम्पादनका आधारमा आ.व. २०७८/०७९ सम्ममा गरिएका पुरस्कार तथा सम्मान विवरण

| क.सं. | सम्बन्धित कार्यालय | विवरण | पुरस्कृत/सम्मानित हुनेको नाम | ठेगाना/पद |
|---|---|---|---|---|
| १ | सहकारी बचत ऋण | उत्कृष्ट ऋणी पुरस्कार | नन्दा डाँगी | गुर्भाकोट ११, सुर्खेत |
| २ | सहकारी बचत ऋण | उत्कृष्ट ऋणी पुरस्कार | मिनाकुमारी ढकाल | वीरेन्द्रनगर १३, सुर्खेत |
| ३ | सहकारी बचत ऋण | उत्कृष्ट ऋणी पुरस्कार | राजकुमारी शाही | वीरेन्द्रनगर १, सुर्खेत |
| ४ | सहकारी बचत ऋण | उत्कृष्ट ऋणी पुरस्कार | रामबहादुर के.सी. | गुराँस ८, दैलेख |
| ५ | सहकारी बचत ऋण | उत्कृष्ट ऋणी पुरस्कार | डोरप्रसाद शर्मा | चिङगाड ३, सुर्खेत |
| ६ | सहकारी बचत ऋण | उत्कृष्ट ऋणी पुरस्कार | नगेन्द्रबहादुर राना | भेरीगंगा १०, सुर्खेत |
| ७ | सहकारी बचत ऋण | उत्कृष्ट बचकर्ता पुरस्कार | विष्णु ढकाल | वीरेन्द्रनगर ८, सुर्खेत |
| ८ | सहकारी बचत ऋण | उत्कृष्ट बचकर्ता पुरस्कार | लालका बुढा | वीरेन्द्रनगर ८, सुर्खेत |
| ९ | सहकारी बचत ऋण | उत्कृष्ट बचकर्ता पुरस्कार | तारा तिवारी | वीरेन्द्रनगर ६, सुर्खेत |
| १० | सहकारी बचत ऋण | उत्कृष्ट बचकर्ता पुरस्कार | गोविन्द पोखेल | वीरेन्द्रनगर ८, सुर्खेत |
| ११ | सहकारी बचत ऋण | उत्कृष्ट बचकर्ता पुरस्कार | दिपक वि.सी. | वीरेन्द्रनगर ८, सुर्खेत |
| १२ | सहकारी बचत ऋण | उत्कृष्ट बचकर्ता पुरस्कार | मञ्जुल अधिकारी | भवगतीमाई १, दैलेख |
| १३ | संस्थागत | उच्च शिक्षा छात्रवृत्ति (छात्रतर्फ) | पुजा पाठक | वीरेन्द्रनगर ८, सुर्खेत |
| १४ | संस्थागत | उच्च शिक्षा छात्रवृत्ति (छात्रातर्फ) | समिप आचार्य | वीरेन्द्रनगर ८, सुर्खेत |
| १५ | संस्थागत | प्राथमिक स्तर छात्रवृत्ति (छात्रतर्फ) | बियङ्का ज्ञवाली | वीरेन्द्रनगर ७, सुर्खेत |
| १६ | संस्थागत | प्राथमिक स्तर छात्रवृत्ति (छात्रातर्फ) | शशाङ्क शेखर धमला | वीरेन्द्रनगर ८, सुर्खेत |
| १७ | वीरेन्द्रनगर सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार प्रथम | कर्णाली वातावरण महिला केन्द्र | वीरेन्द्रनगर १२, सुर्खेत |
| १८ | वीरेन्द्रनगर सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार द्वितीय | सितापुर वातावरण महिला केन्द्र | वीरेन्द्रनगर १३, सुर्खेत |
| १९ | वीरेन्द्रनगर सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार तृतीय | चन्द्रसूर्य वातावरण महिला केन्द्र | वीरेन्द्रनगर १०, सुर्खेत |
| २० | वीरेन्द्रनगर सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार सान्त्वना | जागृति वातावरण महिला केन्द्र | वीरेन्द्रनगर १०, सुर्खेत |
| २१ | वीरेन्द्रनगर सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार सान्त्वना | जनचेतना वातावरण महिला केन्द्र | वीरेन्द्रनगर ११, सुर्खेत |
| २२ | मेहेलकुना सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार प्रथम | मखमली वातावरण महिला केन्द्र | गुर्भाकोट ८, सुर्खेत |

क्रमशः





| क.सं. | सम्बन्धित कार्यालय | विवरण | पुरस्कृत/सम्मानित हुनेको नाम | ठेगाना/पद |
|---|---|---|---|---|
| २३ | मेहेलकुना सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार द्वितीय | झरना वातावरण महिला केन्द्र | गुर्भाकोट ६, सुर्खेत |
| २४ | मेहेलकुना सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार तृतीय | पोखरा वातावरण महिला केन्द्र | गुर्भाकोट ४, सुर्खेत |
| २५ | मेहेलकुना सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार सान्त्वना | कृष्ण वातावरण महिला केन्द्र | गुर्भाकोट ११, सुर्खेत |
| २६ | मेहेलकुना सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार सान्त्वना | दिपशीखा वातावरण महिला केन्द्र | गुर्भाकोट ८, सुर्खेत |
| २७ | वड्डीचौर सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार प्रथम | सम्झना वातावरण महिला केन्द्र | बराहताल ५, सुर्खेत |
| २८ | वड्डीचौर सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार द्वितीय | सिता वातावरण महिला केन्द्र | बराहताल ५, सुर्खेत |
| २९ | वड्डीचौर सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार तृतीय | जनज्योति वातावरण महिला केन्द्र | बराहताल ८, सुर्खेत |
| ३० | वड्डीचौर सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार सान्त्वना | गंगामाला वातावरण महिला केन्द्र | बराहताल ८, सुर्खेत |
| ३१ | वड्डीचौर सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार सान्त्वना | कुटा वातावरण महिला केन्द्र | बराहताल ४, सुर्खेत |
| ३२ | राकम सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार प्रथम | देउराली वातावरण महिला केन्द्र | शिवालय १, जाजरकोट |
| ३३ | राकम सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार द्वितीय | त्रिशुली वातावरण महिला केन्द्र | सिम्ता ७, सुर्खेत |
| ३४ | राकम सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार तृतीय | जागरण वातावरण महिला केन्द्र | सिम्ता १, सुर्खेत |
| ३५ | राकम सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार सान्त्वना | दुनी वातावरण महिला केन्द्र | सिम्ता ९, सुर्खेत |
| ३६ | राकम सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार सान्त्वना | परिवर्तनशील वातावरण महिला केन्द्र | सिम्ता २, सुर्खेत |
| ३७ | बाबियाचौर सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार प्रथम | वसुधारा वातावरण महिला केन्द्र | चौकुने ४, सुर्खेत |
| ३८ | बाबियाचौर सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार द्वितीय | प्रगतिशील वातावरण महिला केन्द्र | पञ्चपुरी ५, सुर्खेत |
| ३९ | बाबियाचौर सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार तृतीय | न्यू हरियाली वातावरण महिला केन्द्र | चौकुने ३, सुर्खेत |
| ४० | बाबियाचौर सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार सान्त्वना | वसन्त ऋतु वातावरण महिला केन्द्र | पञ्चपुरी ८, सुर्खेत |
| ४१ | बाबियाचौर सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार सान्त्वना | फुलमति वातावरण महिला केन्द्र | पञ्चपुरी ३, सुर्खेत |
| ४२ | मेहेली धरमपोखरा सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार प्रथम | कोपिला वातावरण महिला केन्द्र | वीरेन्द्रनगर १४, सुर्खेत |
| ४३ | मेहेली धरमपोखरा सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार द्वितीय | काँडाचिङ वातावरण महिला केन्द्र | चिङगाड ५, सुर्खेत |
| ४४ | मेहेली धरमपोखरा सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार तृतीय | ठाँटीबजार वातावरण महिला केन्द्र | चिङगाड ३, सुर्खेत |
| ४५ | मेहेली धरमपोखरा सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार सान्त्वना | पिपलचौतारी वातावरण महिला केन्द्र | चिङगाड ३, सुर्खेत |
| ४६ | मेहेली धरमपोखरा सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार सान्त्वना | चाँदनी वातावरण महिला केन्द्र | गुराँस ७, दैलेख |
| ४७ | डुंगेश्वर सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार प्रथम | हिमाली वातावरण महिला केन्द्र | गुराँस ३, दैलेख |
| ४८ | डुंगेश्वर सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार द्वितीय | डुंगेल वातावरण महिला केन्द्र | गुराँस २, दैलेख |
| ४९ | डुंगेश्वर सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार तृतीय | भगवती वातावरण महिला केन्द्र | गुराँस २, दैलेख |
| ५० | डुंगेश्वर सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार सान्त्वना | मिलिजुली वातावरण महिला केन्द्र | डुंगेश्वर ६, दैलेख |

क्रमशः

| क्र.सं. | सम्बन्धित कार्यालय | विवरण | पुरस्कृत/सम्मानित हुनेको नाम | ठेगाना/पद |
|---|---|---|---|---|
| ५१ | डुंगेश्वर सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार सान्त्वना | बसन्ती वातावरण महिला केन्द्र | डुंगेश्वर ६, दैलेख |
| ५२ | यरिचोक सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार प्रथम | ज्योति वातावरण महिला केन्द्र | वीरेन्द्रनगर १, सुर्खेत |
| ५३ | यरिचोक सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार द्वितीय | भैरव वातावरण महिला केन्द्र | वीरेन्द्रनगर ४, सुर्खेत |
| ५४ | यरिचोक सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार तृतीय | दिपमाला वातावरण महिला केन्द्र | वीरेन्द्रनगर २, सुर्खेत |
| ५५ | यरिचोक सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार सान्त्वना | लालिगुराँस वातावरण महिला केन्द्र | वीरेन्द्रनगर १, सुर्खेत |
| ५६ | यरिचोक सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार सान्त्वना | कस्तुरी वातावरण महिला केन्द्र | वीरेन्द्रनगर २, सुर्खेत |
| ५७ | रामघाट सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार प्रथम | मिलीजुली वातावरण महिला केन्द्र | भेरीगंगा १३, सुर्खेत |
| ५८ | रामघाट सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार द्वितीय | सादिखोला वातावरण महिला केन्द्र | भेरीगंगा ११, सुर्खेत |
| ५९ | रामघाट सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार तृतीय | सुन्दर बगैचा वातावरण महिला केन्द्र | भेरीगंगा ११, सुर्खेत |
| ६० | रामघाट सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार सान्त्वना | पशुपति वातावरण महिला केन्द्र | भेरीगंगा ११, सुर्खेत |
| ६१ | रामघाट सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार सान्त्वना | शुभकामना वातावरण महिला केन्द्र | भेरीगंगा ३, सुर्खेत |
| ६२ | देवस्थल सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार प्रथम | तारपरे वातावरण महिला केन्द्र | बनगाड कुपिण्डे ३, सल्यान |
| ६३ | देवस्थल सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार द्वितीय | सरस्वती वातावरण महिला केन्द्र | बनगाड कुपिण्डे ८, सल्यान |
| ६४ | देवस्थल सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार तृतीय | फुर्केसल्ली वातावरण महिला केन्द्र | बनगाड कुपिण्डे ३, सल्यान |
| ६५ | देवस्थल सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार सान्त्वना | लालिगुराँस वातावरण महिला केन्द्र | बनगाड कुपिण्डे १२, सल्यान |
| ६६ | देवस्थल सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार सान्त्वना | सहारा वातावरण महिला केन्द्र | सिद्धकुमाख गा.पा.५, सल्यान |
| ६७ | रामपुर सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार प्रथम | पिप्ले वातावरण महिला केन्द्र | कालिमाटी ४, सल्यान |
| ६८ | रामपुर सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार द्वितीय | त्रिवेणी वातावरण महिला केन्द्र | कालिमाटी ५, सल्यान |
| ६९ | रामपुर सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार तृतीय | बबई वातावरण महिला केन्द्र | कालिमाटी ५, सल्यान |
| ७० | रामपुर सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार सान्त्वना | अर्गले वातावरण महिला केन्द्र | कालिमाटी ३, सल्यान |
| ७१ | रामपुर सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार सान्त्वना | चाँदनी वातावरण महिला केन्द्र | कालिमाटी ५, सल्यान |
| ७२ | दुल्लु सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार प्रथम | पञ्चदेवल वातावरण महिला केन्द्र | दुल्लु न.पा. ११, दैलेख |
| ७३ | दुल्लु सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार द्वितीय | भैरवी वातावरण महिला केन्द्र | भैरवी गा.पा. ५, दैलेख |
| ७४ | दुल्लु सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार तृतीय | सिर्जनशील वातावरण महिला केन्द्र | भैरवी गा.पा. ३, दैलेख |
| ७५ | दुल्लु सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार सान्त्वना | बाँसघारी वातावरण महिला केन्द्र | दुल्लु न.पा. ९, दैलेख |
| ७६ | दुल्लु सेवाकेन्द्र | उत्कृष्ट केन्द्र पुरस्कार सान्त्वना | धारापानी वातावरण महिला केन्द्र | दुल्लु न.पा. २, दैलेख |
| ७७ | संस्थागत | उत्कृष्ट कर्मचारी पुरस्कार | हरिप्रसाद चालिसे | शाखा प्रमुख |
| ७८ | संस्थागत | उत्कृष्ट कर्मचारी पुरस्कार | खगेन्द्र पौडेल (ख) | सेवाकेन्द्र प्रमुख |
| ७९ | संस्थागत | उत्कृष्ट कर्मचारी पुरस्कार | सुशीला भण्डारी | फिल्ड सहायक |
| ८० | संस्थागत | उत्कृष्ट कर्मचारी पुरस्कार | रम्मा गौतम | कार्यालय सहायक |





अनुसूची- ८

# संस्थाद्वारा सञ्चालित चिल्ड्रेन्स प्याराडाईज स्कूल (प्रा.) लि.को संक्षिप्त गतिविधि

- **संस्थाको नाम :-** चिल्ड्रेन्स प्याराडाईज स्कूल सुर्खेत प्रा.लि.
- **संस्थाको ठेगाना :-** वीरेन्द्रनगर-८, वातावरणमार्ग, सुर्खेत
- **सम्पर्क माध्यम :-**
  - **क) फोन/फ्याक्स न.:-** ०८३-५२४०८०
  - **ख) ईमेल :-** cpsschool2010@gmail.com, cpsschool2010@yahoo.com
  - **ग) फेसबुक :** www.facebook.com/infocps **घ) विद्यालयको ID (जि.शि.का.) :-** ५९००७००२९
- **दर्ता भएको निकाय, दर्ता नं. र मिति :-**

| विवरण | निकाय | दर्ता नं. | दर्ता मिति |
|---|---|---|---|
| प्रा.लि. | कम्पनी रजिष्टारको कार्यालय, काठमाण्डौं | २२४२५/०५९/६० | २०५९/१०/८ |
| विद्यालय | शिक्षा विभाग, काठमाण्डौं | ७८९१ | २०५९ |
| कर दर्ता | आन्तरिक राजश्व कार्यालय, नेपालगञ्ज | ३०२५२१५८८ | २०६३ |
| उच्च मा.वि. | उच्च माध्यामिक शिक्षा परिषद, काठमाडौं | ५९४६ | २०६८ |

- **पुँजी व्यवस्था :-**
  - **क) चुक्ता शेयर पुँजी :** १,५२,२६,२००।-
  - **ख) अधिक लगानीः** वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि., सुर्खेतको २४.२६ प्रतिशत ।
  - **ग) अन्य शेयर लगानी :** शेयर सदस्यहरुको ७५.७४ प्रतिशत ।
- **शेयर सदस्य संख्या :-**४६ (संस्था :- १, महिला :- १ पुरुष :- ४४) ।
- **कम्पनी संचालक समिति :-** ९ जना (महिला- २, पुरुष- ७), **अध्यक्ष-** शरद पौड्याल ।
- **विद्यालय ब्यवस्थापन समिति :-** ३ जना, **अध्यक्ष-** चन्द्रलाल आचार्य ।
- **लेखा समिति संयोजक :-** श्यामलाल न्यौपाने ।
- **विद्यालय प्रधानाध्यापक :-** कुलबहादुर थापा ।
- **विद्यार्थी संख्या :** कक्षा शिशुदेखि १२ सम्म १०४४ जना विद्यार्थी अध्ययनरत ।
- **शिक्षक कर्मचारी संख्या :-** ६२ जना
- **भौतिक पूर्वाधार :**
  - **क) जग्गा :-** वीरेन्द्रनगर-८, वातावरण मार्गमा ६ कट्ठा क्षेत्रफलको आफ्नै स्वामित्वको जग्गा रहेको ।
  - **ख) विद्यालय भवन संख्या :-** ५ (२८ कक्षा, ल्याव ४, स्टोर २, हल -१, लाईवेरी -१, अन्य ६ कोठा र १५ शौचालय) ।
  - **ग) शुद्ध खानेपानी व्यवस्था :-** युरोगार्डबाट प्रशोधित ।
  - **घ) यातायात व्यवस्था :-** विद्यालयको आफ्नै स्वामित्वको बस (भे.१ क १३६०) ।
  - **ङ) प्रयोगशाला :-** विज्ञान (भौतिकशास्त्र, रसायनशास्त्र, जीवशास्त्र), कम्प्युटर (१९ थान) ।
  - **च) फर्निचर :-** कक्षा तथा कार्यालय संचालनको लागि प्रयाप्त फर्निचर ।
  - **छ) छात्रावास :-** सुविधायुक्त (३० जना क्षमता भएको)
  - **ज) पुस्तकालय/खेलकूद सामाग्री/शैक्षिक सामाग्री :-** पर्याप्त मात्रामा पुस्तक, खेलकूद तथा शैक्षिक सामाग्री भएको ।
  - **झ) अन्य :-** ईमेल, इन्टरनेट, स्कूल सफ्टवेयर, फोन, फ्याक्स, फोटोकपी आदि ।
- **शैक्षिक गतिविधि :**
  - **क) कक्षा ८ :-** विगत वर्षदेखि नै शतप्रतिशत नतिजा प्राप्त भएकोमा गत शैक्षिक सत्र २०७८ मा पनि परीक्षामा सम्मिलित ४१ जना विद्यार्थीमध्ये ३६ जना विशिष्ट श्रेणी ($A^+$ र A) र ५ जना प्रथम श्रेणी ($B^+$ र B) मा उत्तीर्ण भएका थिए ।
  - **ख) SEE :-** गत शैक्षिक सत्र २०७८ मा पनि परीक्षामा सम्मिलित ४८ जना विद्यार्थीमध्ये २७ जना विशिष्ट श्रेणी ($A^+$ र A) र २१ जना प्रथम श्रेणी ($B^+$ र B) मा गरी शतप्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए ।
  - **ग) कक्षा ११ र १२ :-** गत शैक्षिक सत्रमा ८८ प्रतिशतभन्दा बढी विद्यार्थी उत्तीर्ण भएका छन् ।
- **आर्थिक गतिविधि :**
  - **यस आ.व.को कूल कारोवार :-** रु.३,५७,१७,३७८।३६
  - **यस वर्षको शुद्ध मुनाफा :-** रु.३,९०,३६०।६५
  - **संस्थाको कोषमा रहेको रकम :-** रु.४६,८०,५७०।४७
  - **आ.व.को अन्तमा सम्पत्ति तथा दायित्वको रकम :** रु.३,५७,१७,३७८।३६

अनुसूची- ९

# वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (EDCOL)

***वातावरण भवन***

*वीरेन्द्रनगर-८, सुर्खेत*

## व्यवस्थापकीय कार्यमा संलग्न जनशक्ति (कर्मचारी)को विवरण

| व्यवस्थापन जनशक्ति मर्यादाक्रम | नाम | पद | श्रेणी | स्तर | कार्यरत कार्यक्षेत्र | शुरु नियुक्ति/ संलग्न मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सुरजप्रसाद आचार्य | कार्यकारी प्रवन्धक | तृतीय | अधिकृत | संस्थाका सम्पूर्ण कार्यक्रमहरु | २०६७/११/१४ | |
| २ | किरण बस्नेत | वरिष्ठ प्रवन्धक | चतुर्थ | अधिकृत | | २०६७/११/१४ | |
| ३ | अम्विका खनाल | प्रवन्धक | छैठौं | अधिकृत | बचत तथा ऋण | २०५५/०८/१५ | |
| ४ | श्यामलाल न्यौपाने | प्रवन्धक | छैठौं | अधिकृत | लघुवित्त कार्यक्रम | २०६३/०२/०५ | |
| ५ | झंकप्रसाद अर्याल | कार्यक्रम निरीक्षक | सातौं | अधिकृत | लघुवित्त कार्यक्रम | २०६३/०४/३० | |
| ६ | हरिप्रसाद चालिसे | शाखा प्रमुख | सातौं | अधिकृत | बचत तथा ऋण | २०७५/११/०६ | |
| ७ | सागर खड्का | सेवाकेन्द्र प्रमुख | आठौं | अधिकृत | लघुवित्त कार्यक्रम | २०६५/०८/०६ | |
| ८ | श्यामलाल कँडेल | सेवाकेन्द्र प्रमुख | आठौं | अधिकृत | लघुवित्त कार्यक्रम | २०६५/१०/१५ | |
| ९ | देवेन्द्रकुमार सेजुवाल | प्रशासन अधिकृत | आठौं | अधिकृत | लघुवित्त कार्यक्रम | २०६७/०४/०१ | |
| १० | राजेश अधिकारी | सेवाकेन्द्र प्रमुख | आठौं | अधिकृत | लघुवित्त कार्यक्रम | २०६६/११/०१ | |
| ११ | उर्मिला रोकाय | सेवाकेन्द्र प्रमुख | आठौं | अधिकृत | लघुवित्त कार्यक्रम | २०५८/०६/१३ | |
| १२ | सोमप्रसाद थारु | सेवाकेन्द्र प्रमुख | प्रथम | सहायक | लघुवित्त कार्यक्रम | २०६६/०७/०४ | |
| १३ | पूर्णबहादुर रोका | सेवाकेन्द्र प्रमुख | प्रथम | सहायक | लघुवित्त कार्यक्रम | २०६७/०२/१२ | |
| १४ | नारायण भट्टराई | सेवाकेन्द्र प्रमुख | प्रथम | सहायक | लघुवित्त कार्यक्रम | २०६७/१०/२३ | |
| १५ | ठुम्राकुमारी गिरी | सेवाकेन्द्र प्रमुख | प्रथम | सहायक | लघुवित्त कार्यक्रम | २०६६/०७/०४ | |
| १६ | खगेन्द्र पौडेल (क) | स. सेवाकेन्द्र प्रमुख | प्रथम | सहायक | लघुवित्त कार्यक्रम | २०६५/११/१५ | |
| १७ | हरिकृष्ण वली | सेवाकेन्द्र प्रमुख | प्रथम | सहायक | लघुवित्त कार्यक्रम | २०६७/१०/२३ | |
| १८ | खगेन्द्र पौडेल (ख) | सेवाकेन्द्र प्रमुख | प्रथम | सहायक | लघुवित्त कार्यक्रम | २०६९/१०/०१ | |
| १९ | कृष्णबहादुर अधिकारी | सेवाकेन्द्र प्रमुख | प्रथम | सहायक | लघुवित्त कार्यक्रम | २०७१/०५/१५ | |
| २० | लक्ष्मी पन्त | लेखा सहायक | प्रथम | सहायक | बचत तथा ऋण | २०५८/०२/३१ | |
| २१ | खगिसरा आचार्य | ऋण सहायक | प्रथम | सहायक | बचत तथा ऋण | २०५७/०१/१८ | |
| २२ | महेशकुमार ढकाल | सेवाकेन्द्र प्रमुख | प्रथम | सहायक | लघुवित्त कार्यक्रम | २०६६/०९/१३ | |
| २३ | वेदराज खनाल | स. सेवाकेन्द्र प्रमुख | प्रथम | सहायक | वातावरण दुग्धशाला | २०६७/१०/२३ | |
| २४ | शोभा ढकाल | प्रशासन सहायक | द्वितीय | सहायक | लघुवित्त कार्यक्रम | २०७५/०४/०१ | |
| २५ | पारसकुमार खड्का | नि. सेवाकेन्द्र प्रमुख | द्वितीय | सहायक | लघुवित्त कार्यक्रम | २०७०/०४/०१ | |
| २६ | पुष्पा आचार्य | निक्षेक संकलक | द्वितीय | सहायक | बचत तथा ऋण | २०५९/०९/१७ | |
| २७ | लोकबहादुर वली | फिल्ड सहायक | द्वितीय | सहायक | लघुवित्त कार्यक्रम | २०६८/०६/०१ | |
| २८ | टोपबहादुर नेपाली | फिल्ड सहायक | द्वितीय | सहायक | लघुवित्त कार्यक्रम | २०६८/०६/०१ | |
| २९ | भिषण पुलामी मगर | फिल्ड सहायक | द्वितीय | सहायक | लघुवित्त कार्यक्रम | २०७०/०२/०१ | |
| ३० | दलबहादुर गुरुङ्ग | फिल्ड सहायक | द्वितीय | सहायक | लघुवित्त कार्यक्रम | २०७१/०५/१५ | |
| ३१ | गंगाराम सापकोटा | फिल्ड सहायक | द्वितीय | सहायक | लघुवित्त कार्यक्रम | २०७०/०४/०१ | |
| ३२ | महेन्द्रबहादुर सारु मगर | फिल्ड सहायक | द्वितीय | सहायक | लघुवित्त कार्यक्रम | २०७०/०४/०१ | |
| ३३ | सूर्यबहादुर जि.सी. | फिल्ड सहायक | द्वितीय | सहायक | लघुवित्त कार्यक्रम | २०६८/०६/०१ | |

*क्रमश:*





| व्यवस्थापन जनशक्ति मर्यादाक्रम | नाम | पद | श्रेणी | स्तर | कार्यरत कार्यक्षेत्र | शुरु नियुक्ति/ संलग्न मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ३४ | जगतबहादुर थापा | फिल्ड सहायक | द्वितीय | सहायक | लघुवित्त कार्यक्रम | २०७०/०२/१५ | |
| ३५ | महेन्द्र प्रकाश गिरी | फिल्ड सहायक | द्वितीय | सहायक | लघुवित्त कार्यक्रम | २०७०/०४/०३ | |
| ३६ | दिपक के.सी. कुमाई | फिल्ड सहायक | द्वितीय | सहायक | लघुवित्त कार्यक्रम | २०७१/०५/१५ | |
| ३७ | मिलनकुमार तारामी | फिल्ड सहायक | द्वितीय | सहायक | लघुवित्त कार्यक्रम | २०६५/११/१५ | |
| ३८ | प्रेमबहादुर चन्द | फिल्ड सहायक | द्वितीय | सहायक | लघुवित्त कार्यक्रम | २०६९/०८/२० | |
| ३९ | मोहन प्रकाश पौडेल | फिल्ड सहायक | द्वितीय | सहायक | लघुवित्त कार्यक्रम | २०६९/१०/०१ | |
| ४० | सोमप्रसाद अधिकारी | फिल्ड सहायक | तृतीय | सहायक | लघुवित्त कार्यक्रम | २०६८/०६/०१ | |
| ४१ | जितेन्द्र चौधरी | फिल्ड सहायक | तृतीय | सहायक | लघुवित्त कार्यक्रम | २०६९/१०/०१ | |
| ४२ | डम्मरबहादुर मल्ल | फिल्ड सहायक | तृतीय | सहायक | लघुवित्त कार्यक्रम | २०६९/०८/२० | |
| ४३ | धनमाया थापा | फिल्ड सहायक | तृतीय | सहायक | लघुवित्त कार्यक्रम | २०६९/०९/०१ | |
| ४४ | कृष्णप्रसाद आचार्य | फिल्ड सहायक | तृतीय | सहायक | लघुवित्त कार्यक्रम | २०७०/०४/०१ | |
| ४५ | रतनबहादुर चुहान मगर | फिल्ड सहायक | तृतीय | सहायक | लघुवित्त कार्यक्रम | २०७०/०४/०१ | |
| ४६ | टिकाराम राना | फिल्ड सहायक | तृतीय | सहायक | लघुवित्त कार्यक्रम | २०७०/०४/०१ | |
| ४७ | शेरबहादुर के.सी. | फिल्ड सहायक | तृतीय | सहायक | लघुवित्त कार्यक्रम | २०६९/०९/०१ | |
| ४८ | प्रेम चालिसे | फिल्ड सहायक | तृतीय | सहायक | लघुवित्त कार्यक्रम | २०७१/०५/१५ | |
| ४९ | नारायणप्रसाद देवकोटा | फिल्ड सहायक | तृतीय | सहायक | लघुवित्त कार्यक्रम | २०७१/०५/१५ | |
| ५० | ललित जि.सी. | फिल्ड सहायक | तृतीय | सहायक | लघुवित्त कार्यक्रम | २०७१/०५/१५ | |
| ५१ | रमेशबहादुर वि.क. | फिल्ड सहायक | तृतीय | सहायक | लघुवित्त कार्यक्रम | २०७१/०५/१५ | |
| ५२ | शुष्मा वि.सी. | फिल्ड सहायक | तृतीय | सहायक | लघुवित्त कार्यक्रम | २०७१/०५/१५ | |
| ५३ | प्रकाश न्यौपाने | प्रशासन सहायक | तृतीय | सहायक | लघुवित्त कार्यक्रम | २०७०/०६/०१ | |
| ५४ | लिलबहादुर सिजापती | फिल्ड सहायक | तृतीय | सहायक | लघुवित्त कार्यक्रम | २०७२/०३/१५ | |
| ५५ | गजेन्द्र बोहोरा | फिल्ड सहायक | तृतीय | सहायक | लघुवित्त कार्यक्रम | २०७२/०३/१५ | |
| ५६ | वालानन्द ज्ञवाली | फिल्ड सहायक | तृतीय | सहायक | लघुवित्त कार्यक्रम | २०७२/०३/१५ | |
| ५७ | सुशीला भण्डारी | फिल्ड सहायक | तृतीय | सहायक | लघुवित्त कार्यक्रम | २०७२/०३/१५ | |
| ५८ | तिर्थबहादुर अधिकारी | फिल्ड सहायक | तृतीय | सहायक | लघुवित्त कार्यक्रम | २०७२/०३/१५ | |
| ५९ | प्रकाशकुमार खत्री | फिल्ड सहायक | तृतीय | सहायक | लघुवित्त कार्यक्रम | २०७२/०३/१५ | |
| ६० | श्रवणकुमार गौतम | फिल्ड सहायक | तृतीय | सहायक | लघुवित्त कार्यक्रम | २०७२/०३/१५ | |
| ६१ | सुमन प्रकाश दर्लामी | फिल्ड सहायक | तृतीय | सहायक | लघुवित्त कार्यक्रम | २०७२/०३/१५ | |
| ६२ | रमेश गौतम | फिल्ड सहायक | तृतीय | सहायक | लघुवित्त कार्यक्रम | २०७२/०३/१५ | |
| ६३ | डम्वरकुमार वि.सी. | फिल्ड सहायक | तृतीय | सहायक | लघुवित्त कार्यक्रम | २०७२/०३/१५ | |
| ६४ | सिर्जना शाही | फिल्ड सहायक | तृतीय | सहायक | लघुवित्त कार्यक्रम | २०७२/०३/१५ | |
| ६५ | शारदा भट्टराई | शाखा सहायक | तृतीय | सहायक | बचत तथा ऋण | २०६२/०४/०५ | |
| ६६ | तुल्सी भट्टराई | शाखा सहायक | तृतीय | सहायक | बचत तथा ऋण | २०६८/०१/१९ | |
| ६७ | दीपा खनाल | शाखा सहायक | तृतीय | सहायक | रेमीटान्स कार्यक्रम | २०७०/०६/१७ | |
| ६८ | वीरेन्द्रकुमार नेपाली | फिल्ड सहायक | चतुर्थ | सहायक | लघुवित्त कार्यक्रम | २०७३/०१/१५ | |
| ६९ | मिलन सिजापती | फिल्ड सहायक | चतुर्थ | सहायक | लघुवित्त कार्यक्रम | २०७२/०७/१५ | |
| ७० | जिवन पुलामी मगर | फिल्ड सहायक | चतुर्थ | सहायक | लघुवित्त कार्यक्रम | २०७२/११/१६ | |
| ७१ | गोविन्द प्र.उपाध्याय पौडेल | दुग्धशाला सहायक | चतुर्थ | सहायक | वातावरण दुग्धशाला | २०७५/०८/१० | |
| ७२ | गणेश रोकाया | फिल्ड सहायक | चतुर्थ | सहायक | लघुवित्त कार्यक्रम | २०७६/०१/०१ | |

*क्रमश:*

| व्यवस्थापन जनशक्ति मर्यादाक्रम | नाम | पद | श्रेणी | स्तर | कार्यरत कार्यक्षेत्र | शुरु नियुक्ति/ संलग्न मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ७३ | गोविन्दबहादुर गुरुङ्ग | फिल्ड सहायक | चतुर्थ | सहायक | लघुवित्त कार्यक्रम | २०७६/०१/०१ | |
| ७४ | छविकुमारी आचार्य | फिल्ड सहायक | चतुर्थ | सहायक | लघुवित्त कार्यक्रम | २०७६/०१/०१ | |
| ७५ | देवप्रसाद आचार्य | फिल्ड सहायक | चतुर्थ | सहायक | लघुवित्त कार्यक्रम | २०७६/०१/०१ | |
| ७६ | सोमबहादुर सुनार | फिल्ड सहायक | चतुर्थ | सहायक | लघुवित्त कार्यक्रम | २०७६/०१/०१ | |
| ७७ | यामनारायण आचार्य | दुग्धशाला सहायक | चतुर्थ | सहायक | वातावरण दुग्धशाला | २०७६/१०/१४ | |
| ७८ | मनिष कोइराला | हलुका सवारी चालक | चतुर्थ | सहायक | वातावरण दुग्धशाला | २०७७/०५/०९ | |
| ७९ | तिलक राना | फिल्ड सहायक | चतुर्थ | सहायक | लघुवित्त कार्यक्रम | २०७३/०९/१५ | |
| ८० | टेकेन्द्र गुरुङ्ग | हलुका सवारी चालक | चतुर्थ | सहायक | लघुवित्त कार्यक्रम | २०७८/०४/२४ | |
| ८१ | चन्द्रबहादुर थापा | सामाजिक परिचालक | चतुर्थ | सहायक | लघुवित्त कार्यक्रम | २०७९/०२/०१ | |
| ८२ | भिमबहादुर बस्नेत | प्र. प्रशोधन सहायक | पाँचौं | सहायक | वातावरण दुग्धशाला | २०७७/०६/१३ | |
| ८३ | टिकाराम सापकोटा | प्र. बजार सहायक | पाँचौं | सहायक | वातावरण दुग्धशाला | २०७७/०६/१३ | |
| ८४ | चन्द्रकला चालिसे | करार निक्षेप संकलक | श्रेणीविहीन | स्व. सहायक | बचत तथा ऋण | २०६३/०८/०१ | |
| ८५ | इन्द्राकुमारी वास्तोला | करार निक्षेप संकलक | श्रेणीविहीन | स्व. सहायक | बचत तथा ऋण | २०६९/०८/१३ | |
| ८६ | दिपक ब. थापा मगर | करार स्व. प्रशिक्षार्थी | श्रेणीविहीन | स्व. सहायक | लघुवित्त कार्यक्रम | २०७७/०८/१५ | |
| ८७ | खगिसरा नेपाली | करार निक्षेप संकलक | श्रेणीविहीन | स्व. सहायक | लघुवित्त कार्यक्रम | २०७७/११/२६ | |
| ८८ | नकेन्द्र बस्नेत | करार स्व. प्रशिक्षार्थी | श्रेणीविहीन | स्व. सहायक | लघुवित्त कार्यक्रम | २०७८/०५/०८ | |
| ८९ | रविन्द्र सिजाली मगर | करार स्व. प्रशिक्षार्थी | श्रेणीविहीन | स्व. सहायक | लघुवित्त कार्यक्रम | २०७८/०९/०१ | |
| ९० | टोपबहादुर पुन | करार निक्षेप संकलक | श्रेणीविहीन | स्व. सहायक | लघुवित्त कार्यक्रम | २०७८/०९/१५ | |
| ९१ | झरना गौतम | करार स्व. प्रशिक्षार्थी | श्रेणीविहीन | स्व. सहायक | लघुवित्त कार्यक्रम | २०७९/०३/०१ | |
| ९२ | वलबहादुर थापा | पहरेदार | श्रेणीविहीन | सहयोगी | बचत तथा ऋण | २०६३/०२/१० | |
| ९३ | तारा पौडेल | कार्यालय सहयोगी | श्रेणीविहीन | सहयोगी | बचत तथा ऋण | २०७०/०५/१३ | |
| ९४ | रम्मा गौतम | कार्यालय सहयोगी | श्रेणीविहीन | सहयोगी | लघुवित्त कार्यक्रम | २०७१/०७/०१ | |
| ९५ | वीरबहादुर चौधरी | कार्यालय सहयोगी | श्रेणीविहीन | सहयोगी | लघुवित्त कार्यक्रम | २०७२/०७/०१ | |
| ९६ | दिलकुमारी गरंजा | कार्यालय सहयोगी | श्रेणीविहीन | सहयोगी | लघुवित्त कार्यक्रम | २०७३/०६/०१ | |
| ९७ | वलबहादुर भुषाल | पहरेदार | श्रेणीविहीन | सहयोगी | लघुवित्त कार्यक्रम | २०७३/०६/१२ | |
| ९८ | ज्योति थापा | कार्यालय सहयोगी | श्रेणीविहीन | सहयोगी | लघुवित्त कार्यक्रम | २०७५/११/०६ | |
| ९९ | अमृता खत्री | कार्यालय सहयोगी | श्रेणीविहीन | सहयोगी | लघुवित्त कार्यक्रम | २०७४/०१/०१ | |
| १०० | तेजकुमारी थापा | कार्यालय सहयोगी | श्रेणीविहीन | सहयोगी | लघुवित्त कार्यक्रम | २०७५/०४/०१ | |
| १०१ | लक्ष्मी खत्री | कार्यालय सहयोगी | श्रेणीविहीन | सहयोगी | लघुवित्त कार्यक्रम | २०७४/०९/०१ | |
| १०२ | उर्मिला थारु | कार्यालय सहयोगी | श्रेणीविहीन | सहयोगी | लघुवित्त कार्यक्रम | २०७४/०९/०१ | |
| १०३ | रोमा आचार्य | कार्यालय सहयोगी | श्रेणीविहीन | सहयोगी | लघुवित्त कार्यक्रम | २०७५/०३/१३ | |
| १०४ | लक्ष्मण वली | कार्यालय सहयोगी | श्रेणीविहीन | सहयोगी | लघुवित्त कार्यक्रम | २०७५/०६/१० | |
| १०५ | शान्ति थापा | दुग्धशाला सहयोगी | श्रेणीविहीन | सहयोगी | वातावरण दुग्धशाला | २०७५/११/०३ | |
| १०६ | गणेशबहादुर थापा | कार्यालय सहयोगी | श्रेणीविहीन | सहयोगी | लघुवित्त कार्यक्रम | २०७६/११/२५ | |
| १०७ | ईश्वरी सापकोटा | कार्यालय सहयोगी | श्रेणीविहीन | सहयोगी | लघुवित्त कार्यक्रम | २०७७/०८/१७ | |
| १०८ | नैनसरा वि.सी. | कार्यालय सहयोगी | श्रेणीविहीन | सहयोगी | लघुवित्त कार्यक्रम | २०७७/०९/२२ | |
| १०९ | सुरेन्द्र रावत | कार्यालय सहयोगी | श्रेणीविहीन | सहयोगी | लघुवित्त कार्यक्रम | २०७८/०९/०४ | |
| ११० | दिपक श्रीष | पहरेदार | श्रेणीविहीन | सहयोगी | लघुवित्त कार्यक्रम | २०७९/०३/१२ | |
| १११ | वीरबहादुर वली | कार्यालय सहयोगी | श्रेणीविहीन | सहयोगी | लघुवित्त कार्यक्रम | २०७९/०४/०१ | |
| ११२ | अनिता विष्ट | कार्यालय सहयोगी | श्रेणीविहीन | सहयोगी | लघुवित्त कार्यक्रम | २०७९/०७/०२ | |






# दुर्गा भन्नुहुन्छ : स्वदेशको पसिना मूल्यवान

भौगोलिक बनावटको दृष्टिकोणले भित्रिमधेश क्षेत्र अन्तर्गत सुर्खेत जिल्लाको लेकवेशी नगरपालिका वडा नं. ७ को एक विपन्न पारिवारीक पृष्ठभूमिमा गुजारा चलाउने बुवा टेकबहादुर खड्का र आमा ईन्द्रा खड्काको कोखबाट वि.सं. २०४१ साल असारमा कान्छी छोरीको रुपमा जन्मिनु भएकी दुर्गा वलीको माध्यमिक तहको शिक्षा हाँसिल गरेपश्चात १९ वर्षको कलिलै उमेरमा लेकवेशी नगरपालिका वडा नं. ७ निबासी ससुरा कृपासिं वली र सासू हिरादेवी वलीको कान्छी बुहारीको रुपमा भित्रिनुभयो। पारिवारीक आर्थिक समस्या र गरिबीको कारण परिवारलाई खुशी र सुखी राख्ने ठुलो सपना थियो दुर्गा वली र उहाँको श्रीमान् मोहनसिं वलीको ।

दिनहरु बित्दै गए, पारिवारीक परिवेशमा दुईटा बालबच्चाहरु भए। घर चलाउन र सन्तान पढाउन निकै गाह्रो हुँदै गयो। त्यही पनि यसरी नै केहि समय बित्यो । दुर्गाको श्रीमान्ले करिव ६ वर्ष भारतमा पनि ज्यालामजदुरी गर्नुभयो । तर भारतीय ज्यालामजदुरीबाट पारिवारीक गुजारा नचलेपछि अब यसरी सन्तानको भविष्य बनाउन सकिदैन भन्ने सोचले उहाँले खुद्रा पसल तथा भैंसी पालन व्यवसाय गर्ने निर्णय गर्नुभयो। तर उहि त हो हाम्रो समाजले विपन्न महिलालाई कसले, कसरी पत्याउने ? केही उपाय नभएपछि उहाँ निरास हुनुभयो। तर "**चिताए दैवले पुर्‍याउँछ**" भनेझैं त्यही समयमा उहाँले विपन्नहरुका लागि बिनाधितोमा ऋण लगानी गर्ने वातावरण संस्थाको बारेमा सुन्नुभयो । त्यसपछि उहाँ श्रीमान्को साथ र सहयोगबाट **वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.को लघुवित्त कार्यक्रम वीरेन्द्रनगर सेवाकेन्द्र अन्तरगत वरविपल वातावरण महिला केन्द्र, केन्द्र नं. ८० मा आबद्ध हुनुभयो** । संस्था आवद्ध भएपछि उहाँले सर्वप्रथम रु.८,०००।- ऋण लिई खुद्रा पसल शुरु गर्नुभयो। व्यापार पनि र म्रोसँग चल्दै गयो। उहाँले व्यापार पनि संस्थासँग ऋण कारोबार पनि बृद्धि गर्दै जानुभयो । हाल उहाँले संस्थाबाट रु.४,००,०००।- ऋण लगि उक्त व्यवसायमा थप लगानी गर्नुभएको छ। संस्थासँगको ऋण कारोबार तथा व्यापारबाट भएको आम्दानीबाट अहिले उहाँले आफ्नो सपना बमोजिम नै किराना पसल सँगसँगै भैंसी पालन व्यवसाय पनि शुरु गर्नुभएको छ। व्यापारमा मात्रै पनि अहिले रु.१२,००,०००।- बराबरको लगानी छ। व्यवसायबाट हुने आम्दानीले सिङ्गो परिवारको खर्चका साथै दुईटा बालबच्चाको अध्ययन खर्च समेत सहजै धानिरहेको छ। मासिक रु.५०,०००।- सम्म आम्दानी हुने र आम्दानीबाट खर्च कटाई बाँकि रकम भबिष्यमा छोराछोरीको उच्च शिक्षा अध्ययनको लागि वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि., लघुवित्त कार्यक्रममै रहेको आफ्नो बचत खातामा जम्मा गर्ने गरेको उहाँले बताउनुभयो। अहिले उहाँको दैनिकी सरल र सहज हुँदै गएको छ।



*आफ्नो किराना पसलमा दुर्गा वली*

व्यापारकै आम्दानीबाट उहाँले एउटा सुन्दर घर समेत बनाउन सफल हुनुभएको छ। हरेक मान्छेको जीवनमा समस्या आउँछन्, तर ती समस्याहरुलाई समाधान गर्न आफ्नो मेहनेत सँगसँगै कसैको उचित साथ मिल्न सकेमा जीवनले सही गति लिने उहाँको बुझाई छ । त्यो साथ आफूले वातावरण संस्थाबाट पाएको उहाँले बताउनुभयो । **गरिवीले छरछिमेकी, आफन्तसँगको दुरी बढाएको बेला वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि., लघुवित्त कार्यक्रमले साथ दिएकै कारणले हामीले हाम्रो जीवनस्तर माथि उठाउन सफल भयौं, उहाँले भन्नुभयो । प्रगतिको खोजीमा आफ्नो देश छोड्नु भन्दा आफ्नै देशको पसिना मूल्यवान हुने उहाँको भनाई रहेको छ ।** स्वदेशमै आफ्नो दश नङ्ग्रा खियाउन सक्यो भने डलर यहिँ फलाउन सकिदो रहेछ। हाम्रो मेहनेत र वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.को साथकै कारणले हामीले आफ्नो सपना साकार पार्दै गएको उहाँले बताउनुभयो।

*(लेखन/संकलन : सागर खड्का)*

# सफलताको रहस्य : आफ्नो आँट र वातावरणको साथ

सुर्खेतको साबिक मेहेलकुना गा.वि.स. वडा नं. २, हाल गुर्भाकोट नगरपालिका वडा नं. ८ निवासी बुवा बिसराम कामी र आमा बली कामीको कोखबाट जेठी छारीको रुपमा वि.सं. २०३५ साल पौषमा एक सामान्य परिवारमा जन्मिनुभएकी मनिसरा नेपालीको बाल्यकाल घरको जेठी छोरी भएकाले घरमा घाँसदाउरा, मेलापात सँगै सामान्य पढाइलेखाई गर्दै बित्यो । सामान्य घरपरिवारमा जन्मिनुभएकी मनिसराको औपचारिक पढाइ गाउँकै बिद्यालयमा कक्षा ८ सम्म मात्र सिमित हुन पुग्यो ।

सामाजिक परिवेश तथा परिवारको बुझाइ स्तर पनि कम भएकोले उहाँको १६ वर्षको कलिलो उमेरमै २०५२ सालमा साबिकको घुमखहरे गा.वि.स. हाल गुर्भाकोट नगरपालिका १० बस्ने गगनबहादुर कामीको कान्छो छोरा मेखलाल नेपालीसँग हिन्दु परम्परा अनुसार मागी विवाह भयो। विवाह पश्चात उहाँले आफ्नो औपचारिक अध्ययनलाई अगाडी बढाउन सक्नुभएन। त्यसपछी श्रीमान्-श्रीमतीको सरसल्लाह अनुसार नै व्यवसाय शुरु गर्ने योजना बनाउनुभयो। तर त्यसको लागि उहाँसँग लगानी गर्ने रकम थिएन। बैंक तथा वित्तीय संस्थाको पहुँच नपुगिसकेकाले रकम लगानीबिना कुनैपनि व्यवसाय शुरु गर्न सम्भव थिएन। तर उहाँले आफ्नो आँटलाई मर्न दिनुभएन। उहाँले गाउँघरमा लघुवित्त क्षेत्रमा सबैको मन जित्न सफल तथा गरिब विपन्न वर्गको साहारा वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. ले ग्रामिण भेगका मानिसहरुका लागि बिनाधितो ऋण लगानी गर्ने कुरा थाहा पाएपछी उहाँले संस्थामा आवद्ध हुने सोच गर्नुभयो। आफ्नो योजना अनुसार नै उहाँ २०६५ साल पौष महिनामा संस्थाको मेहेलकुना सेवाकेन्द्र अन्तरगत कालीपुर वातावरण महिला केन्द्र, केन्द्र नं. २२ मा आवद्ध हुनुभयो। संस्थाको लघुवित्त कार्यक्रममा आवद्ध भएपछी उहाँले कुखुरा पालन व्यवसाय शुरु गर्ने सोच बनाउनु भयो र पहिलो पटक रु.१०,०००।- ऋण लिएर १०० वटा कुखुराबाट व्यवसाय शुरु गर्नुभयो । व्यवसाय पनि सोचेझैं राम्रोसँग चल्न थाल्यो । त्यसपछी उहाँले क्रमश: रु.२०,०००।-, रु.५०,०००।-, रु.१,००,०००।-, रु.१,५०,०००।- हुँदै अहिले रु.५,००,०००।- ऋण लिएर सोही व्यवसायमा लगानी गर्नुभएको छ। हाल उहाँको व्यवसायमा ५०० वटा कुखुरा एउटा खोरमा र अर्को खोरमा साना ५०० वटा गरेर जम्मा १००० भन्दा बढी कुखुरा छन्। साथसाथै उहाँले ७ वटा बाखा र ४ वटा बंगुर पनि पाल्नुभएको छ। गरिरहेको व्यवसायबाट मात्र मासिक रुपमा अहिले रु.५० देखि ६० हजारसम्म शुद्ध मुनाफा हुने गरेको उहाँले बताउनुभयो ।



*आफूले पालेका बाखा र कुखुराका साथ मनिसरा नेपाली*

लगनशील र मेहनत गरेपछी असम्भव भन्ने केही नभएको उहाँको बुझाइ रहेको छ। आफुले गरेको व्यवसायमा विश्वास भएमा व्यवसायबाट खुशी एवं सन्तुष्टी प्राप्त हुने उहाँ बताउनुहुन्छ । त्यसैले उहाँ अन्य दिदीबहिनीहरुलाई पनि व्यवसायमा आवद्ध भइ स्वावलम्बी बन्न उत्प्रेरित गर्नुहुन्छ। **हिम्मत हार्नु हुँदैन सफल अवश्य भईन्छ**, उहाँको भनाइ रहेको छ। महिला भएर चुलो चौकोमा मात्र सिमित नभइ स्वयम् केही व्यवसाय गरेर पनि आफ्नो जीवनस्तर माथि उठाउन सकिन्छ भन्ने कुरा वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्थाले आफुलाई सन्देश र हौसलाको रुपमा प्रदान गरेको उहाँको भनाइ रहेको छ। आफ्नो जीवनमा ठुलो सहयोगी भई जीवनस्तर माथि उठाउन महत्वपूर्ण भूमिका निवार्ह गरेकोमा उहाँ वातावरण संस्थालाई धन्यबाद दिनुहुन्छ । **वातावरणको साथ र आफ्नो आँट एवं लगनशीलताले व्यवसायमा सफल हुन कुनै गाह्रो नभएको उहाँले बताउनुभयो ।**

*(लेखन/संकलन : वीरेन्द्रकुमार नेपाली)*





# वातावरणले सफल व्यवसायी बनायो

राधिका घर्तीको जन्म सुर्खेत जिल्लाको सिम्ता गाउँपालिका वडा नं. ७ बस्ने बुवा चामु पुन र आमा सोवर्णा पुनको कोखबाट वि.सं. २०२८ साल श्रावण महिनामा भएको थियो । एक दिदी, दुई बहिनी र एक भाइ गरी जम्मा पाँच सन्तान भएका चामु पुनको आर्थिक अवस्था सामान्य भएपनि विद्यालय टाढा भएका कारण राधिकाले औपचारिक शिक्षा राम्रोसँग लिन पाउनुभएन । सामान्य लेखपढ मात्र भएको उहाँ बताउनु हुन्छ । १८ वर्षको उमेरमा ससुरा खड्क घर्ती र सासू लिला घर्तीको जेठी बुहारीको रुपमा २०४६ साल बैशाखमा उहाँ घर्ती परिवारमा भित्रिनुभएको थियो ।

वैवाहिक जीवन पछि पनि उहाँको घरको आर्थिक अवस्था खासै राम्रो थिएन । आम्दानीको कुनै स्रोत नभएका कारण भनेजस्तो व्यवसाय गर्ने आँट पनि उहाँमा थिएन । घरायसी कृषि व्यवसायमै समय व्यतित भइरहेको थियो । २ छोराकी आमा भएकी राधिका घर्तीले यसरी पुरानै कृषि व्यवसायबाट आफ्नो जीवनयापन र सन्तानको भविश्य नदेखेपछि २०५७ सालमा जामुने बजारमा नास्ता पसल शुरुवात गरेको बताउनुभयो । उक्त व्यवसायबाट छोराहरुको पढाई र घर खर्च जसोतसो चलेपनि नास्ता पसलमा बढी दु:ख हुने र कामदारसम्म राख्नुपर्ने कारणले गर्दा २०६४ सालमा तरकारी व्यवसाय संचालन गर्नुभयो । तर उहाँले सोचेजस्तो प्रगति हुन सकेन । कुनै पनि व्यवसायलाई राम्रोसँग संचालन गर्न आर्थिक समस्याले सँधै छेक्दो रहेछ, उहाँले बताउनुभयो । आर्थिक अभावका कारण व्यवसाय संचालन गर्न कठिनाई भइरहेको समयमा उहाँ २०६६ साल भदौमा वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्थाको हिमशिखर वातावरण महिला केन्द्र, केन्द्र नं. ५९ मा आवद्ध हुनुभयो । लघुवित्त कार्यक्रममा आवद्ध भएपछि उहाँले पहिलो पटक रु.१५,००० ऋण लिएर कस्मेटिक पसल संचालन गर्नुभयो । यस व्यवसायबाट भने उहाँले सोचेजस्तै प्रगति हासिल गर्न सकिने विश्वास लिनुभयो । त्यसपछि उहाँले संस्थाबाट क्रमश: रु.३०,०००, रु.५०,०००, रु.७०,०००, रु.८०,०००, रु.१,००,०००, रु.१,५०,०००, रु.३,००,००० ऋण लिई सोही व्यवसायलाई बढाउदै जानुभयो। व्यसाय पनि राम्रोसँग संचालन हुँदै गयो । हाल उहाँले रु.४,००,००० ऋण लिई कृषि फर्मसमेत संचालन गरिरहनु भएको छ । आफुले व्यापार संचालन गरेको र श्रीमान्ले कृषि फर्म संचालन गरेको बताउँदै उहाँले दुईवटै व्यवसायको आम्दानीबाट संस्थाको किस्ता र नियमित बचत गर्न सहज भएको बताउनुभयो ।



*आफ्नो खुद्रा पसलमा राधिका घर्ती*

आवश्यकता अनुसार बिनाधितो सहजै ऋण पाउन सकिने भएकाले वातावरण संस्थाले आफ्नो व्यवसायिक जीवनमा परिवर्तन ल्याएको उहाँ बताउनु हुन्छ । वातावरणको साथले उद्यमी भएपछि उहाँ लगनशील, ईमान्दार भएर आफ्नो व्यसायमा निरन्तर लागिरहनुभएको छ । वातावरणको जस्तो भरपर्दो साथ पाएमा जीवनमा सफल हुन कुनै कठिनाई नपर्ने उहाँ बताउनु हुन्छ । **वातावरण संस्थाले आफ्नो जीवनमा बलियो आर्थिक साथ दिएको उहाँको भनाई रहेको छ ।** त्यसैले दिदीबहिनीहरुलाई वातावरण संस्थाको सदस्य बनी एक सफल उद्यमी बन्न सँधै उत्प्रेरणा जगाउने गरेको उहाँले बताउनुभयो ।

*(लेखन/संकलन : जितेन्द्र चौधरी)*

# वातावरणले जीवन परिवर्तन गरायो

कपिलवस्तु जिल्लाको बारगंगा नगरपालिका, वडा नं. ५ मधौली निवासी बुवा केशरबहादुर दर्जी र आमा डिली दर्जीको कोखबाट २०३९ साल भदौ ६ गते जन्मनुभएकी माधुरी परियारको बाल्यकाल सामान्य तरिकाले बित्यो। विद्यालय गएर प्राथमिक तहसम्मको सामान्य अध्ययन गरेपनि उच्च शिक्षा प्राप्त गर्ने अवसर भने पाउनुभएन। तर उमेर बढ्दै गएपछि माधुरी परियार को २०६४ सालमा सुर्खेतको वराहताल गाउँपालिका वडा नं. ५, वड्डीचौर निबासी भद्रबहादुर दमाईसँग मागी विवाह भयो।

विवाह पश्चात उहाँमा घर व्यवहारको जिम्मेवारी काँधमा आयो। एक छोराको जन्म भएपछि त झन एउटी आमाको जिम्मेवारी पनि थपियो। घरमा श्रीमानले सिलाई कटाईको कामको व्यवसाय गर्दै आउनुभएको थियो। तर जीवन निर्वाह गर्न प्रयाप्त थिएन। अन्य केही व्यवसाय गरौं भने पनि प्रयाप्त पूँजी थिएन। गाउँमा साहुमहाजनबाट ऋण लिएमा चर्को ब्याज र साहुमहाजनको रुखो बोली खेप्नु पर्थ्यो। त्यसैले उहाँले चाहेको व्यवसाय गर्न सकिरहनुभएको थिएन।

यसै समयमा उहाँको गाउँमा वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्थाको लघुवित्त कार्यक्रम पुग्यो। लघुवित्त कार्यक्रमले विपन्न वर्ग र समुदायका महिला दिदी बहिनीहरुको समुह गठन गरी बिना धितो समुह जमानतमा ऋण लगानी गर्छ भनी थाह पाएपछि उहाँ पनि संस्थाको वड्डीचौर सेवाकेन्द्रको सिता बातावरण महिला केन्द्र, केन्द्र नं. ८ मा आवद्ध हुनुभयो।



*आफ्नो बंगुर फर्म र सिलाई कटाई पसलमा काममा ब्यस्त माधुरी परियार*

२०६८ सालमा वातावरणाको समूहमा आवद्ध भएपछि उहाँले पहिलो पटक रु.८,०००।– ऋण लिई २ वटा बंगुर किनेर बंगुर पालन व्यवसाय शुरु गर्नुभयो। सानो लगानीबाट सानो व्यवसाय शुरु गरेकाले उहाँलाई ऋण तिर्नको पनि समस्या थिएन। बंगुर पालन व्यवसायबाट बिस्तारै आम्दानी बढ्दै गयो। उहाँले घरमा भएको सिलाई कटाई व्यवसायलाई वड्डीचौर बजारबाट संचालनमा ल्याउनुभयो। संस्थाबाट थप ऋण लिएर व्यवसायमा लगानी गर्नुभयो। व्यापार पनि राम्रोसँग चल्न थाल्यो। जसले गर्दा उहाँको आम्दानी पनि बृद्धि हुँदै गएको छ। हाल पछिल्लो पटक उहाँले रु.६,००,०००।- ऋण लिएर त्यही बंगुर पालन र सिलाई कटाई व्यवसायमा लगानी गर्नुभएको छ। व्यवसाय पनि राम्रोसँग चलेको छ। सोही व्यवसायबाट छोराको शिक्षादिक्षा, घर परिवारको खर्च, किस्ता तिर्न पुगेर नियमित रुपमा बचत पनि गर्दै आउनुभएको छ।

पहिलेका दुःखका दिनहरु सम्झिदा अहिले उहाँलाई सपना जस्तो लाग्छ। दुःख कष्ट गरी बिहान बेलुकाको छाक टार्न पनि धौ धौ हुन्थ्यो। तर अहिले मासिक ६० हजार भन्दा बढी आम्दानी हुन्छ। एक जनालाई सिलाई कटाई व्यवसायमा रोजगार पनि दिनुभएको छ। **वातावरणले दुःखको समयमा साथ दिएर हाम्रो जीवन परिवर्तन गरिदियो, उहाँ भन्नुहुन्छ।** दुःखको समयमा हिम्मन नहारेर मेहनत र लगनशील भई काम गर्ने हो भने वातावरण संस्था जस्ता संस्थाको सहयोग जीवन परिवर्तनको संवाहक हुने उहाँको भनाई रहेको छ। **वातावरणको साथले चुलोचौकोमा मात्र सिमित हुने दिदीबहिनीहरु अहिले व्यसायी र उद्यमी बन्न थालेको उहाँको बुझाई छ।** आफूलाई एक सफल व्यवसायी र उद्यमी बन्न सहयोग गर्ने वातावरणलाई धन्यवाद दिदै उहाँ अब आफ्नो लक्ष्य भनेको आफूजस्तै दिदीबहिनीहरुलाई संस्थामा आवद्ध गराई उनीहरुलाई पनि सफल उद्यमी बन्न उत्प्रेरित गर्ने भएको बताउनुहुन्छ।

*(लेखन/संकलन : लोकबहादुर वली)*






# उद्यमशीलताले जीवनमा ल्यायो परिवर्तन

सुर्खेत जिल्लाको पश्चिम पञ्चपुरी नगरपालिका वडा नं. ८ चुनेरीताल स्थित बुवा कृपाराम सलामी मगर र आमा देउकला सलामी मगरको दुई भाइ, चार बहिनी गरी ६ सन्तान मध्येको सबै भन्दा कान्छी छोरीको रुपमा वि.सं. २०४४ साल माघमा किसिम सिजापतीको जन्म भएको थियो। गाउँको सामान्य परिवारमा जन्मनुभएको किसिमको बाल्यकाल ६ भाइबहिनीमध्ये कान्छी भएकाले रमाईलो एवं खुशीका साथ नै बित्यो। उहाँले गाउँको विद्यालयमा कक्षा ९ सम्म अध्ययन गर्ने अवसर पाउनु भयो। तर कक्षा ९ मा अध्ययन गर्दागर्दै उहाँले पञ्चपुरी नगरपालिका वडा नं. ६ निवासी बुवा छविलाल सिजापती र आमा लाटीदेवी सिजापतीको कान्छो छोरा कुलबहादुर सिजापतीसँग २०६२ असोजमा विवाह गर्नुभयो।

विवाह पश्चात भने उहाँलाई घरको जिम्मेवारीले सताउन थाल्यो। घरमा आम्दानीको स्रोत भनेजस्तो थिएन। १ छोरा र २ छोरी सहित ५ जनाको परिवार भइसकेको थियो। आम्दानी केही नभएपछि उहाँको श्रीमान् वैदेशिक रोजगारीको सिलसिलामा विदेश जानुभयो र अहिले पनि रोजगारीबाट श्रीमान्को परनिर्भर होईन आत्मनिर्भर भएर उहाँले त्यतिबेलै केही गर्ने सोच व्यवसाय संचालन गर्नका लागि आवश्यकता पुरा गर्न उहाँ सहकारी संस्था लि.ले संचालन आवद्ध हुनुभयो। बिनाधितो ऋण तिर्नुपर्छ भन्ने कुरा थाहा पाएपछि संस्थाको बाबियाचौर सेवाकेन्द्र वातावरण महिला केन्द्रमा आबद्ध कुखुरा पालन व्यवसाय शुरु सोचेजस्तै गरी फस्टाउन थाल्यो। रु.२०,०००, रु.५०,०००, समयमा रु.५,००,००० सम्मको बंगुर पालन व्यवसाय पनि गर्दै

हाल उहाँले व्यवसाय बृद्धि र दानाको खरिद बिक्री कार्य पनि महिलाहरुले व्यवसाय संचालन आम्दानी गर्न सकिन्छ भन्ने उहाँले आफ्नो व्यवसाबाट भएको वीरेन्द्रनगरमा र बाबियाचौरमा सक्नु भएको छ। **लगनशील र गर्दा मानिसमा व्यस्त,**



*आफ्नो बंगुर फर्ममा किसिम सिजापती*

विदेशमै हुनुहुन्छ। वैदेशिक कमाईकाज हुँदाहुँदै पनि जिउनुपर्छ भन्ने मान्यता राख्ने राख्नुभयो। सोही अनुसार आवश्यक पर्ने पूँजीको वातावरण सुधार बहुउद्देश्यीय गरेको लघुवित्त कार्यक्रममा लगानी गर्ने र थोरै थोरै गरेर उहाँ २०६५ साल माघमा अन्तर्गत केन्द्र नं. १३८ चतुरे भई शुरुमा रु.८,००० ऋण लिई गर्नुभयो। व्यवासय पनि त्यसपछि उहाँले क्रमशः रु.१,००,००० हुँदै पछिल्लो ऋण लिई कुखुरा पालन तथा आउनु भएको छ।

गर्दै जाने क्रममा कुखुराको चल्ला गर्दै आउनु भएको छ। गरेर घरमै बसेर पनि राम्रो उदाहरण दिनु भएको छ। अहिले आम्दानी र श्रीमान्को कमाईबाट दुईवटा घडेरी समेत खरिद गरि **इमान्दार भएर व्यवसाय जाँगरिलोका साथै सकरात्मक सोचको विकास समेत हुने उहाँको विश्लेषण रहेको छ। उद्यमशीलताले नै आफ्नो जीवनमा परिवर्तन ल्याएको भन्ने उहाँ सबै दिदीबहिनीहरुलाई वातावरणको लघुवित्त कार्यक्रममा आवद्ध भएर ऋण कारोबार गरी आफू स्वयम् उद्यमी बनेर आफ्नो जीवनस्तरमा सुधार ल्याउन सल्लाह दिने गर्नुहुन्छ।**

*(लेखन/संकलन : रमेशबहादुर वि.क.)*

# मेरो प्रेरणाको स्रोत नै वातावरण

दैलेख जिल्लाको गुँरास गाउँपालिका, वडा नं. ७ बस्ने बुबा भिमबहादुर थापा र आमा पशुपती थापाको कोखबाट वि.सं. २०५० माघ १० गते तेस्रो तथा सबैभन्दा कान्छो सन्तानको रुपमा रत्ना थापा (वि.सी.)को जन्म भएको थियो। बाल्यकाल सुखका साथ बिताउनुभएकी रत्नाले स्थानीय विद्यालयबाट (+२) सम्मको अध्ययन पुरा गर्नुभएको छ। तर उहाँको विवाह १० कक्षामा पढ्दापढ्दै १५ वर्षको कलिलो उमेरमा गुँरास गाउँपालिका वडा नं. ५ बस्ने जीवराज वि.सीसँग भएको थियो।

सानै उमेरमा विवाह गरेकाले विवाह गरेको केहि समय त उहाँलाई घर व्यवहारले खास्सै च्यापेन। तर विस्तारै उहाँलाई घर व्यवहार, चुलोचौको, बालबच्चाको जिम्मेवारी थपिएपछि उहाँलाई जिम्मेवारीको बोझ निकै गाह्रो हुँदै जान थाल्यो। उहाँको परिवारको आयस्रोत कम भएको कारण घर व्यवहार चलाउन र बालबच्चाको शिक्षादिक्षामा समेत समस्या पर्न थाल्यो। घरमा श्रीमानसँग पनि झै झगडा हुन शुरु भयो। श्रीमानसँगको झगडाले ठुलो रुप लिई अन्तमा श्रीमानसँग छुट्टिएर बस्नुपर्ने भयो। उहाँको जीवनमा झन ठुलो समस्या त घरमा बस्न नसकेर दुई छोरा छोरी लिएर माईतमा आएर बस्न थालेपछि भयो। तर उहाँले हरेस खानुभएन। माइती आएपछि समस्याहरुको सामधानको खोजीमा लाग्नुभयो।



*आफ्नो खुद्रा पसलमा रत्ना थापा (वि.सी.)*

जीवनमा आएका समस्याहरुको समाधान खोज्ने क्रममा उहाँले सबैभन्दा पहिला केही व्यवसाय गर्ने सोच बनाउनुभयो। तर आर्थिक अभावका कारण व्यवसाय संचालन गर्ने उहाँको सोच पुरा हुन सकेन। व्यवसायको लागि आवश्यक पर्ने रकमको जोहो गर्नको लागि ऋण माग्न साहुहरुका जाँदा कसैले पनि दिन मानेनन्। घरायसी तथा बालबच्चाको पठनपाठनको समस्या कसरी व्यवस्थापन गर्ने होला भनेर सोच्दै जाँदा उहाँले वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.को लघुवित्त कार्यक्रमको बारेमा थाह पाउनुभयो। लघुवित्त कार्यक्रमबाट बिनाधितो ऋण पाइने थाह पाएपछि उहाँमा केही आशा पलायो। त्यसपछि उहाँ वातावरणको मेहेली धरमपोखरा सेवाकेन्द्र अर्न्तगत दुधिला वातावरण महिला केन्द्र, केन्द्र नं. ९४ मा २०७३ सालमा आबद्ध हुनुभयो। कार्यक्रममा आबद्ध भएपछि उहाँलाई बचत तथा ऋण कारोवार गर्दा कस्तो होला, किस्ता तिर्न नसक्ने हो कि भन्ने डरले पनि सतायो। तर उहाँले आफुले व्यवसाय गरेपछि पक्कै पनि किस्ता तिर्न सकिन्छ भन्ने आत्मबल थियो।

संस्थामा आवद्ध भएपछि उहाँले संस्थाबाट पहिलो पटक रु.१८,०००।- ऋण लगेर २ वटा बोका किनेर केहि समय पछि रु.४५,०००।- मा बिक्री गर्नुभयो। त्यसबाट आएको रकमबाट उहाँले किराना, तरकारी तथा नास्ता पसल शुरु गर्नुभयो। नभन्दै उहाँले सोचेजस्तै भयो। व्यवसायबाट आम्दानी पनि राम्रो हुन थाल्यो। उहाँलाई किस्ता तिर्न तथा बचत गर्न सहन नै भयो। व्यवसायको सफलताले उहाँले दिनप्रतिदिन प्रगति गर्दै जानुभयो। जसबाट उहाँको आत्मबल पनि बृद्धि हुँदै गयो। उहाँले आफूले शुरु गरेको व्यवसायलाई राम्रो बनाउनको लागि संस्थाबाट पटकपटक ऋण लिएर लगानी थप्नुभयो। जसले गर्दा व्यापार राम्रोसँग फस्टाउँदै गयो। हाल उहाँले पछिल्लो पटक संस्थाबाट रु.५,००,०००।- ऋण कारोवार गर्नुभएको छ। व्यापारबाट मासिक रुपमा रु.४०,०००।- सम्म शुद्ध आम्दानी हुने उहाँले बताउनुभयो।

**“आफ्नो उद्देश्यप्रति लगनशील र इमान्दार भएर लाग्ने हो भने, जीवनमा अवश्य पनि सफलता प्राप्त गर्न सकिने रहेछ”** उहाँको भन्नुभयो। त्यसमा कसैको साथ भएमा झन सजिलो हुने रहेछ। वातावरणको साथ र मेरो लगनशीलता त्यसको उदाहरण हो उहाँले भन्नुभयो। किनकि उहाँसँग लगनशील र इमान्दार भई व्यवसाय गर्ने सोच र क्षमता थियो तर लगानी गर्ने रकम र भरपर्दो साथ दिने कोहि थिएन। **यस्तो अवस्थामा वातावरण संस्थाले बलियो आर्थिक साथ दिएको उहाँको भनाई छ।** उहाँले जीवनसाथी सँगै नभएपनि प्रेरणाको स्रोतको रुपमा भरपर्दो साथी पाएँको महशुस भएको बताउनुभयो। **आफ्नो सफलतामा संस्थाको प्रत्यक्ष रुपमा योगदान रहेको बताउने उहाँले केहि व्यवसाय गर्ने सोच भएका तर लगानी गर्ने पूँजी नभएका दिदीबहिनीहरुलाई वातावरण संस्थामा आवद्ध हुन सल्लाह समेत दिने गर्नुभएको छ।**

*(**लेखन/संकलन :** दलबहादुर गुरुङ्ग)*






# वातावरणको साथले जीवनमा विपन्नता हट्यो

दाङ जिल्लाको हापुरे गा.वि.स. वडा नं. ६ बस्ने बुवा जगत बस्नेत र आमा देविका बस्नेतको कोखबाट वि.सं. २०२९ सालमा कमलादेवी थापाको जन्म भएको थियो। उहाँको बाल्यकाल घरमा घाँस दाउरा सँगसँगै सामान्य लेखपढ गर्दै बित्यो। औपचारिक शिक्षा लिन नपाउनुभएकी कमलादेवीको २०४८ सालमा सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका वडा नं. ५ बस्ने इन्द्रबहादुर थापासँग सामाजिक परम्परा अनुसार विवाह भयो। विवाह पश्चात भने उहाँको कलिलो काँधमाथि ठूलो जिम्मेवारी आयो। सानै उमेरमा विवाह गर्नुभएको उहाँलाई दिनप्रतिदिन घर व्यवहारले सताउन थाल्यो। घर व्यवहार चुलोचौको हुँदै उहाँलाई ३ वटा बच्चाबच्चीको जिम्मेवारी पनि थपियो। उहाँको परिवारको आर्थिक अवस्था कमजोर भएकाले सामान्य घर व्यवहार चलाउन तथा छोराछोरीको शिक्षादिक्षामा पनि समस्या पर्न थाल्यो। समस्या सामाधान गर्न केहि व्यवसाय गर्ने सोच गर्दा पनि उहाँको सोच आर्थिक अभावका कारणले सफल हुन सकेन। साहुहरुकहाँ जाँदापनि साहुहरुले उहाँलाई ऋण दिन मानेनन्।

समस्याहरुलाई कसरी व्यवस्थापन गर्ने होला भनेर सोच्दै जाँदा **के खोज्छस कानो आँखा भनै** झैं बिनाधितो ऋण प्रवाह गर्ने वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.को लघुवित्त कार्यक्रमको बारेमा थाहा पाउनुभयो। कार्यक्रमको बारेमा राम्रोसँग बुझेपछि उहाँले आफ्नै पहलमा संस्थाको यरिचोक सेवाकेन्द्र अर्न्तगत चिसापानी वातावरण महिला केन्द्र, केन्द्र नं. ५८ मा आफुसँगै अन्य दिदीबहिनीहरुलाई पनि आबद्ध गराउनुभयो। कार्यक्रममा आबद्ध भएपछि शुरुमा १४/१४ दिनमा केन्द्र बैठक बस्ने हुँदा बचत तथा ऋण कारोबार गर्दा कस्तो होला ? किस्ता तिर्न नसक्ने हो कि ? भन्ने चिन्ताले सताएको थियो। तर उहाँले आफुले व्यवसाय गरेमा पक्कै पनि किस्ता तिर्न सकिन्छ भन्ने आत्मबलका साथ शुरुमा रु.५०,००० ऋण लगेर कुखुरा पालन व्यवसाय शुरु गर्नुभयो। नभन्दै उहाँले सोचेजस्तै कुखुरा पालन व्यवसायबाट राम्रो आम्दानी गर्न सफल हुनुभयो र उहाँलाई किस्ता तिर्न पनि सजिलो भयो। व्यवसायको सफलताले उहाँले दिनप्रतिदिन प्रगति पनि गर्दै जानुभयो। उहाँको आत्मबल समेत बृद्धि हुँदै गयो। उहाँले संस्थाबाट व्यवसाय गर्ने भनेर त्यसपछि पनि पटक पटक गरेर क्रमश: रु.५०,०००, रु.१,००,०००, रु.१,५०,०००, रु.२,००,०००, रु.३,००,०००, हुँदै हाल रु.५,००,००० सम्म ऋण कारोबार गर्नुभएको छ।



*आफूले पालेका भैंसीलाई स्याहार गर्दै कमलादेवी थापा*

संस्थाबाट ऋण लगेर गरेको व्यवसायबाट प्राप्त आम्दानीले उहाँले जग्गासमेत किन्नुभएको छ। साथै सोहि आम्दानीबाट उहाँले भैंसी पालन व्यवसाय पनि संचालन गरी श्रीमान्लाई समेत स्वरोजगार बनाउनु भएको छ। हाल उहाँले आफ्नो व्यवसायबाट मासिक रु.९०,००० सम्म बचत गर्न सफल हुनुभएको छ।

आफ्नो उद्देश्य र व्यवसायमा लगनशील, ईमान्दार र निरन्तरता संगै कसैको भरपर्दो साथ भएमा जीबनमा सफल हुन कुनै कठीनाई नपर्ने उहाँ बतानुहुन्छ। किनकि उहाँसँग लगनशीलता, ईमान्दारीता र निरन्तरता दिने क्षमता थियो तर व्यवसाय शुरु गर्ने रकम र भरपर्दो साथ दिने कोहि थियन। यस्तो अवस्थामा वातावरण संस्थाले बलियो आर्थिक साथ दिएको उहाँको भनाई छ। उहाँले भन्नुभयो, वातावरणको साथले मेरो जीवनमा विपन्नता हट्यो। **आफ्नो पछिल्लो सफलतामा वातावरणको प्रत्यक्ष योगदान रहेको बताउने उहाँ केही गर्ने सोच भएका दिदीबहिनीहरुका लागि वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था सँधै भरपर्दो साथी हुने उहाँको बुझाई छ।**

*(**लेखन/संकलन :** नारायणप्रसाद देवकोटा)*

# सफल व्यवसायी बन्न वातावरणको साथ

बुवा दत्तबहादुर चन्द र आमा गगनसरा चन्दको कोखबाट वि.सं. २०४५ सालमा कृष्णाकुमारी शाहीको जन्म दैलेख जिल्लाको नारायण नगरपालिका वडा नं. ६ गणेशचोकमा भएको थियो। उहाँले घरमा धेरै दिदीभाइ हुनुको साथै छोरीलाई पढाउन भन्दा घरको कामधन्दा मात्र सिकाउनु पर्छ भन्ने परम्परागत सोचका वावजुद पनि उच्च शिक्षा हासिल गर्ने अवसर प्राप्त गर्नुभएको थियो। माइती घरमा उहाँको बाल्यकाल सामान्यतया हाँसखेलमै बित्यो। तर १४ वर्षको कलिलो उमेरमा २०५९ सालमा डुंगेश्वर गाउँपालिका वडा नं. ६ बस्ने विमल विक्रम शाहीसँग उहाँको भागी विवाह भएपछि भने उहाँले जीवनको वास्तविक अर्थ बुझ्न थाल्नुभयो। एक किसिमले भन्नुपर्दा विवाह पछि उहाँका संघर्षका दिनहरु शुरु भए।

शुरुमा उहाँले घरको बुहारी भएको नाताले घरायसी कामधन्दा बाहेक अन्य व्यवसाय गर्ने योजना बनाउनु भएन। तर विवाह पछि २ सन्तानकी आमा बनेपछि भने पैसाको महत्व बढ्न थाल्यो। बालबच्चा ठुला हुँदै गए। सँगै उनीहरुमा विभिन्न आवश्यकता पनि बढ्दै गए। घरमा कृषि बाहेक अन्य आम्दानीको स्रोत केही थिएन। जसले परिवारमा झन आर्थिक भार बढ्दै थियो। यसै क्रममा अब बालबच्चा कसरी पालनपोषण गर्ने र आफ्नो तथा छोराछोरीको सुनौलो भविष्यलाई कसरी अगाडी बढाउने भन्ने चिन्ताले उहाँलाई सताउन थाल्यो। कुनै व्यवसाय गरौं भने आफुसँग पैसा नहुदा मनभरी पिडाको भारी बोकेर बस्नुपर्ने बाध्यता थियो। गाउँघरतिर ऋण गर्दा चर्को ब्याजदर र गरगहना धितो राख्नुपर्ने तथा धितो राख्ने गहना समेत थिएन। जसले गर्दा ऋण पाउन गाह्रो भैरहेको थियो। यस्तै क्रममा उहाँको गाउँघरमा वातावरणले लघुवित्त कार्यक्रमको समूह निर्माण गर्दै गरेको थाहा पाउनुभयो र उहाँ २०७१ सालमा संस्थाको डुंङ्गेश्वर सेवाकेन्द्र अन्तर्गत मिलिजुली वातावरण महिला केन्द्र, केन्द्र नं. ५३ मा आवद्ध हुनुभयो। तत्पश्चात उहाँमा केहि व्यवसाय गर्ने आँट आयो।



श्रीमान सहित होटल अगाडी कृष्णाकुमारी शाही

संस्थामा आवद्ध भएपछि घरपरिवारको सल्लाह अनुसार नै पहिलो पटक उहाँको रु.५०,०००।- ऋण लिगि खुद्रा पसल शुरु गर्नुभयो। व्यवसाय पनि राम्रोसँग चल्न थाल्यो। व्यापार राम्रो हुँदै गएपछि उहाँले संस्थाबाट पुनः रु.१,००,०००।- ऋण लिगि सोही पसलमा लगानी बढाउनु भयो। व्यवसाय झन राम्रो हुँदै गयो। त्यसपछि उहाँले रु.२,००,०००।- हुदै पछिल्लो पटक रु.४,७०,०००।- ऋण लिएर खुद्रा पसल सँगसँगै होटल व्यवसाय पनि शुरु गर्नु भयो। उहाँको काममा घरका सबैले साथ दिनुभएको छ। हाल छोराछोरी, श्रीमान, आफु र एकजना कामदार समेत राखेर सोहि व्यवसायमा पुरा समय दिई संचालन गर्नुभएको छ। उहाँले अहिले मासिक १ लाखभन्दा बढी मुनाफा हुने गरेको बताउनुभयो। जसबाट घरव्यवहार र छोराछोरीको पढाईलेखाई समेत त्यस व्यवसाय बाटै सजिलै चल्ने गरेको उहाँ बताउनुहुन्छ।

कुनै व्यवसाय संचालन गर्नका लागि रकम नभएको अवस्थामा वातावरणले साथ दिएर आफूलाई ठूलो सहयोग गरेको उहाँले बताउनुभयो। संस्थाको साथ तथा आफ्नो **लगनशीलता, इमान्दारीता र निरन्तरताले गर्दा जीवनमा सफल हुन कुनै कठिनाई नभएको उहाँले बताउनुभयो**। व्यवसाय शुरु गर्ने लगानीको रकम र भरपर्दो साथ दिने कोहि थियन। यस्तो अवस्थामा **वातावरणले आर्थिक र बलियो साथ दुबै दिएर सफल व्यवसायी बनायो उहाँको भनाई छ।** आफ्नो सफलतामा संस्थाको प्रत्यक्ष रुपमा योगदान रहेको बताउँदै केहि गर्ने सोच भएका दिदीबहिनीको लागि वातावरण संस्था सधैं भरपर्दो साथी हुने उहाँको बुझाई रहेको छ।

*(**लेखन/संकलन :** पूर्णबहादुर रोका)*





# वातावरणले जीवन परिवर्तन गरिदियो

सुर्खेत जिल्लाको भेरीगंगा नगरपालिका वडा नं. १३ बस्ने बुवा मानसिंह घर्ती र आमा बुद्धि घर्तीको कोखबाट दोस्रो सन्तानको रुपमा वि.सं. २०५४ साल जेठ २० गते जन्मनुभएकी पूर्णिमा जि.सी.को बाल्यकाल दु:ख र संघर्ष गर्दै अगाडी बढ्यो। सामान्य परिवारमा जन्मिनुभएकी पूर्णिमाको संघर्षका दिनहरु माईतीमा मात्र सिमित भएनन्। वि.सं. २०७१ सालमा भेरीगंगा नगरपालिका वडा नं. १३ बस्ने बिष्णु खत्रीसँग विवाह गरेपश्चात पनि उहाँका दु:ख र संघर्षका दिनहरु अन्त्य भएन। विवाह पश्चात उहाँका संघर्षका दिनहरु अझ बढे। विवाह पछि जिम्मेवारीहरु पनि थपिदै गए। त्यस पछिका दिनहरु अझ दु:ख र संघर्षका साथ विताउन थाल्नुभयो। आफ्नो दु:ख देख्दा उहाँलाई आफुले भोगेका दु:ख आफ्ना छोराछोरीहरुले नपाउन भनेर चिन्तित हुनुहुन्थ्यो।

त्यसपछि उहाँले आफ्ना तथा छोराछोरीका समेत दिनहरुलाई सहज बनाउन केही व्यवसाय गरेर आर्थिक रुपमा सवल हुनुपर्ने सोच्न थाल्नुभयो। तर उहाँलाई त्यति सहज थिएन। कुनै व्यापार व्यवसाय गर्नलाई उहाँसँग प्रयाप्त पैसा थिएन। यसै क्रममा उहाँको गाउँघरमा वातावरणको लघुवित्त कार्यक्रम संचालन भइरहेको थाह पाउनुभयो। तत्पश्चात वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.को लघुवित्त कार्यक्रमले बिनाधितो सामुहिक जमानीमा ऋण प्रवाह गर्दै विपन्न वर्गका मानिसहरुको आयस्तर बृद्धि गर्न सहयोग गर्ने थाह पाएपछि उहाँ पनि संस्थाको रामघाट सेवाकेन्द्र अन्तरगत रहेको केन्द्र नं. ८४ को वसन्त वातावरण महिला केन्द्रमा २०७४ साल चैत्र २० गते आबद्ध हुनुभयो। संस्थामा आवद्ध भएपछि उहाँले शुरुमा रु.५०,०००।- ऋण लिएर व्यापारमा लगानी गर्नुभयो। व्यापार पनि भने झै फस्टाउदै गयो। व्यापार व्यवसायमा श्रीमानको पनि राम्रो साथ पाउनुभयो उहाँले। श्रीमानको साथ र वातावरण संस्थाको सहयोगले उहाँको व्यापार बृद्धि हुँदै गएपछि उहाँले संस्थाबाट पनि ऋण बृद्धि गर्दै जानुभयो र सोही व्यापारमा लगानी गर्नुभयो। जसबाट उहाँको व्यापार अझ राम्रोसँग चल्न थाल्यो। अहिले उहाँले संस्थाबाट रु.५,५०,०००।- ऋण लिएर सोही व्यवसायमा लगानी गर्नुभएको छ। व्यवसायबाट किस्ता तिर्न, बचत गर्न, घर खर्च चलाउन र छोराछोरीको पढाईलेखाई गर्न पनि सहज भएको उहाँले बताउनुभयो।


आफ्नो पसलमा ग्राहकसँग पूर्णिमा जि.सी.


अहिले उहाँ र उहाँको परिवारका सदस्यहरु आफ्नो व्यवसायबाट सन्तुष्ट हुनुहुन्छ। अहिले हरेक कुरामा पहिलेको भन्दा सहज भएको उहाँ बताउनुहुन्छ। हाल आएर आफ्नो जीबनशैली नै परिवर्तन भएको उहाँले बताउनुभयो। **कुनै समयमा केही गर्छु भन्ने इच्छा चाहना हुँदाहुँदै पनि पैसाको अभावमा केहि गर्न नसकेको र हाल यो अवस्थामा आउनुको कारण वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि., लघुवित्त कार्यक्रम नै रहेको उहाँ बताउनुहुन्छ।** निरन्तर धैर्यता, सहनशिलता, इमान्दारीता र कर्मशील भई निरन्तर लागेमा कुनै पनि कार्य असम्भव नरहेको आफ्नो भोगाइबाट सिकेको उहाँ बताउनुहुन्छ। **गाउँमा आफुलाई कसैले विश्वास नगरेको अवस्थामा वातावरण संस्थाले विश्वास गरी साथ र सहयोग गरेकोले संस्थाको यो गुन जीबनमा कहिल्यै बिर्सन नसकिने उहाको भनाई रहेको छ।**

*(**लेखन/संकलन :** सुशीला भण्डारी)*

# मेरो हिम्मतको सहयोगी बन्यो वातावरण

सल्यान जिल्लाको विकट क्षेत्र सिद्धकुमाख गाउँपालिका वडा नं. ९ जिमाली बडागाउँमा बुवा देवे विश्वकर्मा र आमा भुईली विश्वकर्माको कोखबाट वि.सं. २०२६ साल बैशाख २४ गते एक सामान्य परिवारमा जन्मिनुभएकी जयन्ती वि.क.को बाल्यकाल दुःखजिलो गर्दै बितेको थियो । औपचारिक शिक्षा लिन नपाउनुभएकी जयन्ती वि.क.को सोही गाउँमा बस्ने उमलाल कामीसँग २० वर्षको उमेरमै विवाह भएको थियो ।

विवाह पश्चात घर व्यवहारले च्यापेपछि उहाँ श्रीमानसँगको सल्लाह अनुसार केही व्यवसाय गर्नेगरी २०५९ सालमा परिवार सहित सल्यानकै देवस्थल ७ मा आउनुभयो । देवस्थलमा आएपछि उहाँले केही जग्गा भाडामा लिएर तरकारी खेती गर्नुभयो । तर सो व्यवसायबाट भनेजस्तो आम्दानी हुन सकेन । त्यसपछि श्रीमान श्रीमतीको सरसल्लाह अनुसार अर्को व्यवसाय शुरु गर्ने योजना बनाएपनि त्यसको लागि उहाँसँग लगानी गर्ने रकम थिएन । गाउँमा ऋण कारोवार गर्ने बैंक तथा अन्य वित्तीय सस्थाहरुसँग उहाँको भनेजस्तो पहुँच पनि थिएन उहाँसँग ऋण कारोवार गर्नको लागि भनेजस्तो जग्गा जमिन पनि थिएन ।


*व्यवसायिक बंगुर फर्ममा रेखदेख गर्दै जयन्ती वि.क.का श्रीमान*

यसै सिलसिलामा उहाँले गाउँमा लघुवित्त क्षेत्रमा सबैको मन जित्न सफल वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.ले ग्रामिण भेगका मानिसहरुका लागि बिनाधितो ऋण लगानी गर्ने कुरा थाहा पाएपछि संस्थामा आवद्ध हुने सोच गर्नुभयो । उहाँमा केही व्यवसाय गर्ने आँट पनि मरेको थिएन । त्यसपछि आफ्नो योजना अनुसार नै उहाँ २०७२ माघमा संस्थाको देवस्थल सेवाकेन्द्र अन्तर्गत आँपखोली वातावरण महिला केन्द्र, केन्द्र नं. ५९ मा आवद्ध हुनुभयो । संस्थाको लघुवित्त कार्यक्रममा आवद्ध भएपछि उहाँले बंगुर पालन व्यवसाय शुरु गर्ने सोच बनाउनु थयो । त्यसपछि उहाँले पहिलो पटक रु.२५,०००।- ऋण लिई एउटा बंगुरको पाठाबाट व्यवसाय शुरु गर्नुभयो । तत्पश्चात क्रमशः रु.५०,०००।-, रु.६०,०००।-, रु.१,००,०००।- र रु.२,००,०००।- हुँदै अहिले उहाँले रु.३,००,०००।- ऋण लिएर सोही बंगुर पालन व्यवसायमा लगानी गर्नुभएको छ । व्यवसायलाई व्यसायिक किसिमले संचालन गर्नुभएको छ । हाल उहाँको व्यवसायमा जम्मा ६७ वटा बंगुर छन् । अहिले फर्म दर्ता गरेर नै व्यवस्थित किसिमले व्यवसायलाई संचालनमा ल्याउनुभएको छ । यस व्यवसायबाट मात्र वार्षिक रुपमा रु.८ लाख देखि १० लाखसम्म शुद्ध मुनाफा हुने गरेको उहाँ बताउनुहुन्छ ।

लगनशील र मेहनत गरेपछि असम्भव भन्ने केहि नभएको उहाँको बुझाई रहेको छ । आफुले गरेको व्यवसायमा विश्वास भएमा व्यवसायबाट खुशी एवं सन्तुष्टी प्राप्त हुने उहाँ बताउनु हुन्छ । त्यसैले **उहाँ अन्य दिदीबहिनीहरुलाई पनि व्यवसायमा आवद्ध भई स्वावलम्बी बन्न उत्प्रेरित गर्नुहुन्छ ।** हिम्मत हार्नु हुँदैन सफल अवश्य भईन्छ, उहाँको भनाई रहेको छ । महिला भएर चुलो चौकोमा मात्र सिमित नभई स्वयम् केहि व्यवसाय गरेर पनि आफ्नो जीवनस्तर माथि उठाउन सकिन्छ भन्ने वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्थाले आफुलाई ठुलो सन्देश र हौसलाको रुपमा प्रदान गरेको उहाँको भनाई रहेको छ । आफ्नो जीवनमा ठुलो सहयोगी भई जीवनस्तर माथि उठाउन महत्वपूर्ण भूमिका निर्वाह गरेकोमा उहाँ सस्थालाई धन्यवाद दिनुहुन्छ । **वातावरणको साथ र आफ्नो आँट एवं लगनशीलताले व्यवसायमा सफल हुन कुनै गाह्रो नभएको उहाँले बताउनु भयो ।**

*(लेखन/संकलन : हरिकृष्ण वली)*





# मेरो सपना पुरा गर्न वातावरणको योगदान

देउरुपा भट्टराईको जन्म सल्यान जिल्लाको कालिमाटी गाँउपालिका वडा नं. ४ बस्ने बुवा खरबिर वली र आमा कौशिला वलीको कोखबाट वि.सं. २०४५ भदौ २५ गते जेठी छोरीको रुपमा भएको थियो । हाँसखेल गर्ने, रमाउने बाल्यकाल उहाँको त्यति सन्तोषजनक रहेन । किनकी निम्न वर्गीय परिवारको जेठी छोरी भएको कारण घरकै कामधन्दा, मेलापातमा बढी ब्यस्त हुनु पर्‍यो । उहाँले घरको कामधन्दा सँगसँगै माध्यामिक तहसम्मको शिक्षा भने हाँसिल गर्नुभयो । तर १८ वर्षको उमेरमै नजिकैको छिमेकि टोपबहादुर भट्टराईसँग लगनगाँठोमा बाँधिन पुगेपछि भने उहाँको थप पढ्ने धोको पुरा हुन सकेन ।

विवाह पश्चात उहाँलाई घर व्यवहारले सताउन थाल्यो । श्रीमान र आफ्नो दुबैजनाको कमाई नहुँदा परिवारको गरिबी तथा आर्थिक संकट दिनप्रतिदिन बढ्दै जान थाल्यो । बालबच्चाहरु हुर्कंदै जान थाले । दिनप्रतिदिन घर खर्च बढ्दै जान लाग्यो । मनमा अनेक थरिका कुराहरु खेल्न थाले । के गर्ने र कसो गर्ने भन्ने सोच्न थाल्नुभयो । त्यतिकैमा अब व्यापार गर्ने सोच बनाउनुभयो । जेनतेन सानो खुद्रा पसलको शुरुवात त गर्नुभयो तर त्यत्तिकैमा बालबच्चाको भविश्य बनाउन सकिने अवस्था देखिएन । व्यापार बढाउन आफुसँग पैसा थिएन । गाउँमा सापटी, ऋण खोजेर पनि पाइएन । पाइएपनि मासिक रुपमा चर्को ब्याज र साँवा एकमुष्ट भुक्तान गर्नुपर्ने अवस्था थियो । साँवा एकमुष्ट भुक्तान गर्न पनि सम्भव थिएन । तर यसै क्रममा गाउँघरमा चलनमा रहेको “त आँट म पुर्‍याउँछु” भन्ने उखान जस्तै भयो उहाँलाई । त्यही समयमा वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्थाले उहाँ गाउँघरमा पनि समुह बनाएर समुह मार्फत बिनाधितो केहि व्यवसाय गर्न चाहने महिला दिदीबहिनीहरुलाई किस्ता किस्तामा तिर्नेगरी ऋण पाइने खबर थाह पाउनुभयो । त्यसपछि उहाँले आफ्नै पहलमा गाउँमा समुह बनाएर पहिलो पटक रु.५०,०००।- ऋण लिएर सोही सानो व्यापारमा लगानी थप्नुभयो । व्यापारमा लगानी राम्रो भएपछि व्यापार पनि राम्रो नै हुन थाल्यो । व्यापार बढ्दै गएपछि उहाँले संस्थाबाट ऋण पनि बढाउँदै जानुभयो र व्यापार लाई विस्तार गर्दै जानुभयो । हाल उहाँले संस्थाबाट पछिल्लो पटक रु.५,००,०००।- ऋण लिएर खुद्रा पसल सँगसँगै कपडा पसल समेत संचालनमा ल्याउनुभएको छ । श्रीमान र आफु दुबैजना व्यापारमा व्यस्त हुनुहुन्छ । आम्दानी पनि राम्रै हुन थालेको छ ।


*आफ्नो कपडा पसलमा देउरुपा भट्टराई*

**श्रीमानको साथ र वातावरण संस्थाको सहयोगबाट लगानीको साथसाथै व्यापार पनि बढाउदै जाँदा अहिले उहाँले दुईवटा गाडि खरिद गरी दुईजनालाई रोजगार समेत दिनुभएको छ । देउरुपा भन्नुहुन्छ, संस्थाबाट भनेको समयमा निरन्तर ऋण पाउँदा र आफुले सोचेअनुसारको व्यवसाय गर्न पाउँदा अहिले जीवनका सबै सपना पुरा भएका छन् ।** वातावरणले आफ्नो सफल व्यवसायी बन्ने सपना पुरा गरिदिएकोमा निकै खुशी लागेको बनाउने उहाँ आफ्नो सफलतामा वातावरण संस्थाको महत्वपूर्ण योगदान रहेको उहाँ निर्धक्क भन्नुहुन्छ । **उहाँ व्यवसाय गर्न चाहने दिदीबहिनीहरुलाई वातावरण संस्थाको सदस्य बन्न समेत सल्लाह दिनहुन्छ ।**

*(लेखन/संकलन : जगतबहादुर थापा)*

# संघर्ष र वातावरणको साथले सफल उद्यमी

दैलेख जिल्लाको भैरवी गाउँपालिका वडा नं. १ बस्ने बुवा तिलकबहादुर शाही र आमा बासमती शाहीको कोखबाट पहिलो सन्तानको रुपमा वि.सं. २०३८ साल फागुन १४ गते चन्द्रादेवी शाहीको जन्म भएको थियो । सामान्य परिवारमा जन्मनुभएकी चन्द्रादेवी शाहीको बाल्यकाल दु:खमा नै बित्यो । परिवारको जेठी छोरी भएकाले उहाँले जीवनमा धेरै कठिनाई र जिम्मेवारी भोग्नु पऱ्यो । गाउँघरमा घाँसदाउरा, मेलापात गर्दै प्राथमिक तहसम्मको शिक्षासम्म अध्ययन गर्ने अवसर पाउनु भयो । समय क्रमसँगै उमेर बढ्दै गयो र उहाँको विवाह भैरवी गाउँपालिका वडा नं. ४ बस्ने जगतबहादुर शाहीसँग भयो । सोसँगै नयाँ घरको थप जिम्मेवारी पनि बहन गर्नुपऱ्यो । घरकी पनि जेठी बुहारी भएकाले घरको सम्पूर्ण जिम्मेवारी उहाँको काँधमा थपियो ।



*आफ्नो किराना पसलमा चन्द्रादेवी शाही*

घरको आर्थिक अवस्था पनि राम्रो थिएन । त्यसमाथि ५ वटा छोराछोरीको जिम्मेवारी र खर्च पनि उहाँमा थपियो । उहाँलाई घर व्यवहार चलाउन निकै कठिन हुन थाल्यो । पारिवारिक आम्दानीको बलियो स्रोत नभएपछि उहाँले घर व्यवहार चलाउनको लागि व्यापार गर्ने भनी पारिवारिक सरसल्लाह गरी खुद्रा व्यापार चलाउने निधो गर्नुभयो । लगानी गर्ने रकम नभएका कारण सानो खुद्रा पसल संचालनमा ल्याउनु भयो । लगानी नहुँदा व्यापार खास्सै राम्रो चल्दैन थियो । त्यही समयमा उहाँको गाउँघरमा वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्थाको लघुवित्त कार्यक्रम पुग्यो । लघुवित्त कार्यक्रमले दिदी बहिनीहरुलाई समूह बनाई बिनाधितो ऋण कारोवारो गर्ने गरेको थाहा पाउनु भयो । त्यसपछि उहाँलाई पनि संस्थामा बसेर कारोवारो गर्ने इच्छा जाग्यो । पारिवारिक सल्लाह अनुसार उहाँ २०७३ साल मंसिरमा वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्थाको दुल्लु सेवाकेन्द्र अन्तर्गत केन्द्र नं. ४९, भैरवी वातावरण महिला केन्द्रमा आवद्ध हुनुभयो । संस्थामा आवद्ध भएपछि उहाँले पहिलो पटक रु.५०,००० ऋण लिएर खुद्रा पसलमा लगानी थप गर्नुको भने २ वटा बाखा किनेर बाखा पालन व्यसाय पनि शुरु गर्नुभयो । त्यसपछि उहाँको व्यापार पनि बृद्धि हुँदै गयो । उहाँले आवश्यकता अनुसार संस्थाबाट ऋण कारोबार पनि बृद्धि गर्दै जानुभयो । उहाँले क्रमश: रु.७,५०००, रु.१,५०,०००, रु.३,००,००० हुँदै पछिल्लो पटक रु.४,००,००० ऋण लिएर सोही व्यवसायलाई स्तरोन्नतिसँगै २०७८ साल चैत्रदेखि सरस्वती एग्रो फर्म पनि दर्ता गरेर संचालनमा ल्याउनुभएको छ ।

दुईवटा बाखाबाट शुरु गरेको उहाँको फर्ममा अहिले २७ वटा खसीबाखा र एउटा भैंसी समेत छ । अहिले उहाँले व्यापार र बाखा फर्मलाई बिस्तार गरी विभिन्न जातका उन्नत बाखा पालन समेत गर्नुभएको छ । उहाँले व्यापार र बाखापालन व्यवसायबाट अहिले मासिक रुपमा रु.४० हजारभन्दा बढी शुद्ध आम्दानी हुने गरेको बताउनुभयो । परिवार सोही पेशामा सन्तुष्ट रहेको देखिन्छ । छोराछोरी उच्च शिक्षामा अध्ययनरत छन् । छोराछोरीको अध्ययन तथा घर व्यवहार चलाउन अहिले समस्या नभएको उहाँ बताउनुहुन्छ । **आफ्नो संघर्षका साथै संस्थाले चाहिएको समयमा आवश्यकता अनुसार आर्थिक ऋण सहयोग गरेकाले आफू एक कुशल र सफल उद्यमी बनेको उहाँको भनाई रहेको छ । ग्रामीण भेगका अन्य दिदीबहिनीहरुलाई संस्थाले दिएको स-सानो ऋणबाट उत्पादनमुखी व्यवसाय गरेर उद्यमी बनी स्वयम् आफू मात्र नभएर समाज नै परिवर्तन गर्न लाग्नुपर्ने उहाँको सुझाव रहेको छ ।** आफ्नो सफलतामा वातावरण संस्थाको ठूलो योगदान रहेको बताउने उहाँ अहिले निकै खुशी र सन्तुष्ट हुनुहुन्छ ।

*(**लेखन/संकलन :** गणेश रोकाया)*






# विपन्न वर्गको भरपर्दो साथी वातावरण

खजुरा खड्काको जन्म दैलेख जिल्लाको चामुण्डा विन्द्रासैनी नगरपालिका वडा नं. ९ बस्ने बुवा प्रभा थापा र आमा रुपकला थापाको कोखबाट २०३१ साल चैत्र १२ गते भएको थियो । उहाँको बाल्यकाल घरमा घाँस दाउरासँगै सामान्य पढाईलेखाई गर्दैमा बित्यो । उहाँको २०४९ सालमा चामुण्डा विन्द्रासैनी नगरपालिका वडा नं. ९ निबासी नगेन्द्रबहादुर खड्कासँग १८ वर्षको उमेरमा मागी  विवाह भयो । सानै उमेरमा विवाह गरेकाले उहाँलाई घरको जिम्मेवारिले सताउन थाल्यो । घर व्यवहार, चुलोचौको हुँदै उहाँलाई बच्चाको जिम्मेवारी पनि थपियो । उहाँको परिवारको आर्थिक अवस्था कमजोर भएकाले सामान्य घर व्यवहार चलाउन तथा छोराछोरीको शिक्षादिक्षामा समस्या पर्न थाल्यो । समस्या सामाधान गर्न केहि व्यवसाय गर्ने सोच गर्दा पनि आर्थिक अभावका कारणले सफल हुन सक्नुभएन । साहुहरुकोमा जाँदा पनि साहुहरुले उहाँलाई ऋण दिन पत्याएनन् ।

समस्याहरुलाई कसरी व्यवस्थापन गर्ने होला भनेर सोच्दै जाँदा **के खोज्छस् कानो आँखा भने झैं** बिनाधितो ऋण प्रवाह गर्ने वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.को लघुवित्त कार्यक्रमको बारेमा थाहा पाउनुभयो । कार्यक्रमको बारेमा राम्रोसँग बुझेपछि उहाँले आफ्नै पहलमा संस्थाको चामुण्डा विन्द्रासैनी सेवाकेन्द्र अन्तर्गत शहिदगेट वातावरण महिला केन्द्र, केन्द्र नं. १० गठन गरी २०७५ सालमा आफुसँगै अन्य दिदीबहिनीहरुलाई पनि आबद्ध गराउनुभयो । कार्यक्रममा आबद्ध भएपछि शुरुमा १ महिनामा केन्द्र बैठक बस्ने हुँदा बचत तथा ऋण कारोबार गर्दा कस्तो होला ? किस्ता तिर्न नसक्ने हो कि भन्ने चिन्ताले सताएको थियो । तर उहाँमा आफुले व्यवसाय गरेमा पक्कैपनि किस्ता तिर्न सकिन्छ भन्ने आत्मबल थियो । सोही अनुसार उहाँले पहिलो पटक रु.५०,००० लगेर बाखापालन र तरकारी खेती व्यवसाय शुरु गर्नुभयो । नभन्दै उहाँले सोचेजस्तै बाखापालन तरकारी खेती व्यवसायबाट राम्रो आम्दानी भयो र किस्ता तिर्न पनि सजिलो भयो ।



*आफ्नो किराना पसलमा खजुरा खड्का*

व्यवसाय राम्रो भएपछि उहाँले दिनप्रतिदिन प्रगति गर्दै जानुभयो । उहाँको आत्मबल समेत बृद्धि हुँदै गयो । उहाँले संस्थाबाट व्यवसाय गर्ने भनेर पटक पटक गरेर क्रमश: रु.५०,०००, रु.१,००,०००, रु.२,००००० हुँदै हाल रु.३,००,००० ऋण कारोबार गर्नुभएको छ । संस्थाबाट ऋण लगेर उहाँले बाखापालन, भैंसीपालन, तरकारी खेती सँगै खुद्रा पसल पनि संचालनमा ल्याउनु भएको छ । अहिले श्रीमान पनि सोही व्यवसायमा संलग्न हुनुहुन्छ । घरका सबै सदस्य स्वरोजगार बन्नुभएको छ । आफ्नो व्यवसायबाट अहिले मासिक रु.१,००,००० सम्म आम्दानी हुने गरेको उहाँले बताउनुभयो ।

लगनशील, ईमान्दार र निरन्तरतासँगै कसैको भरपर्दो साथ पाएमा जीबनमा सफल हुन कुनै कठीनाई नपर्ने उहाँ बताउनुहुन्छ । किनकि उहाँसँग लगनशीलता, ईमान्दारीता र निरन्तरता दिने क्षमता र आँट थियो तर व्यवसाय शुरु गर्ने रकम र भरपर्दो साथ दिने कोहि थियन । यस्तो अवस्थामा वातावरण संस्थाले बलियो आर्थिक साथ दिएको उहाँको भनाई छ । आफ्नो पछिल्लो सफलतामा संस्थाको प्रत्यक्ष रुपमा योगदान रहेको बताउने खजुराले केही गर्ने सोच भएका दिदीबहिनीहरुलाई वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था सँधै भरपर्दो साथी हुने भन्ने गर्नुभएको छ । **आफ्नो अहिलेको सफलतामा वातावरणको योगदान रहेको बताउँदै उहाँले वातावरणको साथले आफ्नो जीवनबाट विपन्नता हटेको गर्वका साथ भन्नुभयो ।**

*(**लेखन/संकलन :** तिलक राना)*

# विद्युतीय चुलो (इन्डक्सन चुलो)



## १. पृष्ठभूमि:

परम्परागत ऊर्जा जस्तै दाउरा, गुईठा, कृषि अवशेष आदिको प्रयोगले वन विनास तथा धुँवाले गर्दा प्रदुषण भई मानव स्वास्थ्य र वातावरणमा प्रतिकुल असर परेको छ । हालको अवस्थामा नेपालको करिब ६० प्रतिशत भन्दा बढि जनसंख्या दैनिक खाना पकाउनका लागि परम्परागत ठोस जैविक इन्धनमा निर्भर छन् । परम्परागत इन्धन बाल्दा राम्ररी नबल्ने हुनाले यसबाट निस्कने अत्याधिक धुवाँसँगै असंख्य विषाक्त कणहरु र धुँऐ हानिकारक रसायनहरु निस्कन्छन् जस्ले गर्दा भान्छा कोठा भित्र बस्ने सबै व्यक्तिहरु त्यसको जोखिममा पर्नसक्छन् । फलस्वरुप श्वास प्रश्वास, मुटु, छाती तथा फोक्सो सम्बन्धी रोगहरु लाग्ने सम्भावना पनि बढ्छन् । विश्व स्वास्थ्य संगठनको एक अध्ययन अनुसार नेपालमा धुवाँजन्य रोगहरुको कारणले गर्दा बर्षेनी करिब २२,८०० मानिसहरुको मृत्यु हुनेतथ्याङ्ग रहेकोछ । यसबाहेक, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयद्वारा जारी श्वेतपत्र २०७५ बमोजिम देशलाई विद्युतमा आत्मनिर्भर बनाउन, देशभित्र खपत हुने ऊर्जाका अन्य स्रोतहरुलाई विद्युतीय ऊर्जाले विस्थापित गरी ब्यापार घाटा कम गर्नर सबैलाई दिगो, भरपर्दो, सर्वसुलभ, गुणस्तरीय र स्वच्छ ऊर्जा उपलब्ध गराउन 'हरेक बस्ती ऊर्जा बस्ती' र 'घर घरमा विद्युतीय चुल्हो' को अवधारणामा जोड दिइएको छ । तसर्थ भान्सामा खाना पकाउन स्वच्छ ऊर्जाका लागिविद्युतीय चुलोको प्रयोग गर्नु एकउपयुक्त विकल्प हो । यसै सन्दर्भमा बेलायत सरकारको आर्थिक सहयोगमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रद्वारा संचालितनेपाल नवीकरणीय ऊर्जा कार्यक्रम मार्फत यो प्रविधि प्रवर्द्धन गर्ने उद्देश्य रहेको छ ।

## २. नेपाल नवीकरणीय ऊर्जा कार्यक्रमको परिचय:

बेलायत सरकारको आर्थिक सहयोगमा नेपाल सरकार वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रद्वारा संचालित नेपाल नवीकरणीय ऊर्जा कार्यक्रम वि.सं.२०७५ माघमा सुरु भई वि.सं. २०८० को असार मसान्त सम्म सञ्चालनमा रहेको छ र यस कार्यक्रम अन्तर्गत मधेश प्रदेश, लुम्बिनी प्रदेश र कर्णाली प्रदेशमा नवीकरणीय ऊर्जासम्बन्धी विभिन्न क्रियाकलापहरू कार्यान्वयन गरिनेछ । यस कार्यक्रमलेसरकारी तथा नीजि क्षेत्रलाई न्यून कार्बन उत्सर्जनसम्बन्धी परियोजनाहरूमा लगानी वृद्धि गर्न अभिप्रेरित गर्नेछ । कम्तिमा ९५,००० घरधुरीहरुमा विद्युतीय चुलोजस्ता अन्यस्वच्छ ऊर्जा प्रविधिहरुको पहुँच पुऱ्याउने यस कार्यक्रमको लक्ष्य रहेको छ ।

## ३. वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्थाको संक्षिप्त परिचय

सहकारी व्यवसायमुखी स्वस्थ, सुन्दर, स्वावलम्बी एवं सहयोगी सहकारी समाज निमार्ण गर्ने मुख्य परिकल्पनाका साथ वि.सं. वि.सं. २०५९ चैत्र २ गते स्थापना भएको यस वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (EDCOL) अहिले ३० हजारभन्दा बढी सदस्यहरुको साझाघरको रुपमा स्थापित भएको छ । सुर्खेत, दैलेख, जाजरकोट र सल्यान गरी ४ वटा जिल्ला कार्यक्षेत्र भएको यस संस्था निरन्तर रुपमा सदस्यहरुको चाहना अनुसारका सेवाहरु उत्पादन गर्दै समुदायका बिचमा पस्कदै समुदायको मन जित्दै परिस्कृत, परिपक्व र सफल संस्थाको रुपमा परिचित हुँदै आएको छ । "कृषि, शिक्षा, स्वास्थ्य र रोजगार, EDCOL सेवाका मूल आधार ।"

## ४. इन्डक्सनचुलो भनेको के हो ?




इन्डक्सन चुलो भनेकोविद्युतबाट चल्ने आधुनिक चुलो हो । जसले अन्य विद्युतीय उपकरण भन्दा कम समय र कम बिजुलीको खपतमा खाना पकाउन मद्दत पुऱ्याउँछ । यो चुलोमा विद्युतीय चुम्बकको प्रयोग हुने हुनाले यसले भाँडालाई छिटो तताउँछ । इन्डक्सन एउटा वैज्ञानिक प्रक्रिया हो, जुन भौतिकशास्त्रको प्रसिद्ध नियम इलेक्ट्रोम्याग्नेटिजममा आधारित छ ।यो एक किसिमको भौतिक प्रक्रिया हो जसमा विद्युत्बाट चुम्बक र चुम्बकबाट विद्युत उत्पादन हुन्छ । त्यसलाई ईलेक्ट्रोम्याग्नेटिक इन्डक्सन भनिन्छ ।यसरी उत्पन्न हुने चुम्वकीय क्षेत्रले चुलो माथि राखिएको भाँडोमा विद्युत प्रवाह गर्छ जसलाई एडी करेन्ट भनिन्छ ।भाँडोको धातुले यस एडी करेन्टलाई आफू भित्र प्रवाह हुन नदिन रोकिदिन्छ । यसले गर्दा ताप पैदा हुन्छ र यही तापले भाँडाको पिँध तातो भई त्यसभित्र राखिएको पानी वा अन्य खाद्य सामाग्रीहरु तातेर खाना पाक्छ । यसरी भाँडोको पिँध मात्रै तात्छ, चुलो तात्दैन । यो अनौठो प्रक्रिया आधुनिक युगमा खाना पकाउने अति लोकप्रिय प्रविधि हुन गएको छ ।

## ५. इन्डक्सनचुलोको फाईदा तथा विशेषताहरू

१. इन्धनको रुपमा स्वच्छ ऊर्जा (बिजुली) को प्रयोग हुने हुदाँ धुवाँजन्य प्रदुषण मुक्त र प्रयोग गर्न सजिलो हुन्छ ।
२. दाउरा अथवा अन्य इन्धन प्रयोग नहुने हुदाँ कार्यबोझ कम हुन्छ
३. अन्य खाना पकाउने चुलोको तुलनामा यस चुलोमा लगभग आधा समयमा अर्थात छिटो खाना पाक्छ ।
४. यस चुलोले कुनै पनि रुपमा आगो उत्पन्न गर्दैन । तसर्थ पड्किने वा आगो लाग्ने डर हुदैन ।
५. यस चुलोमा इन्डक्सन बेस् भएको भाँडाको प्रयोग गरेर लगभग सबै किसिमको खानाको परिकार पकाउन सकिन्छ ।
६. चुलोको वजन लगभग १.५-२ किलोग्राम सम्म मात्रै हुने हुदाँ कुनै पनि ठाउँमा जहाँ विद्युतको प्लग हुन्छ, त्यस ठाँउमा सजिलै सार्नमिल्छ ।
७. चुलोको माथिल्लो भाग एउटा ग्लासको प्लेटको रहेको हुनाले कुनै सफा कपडाले पुछेर सजिलै सफा गर्न सकिन्छ ।
८. यसमाभाडा नराखेको अवस्थामा केहि समय पछि आफै बन्द हुन्छ ।
९. यसमा लाग्ने इन्धन खर्च ग्यास भन्दा करिब ४० प्रतिशत सम्म कम हुन सक्छ ।
१०. अन्य चुलोमा जस्तो यसमा भेन्टिलेसनको आवश्यकता पर्दैन।

## ६. इन्डक्सन चुलोप्रयोग गर्दा ध्यान दिनु पर्ने कुराहरू

१. इन्डक्सन चुलो प्रयोग गर्न भान्सामा छुट्टै पावर सकेटको व्यवस्था गर्नुपर्दछ र मुख्य लाइनमा मात्रै चलाउनु पर्छ ।
२. इन्डक्सन चुलोसँग मिल्ने इन्डक्सन बेस् भएको भाँडा मात्र प्रयोग गर्नुपर्छ ।
३. यो चुलो प्रयोग गर्ने समयमा अन्य बढी विद्युत खपत गर्ने उपकरण प्रयोग गर्नु हुँदैन र एउटै पावर सकेटमा चुलो सहित अन्य उपकरणहरु एकै समयमा चलाउनु हुदैन ।
४. बिजुलीको पावर वा भोल्टेज कम वा बढी हुँदा इन्डक्सन चुलो चलाउनु हुँदैन ।
५. चिसो वा भिजेको हातले इन्डक्सन चुलोको स्वीच अन/अफ गर्नुहुँदैन ।
६. खाना पकाई रहेको समयमा चुलोलाई एक ठाउँबाट अर्को ठाउँमा सार्नु हुँदैन ।
७. यो चुलोको प्रयोग चिसो ठाउँमा र आगोको नजिक गर्नु हुँदैन ।
८. बच्चाहरुले सजिलै छुन नसक्ने ठाउँमा यो चुलो राख्नु पर्छ ।
९. इन्डक्सन चुलोमा प्रयोग हुने भाडाको पिंधमा चिसो हुनु हुँदैन ।
१०. चुलोको माथि चुम्बकीय वस्तु जस्तै चक्कु, चम्चा, काँटा राख्नु हुँदैन ।
११. चुलोमा खाली भाँडा राखेर अत्याधिक तताउनु हुँदैन ।
१२. चुलोको पंखाभित्र साङ्ला पस्न तथा फोहर जम्न दिनु हुँदैन ।

## ७. इन्डक्सनचुलोको मर्मत संभार

इन्डक्सन चुलोमाकम्तिमा १ बर्षको वारेन्टी(प्रतिस्थापन सहित) उत्पादक कम्पनीद्वारास्थानीय एजेंटले उपलब्ध गराउने छन् र त्यसपछि चुलो बिगिन गएमा सःशुल्क मर्मत संभारका साथै विद्युतीय सामाग्री मर्मत गर्ने सेवा प्रदायकलेस्थानीय एजेंट मार्फतउपलब्ध गराउने छन् ।

## ८. इन्डक्सन चुलोको गुणस्तर तथा मापदण्ड

इन्डक्सन चुलोको गुणस्तर तथा मापदण्ड नेपाल नापतौल तथा गुणस्तर विभागद्वारा स्वीकृत विद्युतीय चुलोको गुणस्तर (मापदण्ड) मा उल्लेखित IEC 60335-1 /NS 564 को प्राविधिक विशिष्टता बमोजिमहुनुपर्छ ।

## ९. इन्डक्सनचुलो कहाँ किन्न पाईन्छ?

इन्डक्सन चुलो यस संस्थाको निम्न अनुसारका सेवाकेन्द्र कार्यालय तथा संस्थाले समन्वय गरेकानजिकका अन्यविद्युतीय सामाग्री सप्लायर्स पसलबाट किन्न सकिन्छ ।

| क्र.सं. | सेवाकेन्द्रको नाम | सम्पर्क नम्बर |
|---|---|---|
| १ | वीरेन्द्रनगर सेवाकेन्द्र, सुर्खेत | ०८३-५२३७५९, ९८०२५१४७०१ |
| २ | मेहेलकुना सेवाकेन्द्र, सुर्खेत | ०८३-४१००२२, ९८०२५१४७०२ |
| ३ | बड्डीचौर सेवाकेन्द्र, सुर्खेत | ९८०२५१४७०३ |
| ४ | राकम सेवाकेन्द्र, सुर्खेत | ९८०२५१४७०४ |
| ५ | बाबियाचौर सेवाकेन्द्र, सुर्खेत | ०८३-४१६०२४, ९८०२५१४७०५ |
| ६ | धरमपोखरा सेवाकेन्द्र, दैलेख | ९८४८२३०३४५, ९८०२५१४७०६ |
| ७ | डुंगेश्वर सेवाकेन्द्र, दैलेख | ९८०२५१४७०७ |
| ८ | यरिचोक सेवाकेन्द्र, सुर्खेत | ०८३-५२४५३४, ९८०२५१४७०८ |
| ९ | रामघाट सेवाकेन्द्र, सुर्खेत | ९८०२५१४७०९ |
| १० | देवस्थल सेवाकेन्द्र, सल्यान | ०८८-४११०१७, ९८०२५१४७१० |
| ११ | रामपुर सेवाकेन्द्र, सल्यान | ९८४८१६८६५८, ९८०१३६९९४३ |
| १२ | दुल्लु सेवाकेन्द्र, दैलेख | ०८९-४११०५५, ९८०१३६९९४४ |
| १३ | चामुण्डा सेवाकेन्द्र, दैलेख | ९८०२५३६२४७ |
| १४ | चुलो मर्मतका लागि शेखर कँडेल, क्रिस्टल डिजिटल मल्टी सिस्टम | ९८५८०५३११५ |

थप जानकारीको लागी सम्पर्क ठेगाना :


वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (EDCOL)
वीरेन्द्रनगर-८, वातावरण मार्ग, सुर्खेत
सम्पर्क नं.: ०८३-५२३४२८/५२४९७७
ईमेल : edcolmicrofinance@gmail.com, वेबसाइट : www.edcolsurkhet.com

शुद्ध दुग्धजन्य पदार्थ खाऔं, स्वस्थ बनौं




सदस्य, उपभोक्ता तथा कृषकको माग बमोजिम यस वातावरण सुधार बहुद्देश्यीय सहकारी संस्था लि.ले वातावरण दुग्धशाला संचालनमा ल्याएको वातावरण दुग्धशालाबाट उत्पादित दुध, दही, घ्यु, पनिर, खुवा, छुप्री र क्रिम उपभोग गर्नुहुन अनुरोध छ ।

"हाम्रो प्रतिवद्धता, दुग्ध पदार्थमा शुद्धता"


**वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.**

**वातावरण दुग्धशाला**

**वीरेन्द्रनगर ८, वातावरण भवन, सुर्खेत**

सम्पर्क नं.: ०८३-५२३०९३, मोवाईल नं.: ९८०१३६९९४२





## सबै रेमिटान्स सेवाहरू अब वातावरणबाट

**सदस्यहरूको सेवा सुविधालाई मध्यनजर गर्दै यस संस्थाका सुर्खेत, दैलेख र सल्यान जिल्लामा रहेका सबै सेवाकेन्द्रहरूबाट आई.एम.ई. लगायतका सबै रेमिटान्स कम्पनीहरूको एजेन्सी लिई सहज तथा प्रभावकारी किसिमले रेमिटान्स सेवा शुरू भएको ब्यहोरा सबैमा जानकारी गराईन्छ ।**

### संस्थाले प्रदान गर्ने रेमिटान्स सेवाहरू :

- आई.एम.ई.
- सिटी एक्सप्रेस रेमिट
- रिलायवल रेमिट
- हिमाल रेमिट
- प्रभु मनि ट्रान्सफर
- मुक्तिनाथ रेमिट
- वुम रेमिट
- आईपे रेमिट


## टिप्पणीका लागि

......................................................................................................................................................................................

......................................................................................................................................................................................

......................................................................................................................................................................................